# लूकाले लेखेको सुसमाचार

### येशूको जीवन बारेमा लूका लेख्छन्

१ प्रिय थियोफिलस, किनभने धेरै मानिसहरूले हाम्रा
बीचमा घटेका घटनाहरूको विषयमा इतिहास लेख्ने
चेष्टा गरेका छन्। २तिनीहरूले ती कुराहरू नै लेखेका
छन् जुन कुराहरू शुरूदेखि नै हामीलाई ती मानिसहरू
जो साक्षीहरू र परमेश्वरका संदेशको सेवकहरूले
बताँउदै आएका छन्। ३हे माननीय, म आफैले शुरू
देखि नै होशियार साथ सबै कुराहरूको अध्ययन गरेको
छु। त्यसैले, मैले सोँचे मैले पनि तिमीहरूका लागि
क्रमानुसार यी कुराहरू लेख्नै पर्छ। यसैले, मैले यी
कुराहरू एउटा पुस्तकमा समावेश गरेको छु। ४तिमीहरूलाई
बुझाउनुको लागि जुन तिमीहरूले सिकेका छौ त्यही
कुराहरू नै सत्य हो भन्न, मैले यी कुराहरू लेखेको
छु।

### जकरिया अनि इलीशिबा

५यहूदामा हेरोदको शासन कालमा जकरिया नाउँ
गरेको एकजना पूजाहारी थिए। जकरिया अबिया पूजाहारी
दलका थिए। जकरियाकी पत्नी हारून परिवारको थिईन।
तिनको नाउँ इलीशिबा थियो। ६ती दुवै जकरिया र
इलीशिबा परमात्मा समक्ष असल व्यक्ति थिए। जहाँ
सम्म प्रभुको जम्मै आज्ञा र नियमहरूको सम्बन्ध छ
तिनीहरू निष्कलंक थिए। ७तर जकरिया र इलीशिबा
नि:सन्तान थिए। इलीशिबा गर्भवती हुन सकिन; अनि
तिनीहरू दुवै वृद्ध भइसकेका थिए।

८जब उनको दलको सेवा गर्ने पालो थियो जकरियाले
परमेश्वर अघि मानिसहरूको सेवा पूजाहारी भएर गरे।
यस्तै उसको दलको सेवा गर्ने समय थियो। ९पूजाहारीहरूले
सँधै एकजना पूजाहारीलाई धूप दिने गर्दथे। जकरिया
यस्तै काम गर्नलाई छानिएको थियो। यसकारण उसले
प्रभुको मन्दिरमा धूप जलाउनु पर्थ्यो। १०त्यहाँ जम्मै
मानिसहरू बाहिर एकत्रित भएका थिए। धूप दिइएकै
बेला तिनीहरू प्रार्थना गर्नमा तल्लीन थिए। ११त्यसपछि
धूप जलिरहेको दाहिनेपट्टि परमप्रभुको एक स्वर्गदूत
जकरियाको अघिपट्टि उभिएको थियो। १२जब उसले
स्वर्गदूतलाई देख्यो, जकरिया भ्रममा पर्‍यो अनि त्यो
डरले आत्तियो। १३त्यो दूतले त्यसलाई भनी, “जकरिया,
नडराऊ। तिम्रो प्रार्थनालाई परमेश्वरले सुनिदिनु भएकोछ।
तिम्री पत्नी इलीशिबाले एउटा शिशु जन्म दिनेछे। उसको
नाउँ तिमीले यूहन्ना राखिदिनू। १४उसले तिमीहरूमा
आनन्द र खुशीयाली ल्याउनेछ। उसको जन्मले धेरै-धेरै
मानिसहरूमा सुख ल्याउनेछ। १५प्रभुको सामुन्ने यूहन्ना
एकजना महान व्यक्ति बनिनेछ। उसले दाखरस अथवा
मदिरा कदापि लिने छैन। तिनको जन्मबाट नै तिनी
पवित्र आत्माले* भरिएको हुनेछन्। ।१६तिनी धेरै
यहूदीहरूलाई तिनीहरूको परमेश्वर प्रभुतिर खिचिने माध्यम
हुनेछन्। १७आफै तिनी अग्रदूत झैं परमप्रभुको अघि
अघि जानेछन्। एलिया जस्तै तिनी पनि शक्ति-सम्पन्न
व्यक्ति बन्नेछन्। एलियामा भएकै आत्मा उसमा पनि
हुनेछ। बाबुहरू र छोरोछोरीहरू माझ उनैले नै शान्ति
बनाई राख्नेछन्। तिनीहरू जसले परमेश्वरको आज्ञा
पालन गर्दैनन् त्यस्ताहरूलाई धार्मिक व्यक्तिहरूले जस्तै
सोँच्ने बनाउने छन्। परमप्रभुको आगमनका निम्ति
मानिसहरूलाई उसले नै तयारी पार्नेछन्।”

१८जकरियाले स्वर्गदूतलाई भने, “यो कुरा साँचो हो
भनेर म कसरी निश्चित हुनु? म एउटा बुढ़ो मानिस हुँ,
अनि मेरी स्वास्नी पनि बुढ़ी नै छिन्?”

१९त्यो दूतले जवाफ दिए, “म गब्रिएल हुँ। म
परमेश्वरको अघि खड़ा रहन्छु। परमेश्वरले नै मलाई
तिमीसित कुरा गर्न र यिनै खुशीको सुसमाचार दिन
पठाउनु भएको हो। २०अब सुन! यी कुराहरू पुरा

---

**पवित्र आत्मा** परमेश्वरको आत्मा, येशूको आत्मा अनि आरामदायक पनि भनिन्छ। परमेश्वरले औ ख्रीष्टसित मिलेर संसारमा मानिसहरू माझ उनले परमेश्वरको काम गर्छन्।

नहुञ्जेल सम्म तिमी हुनेछौ र बोल्नसक्नेछैनौ। किन?
किनभने मैले भनेको कुराहरू जो आफ्नो समयमा सत्य
हुनेछ तिमीले विश्वास गरेका छैनौं।"

२१बाहिरपट्टि, मानिसहरूले जकरियालाई पर्खिरहेका
थिए। मन्दिरमा यति लामो समय सम्म बसेको देखेर
तिनीहरू छक्क परिरहेका थिए। २२त्यसपछि जकरिया
बाहिर आए, तर उनी बोल्न नसक्ने भएका थिए। उनी
ती मानिसहरूका अघि देखा मात्र पर्न सक्थे। तब
तिनीहरूले उसले मन्दिरभित्र केही दर्शन पाएको चाल
पाए। उसले तिनीहरूसित इशारा मात्र गरिरहे अनि लाटा
भैं बसिरहे। २३जब जकरियाको सेवाको दिन पूरा भयो,
उ आफ्नो घरतिर लाग्यो।

२४केही समय पछि जकरियाको स्वास्नी इलीशिबा
गर्भवती भईन। अनि पाँच महीनासम्म उनी घरदेखि
बाहिर निस्किनन्। इलीशिबाले भनिन, २५"हेर, मलाई
परमप्रभुले के गर्नु भएको छ! उहाँले मेरो एउटा नानी
जन्मियोस भनी निर्णय लिनु भयो। परमप्रभुले ममाथि
यति दया गर्नु भयो कि अब उसो मानिसहरूको
सामुन्नेबाट मलाई लाजमुक्त पार्नु भयो।"

## कन्या मरियम

२६-२७इलीशिबाको छैटौं महीनामा, गालीलको एउटा
शहर नासरतमा बस्ने एउटा दूत गब्रिएलसँग परमेश्वरले
एउटी कन्याकहाँ पठाइदिनु भयो। तिनी दाऊदको परिवारको
एक यूसुफ नाउँ गरेको व्यक्तिसँग मगनी भएकी थिइन।
त्यो कन्याको नाउँ मरियम थियो। २८त्यो दूत मरियम
कहाँ गए अनि भने, "शुभकमना छ। परमप्रभु तिमीसितै
हुनुहुन्छ। तिमी उहाँको खुबै प्रिय छौ।"

२९तर त्यो स्वर्गदूतले भनेका यी कुराहरूमा मरियम
खुबै विचलित भईन। मरियम छक्क परीन र भनिन, "यो
अभिनन्दनको अर्थ के हो?"

३०त्यो दूतले उसलाई भने, "डराउनु पर्दैन मरियम,
किनभने परमेश्वर तिमीसित अत्यन्त खुशी हुनुहुन्छ।
३१सुन! तिमी गर्भवती हुनेछौ अनि तिमीले एउटा छोरो
जन्माउनेछौ। अनि उसको नाउँ तिमीले येशू राख्नू।
३२उहाँ महान हुनुहुनेछ। मानिसहरूले उहाँलाई परम
परमेश्वरका पुत्र कहलाउनेछन्। परमप्रभु परमेश्वरले
उहाँलाई उहाँको पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ।
३३उहाँले याकूबका मानिसहरूमाथि सँधैका लागि शासन
गर्नुहुनेछ। येशूको राज्यको अन्त कहिल्यै हुनेछैन।"

३४मरियमले त्यो दूतलाई भनिन, "जब म कन्या नै
छु, यस्तो कसरी हुन सक्छ?"

३५त्यो दूतले मरियमलाई भने, "पवित्र आत्मा तिमीमाथि
आउनुहुनेछ अनि सर्वशक्तिमान परमेश्वरको शक्तिले
तिमीलाई ढाक्नेछ। यसकारणले जुन पवित्र जन्मनेछ
उसलाई परमेश्वरको पुत्र कहलाइनेछ। ३६यस विषयमा
ध्यान देऊ: तिम्रो सम्बन्धी इलीशिबा पनि गर्भवती छिन्
तिनको अवस्था वृद्ध अनि बाँझी कहलाइए पनि
अहिले तिनी छ महिनाबाट गर्भवती भएकी छिन्।
३७किनभने परमेश्वर जस्तै कुरो गर्न सक्नुहुन्छ।"

३८मरियमले भनी, "म परमप्रभुको सेवक हुँ। तपाँईले
भने जस्तो म माथि घट्नु सक्छ।" त्यसपछि त्यो दूत
उनीबाट विदा भए।

## जकरिया र इलीशिबासँग मरियमको भ्रमण

३९लगत्तै मरियम तयारी भईन अनि यहूदिया गाउँको
पहाड़ी नगरमा हत्तारिएर गइन। ४०उ जकरियाको घरमा
गईन् अनि इलीशिबालाई शुभकामना दिईन्। ४१जब
इलीशिबाले मरियमको शुभकामना सुनिन्, तब तिनको
गर्भको नानी चल्यो। अनि इलीशिबा पवित्र-आत्माद्वारा
पूर्ण भई। ४२तिनले जोरले चिच्याएर भनी, "अरू
स्त्रीहरूलाई भन्दा परमेश्वरले तिमीलाई धेरै आशीर्वाद
दिनुभएको छ। अनि गर्भमा रहेको नानी पनि त्यस्तै
अनुगृहित छ। ४३यस्तो कसरी हुन सक्यो कि मेरा
परमप्रभुकी माता मेरोमा आउनु पऱ्यो? ४४जब मैले
तिम्रो अभिनन्दन सुने, मेरो गर्भमा भएको बालक हर्षले
उफ्रयो। ४५तिमीलाई आर्शीवाद छ किनभने प्रभुले
तिमीलाई भन्नु भएको कुरा हुनेछ भन्ने तिमीमा विश्वास
थियो।"

## मरियमद्वारा परमेश्वरको प्रशंसा

४६त्यसपछि मरियमले भनिन्:

४७ "मेरो आत्माले परमप्रभुको प्रशंसा गर्दछ; अनि
मेरो हृदय परमेश्वरमा आनन्दित हुँदछ जो मेरा
मुक्तिदाता हुनुहुन्छ।
४८ किनभने उहाँले आफ्नो क्षुद्र दासी प्रति कृपा

गर्नु भयो हो, अब उप्रान्त सबै मानिसहरूले
मलाई अनुगृहित मान्नेछन्,
४९ किनभने सर्वशक्तिमान परमेश्वरले मेरो निम्ति
ठूलो कार्यहरू गर्नु भएको छ। उहाँको नाउँ
पवित्र छ।
५० जसले परमेश्वरलाई उपासना गर्छ उसको पुस्तौं
सम्म उहाँ दयालु हुनुहुन्छ।
५१ उहाँले आफ्नु बाहुबलद्वारा कठिन कार्यहरू
शक्तिशाली गर्नु भएको छ। उहाँले घमण्डीहरूलाई
तिनीहरूको मनहरूको घमण्ड नष्ट गरिदिनु
भएको छ।
५२ उहाँले शक्तिशाली शासकहरूलाई सिंहासनबाट
हटाउनुभएको छ, अनि नम्रहरूलाई उचाल्नुभएको
छ।
५३ उहाँले भोकाहरूलाई असल खाद्यहरूले तृप्त
पार्नुभएको छ। तर स्वार्थी र धनीहरूलाई रित्तै
हात फर्काइदिनु भएको छ।
५४ उहाँ आफ्ना सेवक इस्राएललाई सहायता गर्नु
आउनु भएको छ। उहाँले हामीलाई उहाँको
कृपा दिनु भएको छ।
५५ उहाँले अब्राहाम र उनका सन्तानलाई दया गर्न
हाम्रा पुर्खाहरूलाई दिएको वचन अनुसार सम्भनु
भयो।"

५६मरियम इलीशिबासंग प्राय: तीन महीनासम्म बसी।
त्यसपछि घर फर्की।

## यूहन्नाको जन्म

५७जब इलीशिबाको जन्म दिने समय भयो तिनले
एउटा छोरो जन्माइन। ५८उसको छिमेकीहरू र आफन्तहरूले
उप्रति परमप्रभु परमेश्वरले अति नै अनुग्रह देखाएको
सुनेका थिए। तिनीहरू मरियमसँग खुशी थिए।

५९बालक आठ दिनको भएपछि तिनीहरू उसको
खतना* गर्न आए। तिनीहरूले उसको नाउँ जकरिया
राख्न चाहन्थे किनभने यो उसकै बाबुको नाउँ थियो।
६०तर उसकी आमाले भनिन, "होइन। उसको नाउँ
यूहन्ना हुनेछ।"

६१मानिसहरूले इलीशिबालाई भने, "तर तिमीहरूको
परिवारमा यस्तो नाउँ भएको कोही छैन।" ६२त्यसपछि
तिनीहरूले तिनका बाबुलाई संकेत गरे, "तिमीले यसको
नाउँ के राख्ने इच्छा गरेका छौ?"

६३जकरियाले केही लेख्न पाटी माँगे। तब उसले
लेखिदिए, "उसको नाउँ यूहन्ना हो।" तिनीहरू छक्क परे।
६४त्यही बेला जकरियाको मुख खोलियो। उसको जिब्रो
चल्यो अनि उनी बोल्न थाले। उसले परमेश्वरको
प्रशंसा गरे। ६५अनि उसको सबै छिमेकीहरू डराए।
यहूदियाको पहाड़ी क्षेत्रका बासिन्दाहरू यस विषयमा
कुराहरू गर्न थाले। ६६जम्मै मानिसहरू जजसले यी
कुराहरू सुने तिनीहरू निकै प्रभावित भए "यो केटो
पछि के बनिन्छ होला?" परमप्रभु त्यस बालक साथ
हुनाले त्यस्तो सोचिएको थियो।

## जकरियाद्वारा परमेश्वरको प्रशंसा

६७त्यसपछि यूहन्नाको बाबु जकरियामा पवित्र-आत्मा
भरियो। अनि तिनले यस्तो अगमवाणी दिन थाले:

६८ "इस्राएलका प्रभु परमेश्वरको प्रशंसा गर कारण
उहाँले आफ्ना मानिसहरूलाई सहायता गर्नु
भयो अनि तिनीहरूलाई स्वतन्त्र दिनुभयो।
६९ परमेश्वरकै सेवक दाऊदका परिवारबाट उहाँले
हामीलाई शक्तिशाली मुक्तिदाता दिनु भएको छ।
७० उहाँले भन्नु भएको थियो कि उहाँले यी सब
गर्नु हुनेछ। धेरै अघिनै उहाँका पवित्र
अगमवक्ताहरूबाट उहाँले यी सब कुराहरू
भन्नु भएको हो।
७१ उहाँले हामीलाई शत्रुहरूदेखि अनि हामीलाई
घृणागर्ने शक्तिहरूदेखि जोगाउनु भएको छ।
७२ उहाँले हाम्रा पुर्खाहरूलाई दया गर्नेछु भन्नु
भएको छ। उहाँले पवित्र-प्रण पनि स्मरण गर्नु
भएको छ।
७३ उहाँले हाम्रा पुर्खा अब्राहामको अघि शपथ
खानुभएको छ।
७४ उहाँले हामीलाई हाम्रो शत्रुहरूको पञ्जाबाट
स्वतन्त्र राख्ने शपथ लिनु भएको छ औ
हामीलाई निर्भयपूर्वक उहाँको सेवामा राख्नु
हुनेछ।

---

**खतना** परमेश्वरले अब्राहामलाई गरेजस्तो प्रत्येक यहूदी बालकलाई गरिने, टाउकोको केश मुडुल्याउने कार्य। (उत्पत्ति १७:९-१४)।

७५ जब सम्म हामी जीवित रहन्छौ हामी पवित्र
अनि परमेश्वर अघि सही मार्गमा रहने छौं।
७६ "ए बालक, तिमी महामहिमको अगमवक्ता
कहलाइनेछौ। उहाँको आगमनको मार्ग तयारी
पार्न तिमी सर्वप्रथम परमेश्वरको अघि जानेछौ।
७७ तिमीले उहाँका मानिसहरूलाई तिनीहरूको
पापहरूबाट क्षमा पाएर कसरी बाँच्नेछन् त्यो
जान्न दिनेछौ।
७८ "परमेश्वरको प्रेमपूर्ण करूणा पाएर हाम्रा निम्ति
स्वर्गबाट एउटा नयाँ उज्यालो दिन चम्कनेछ।
७९ उहाँले अन्धकारमा बसेका, मृत्युको डरमा
परेकाहरूलाई मदत गर्नु हुनेछ। उहाँले हामीलाई
शान्तिको मार्गतिर पथ-प्रदर्शन गर्नु हुनेछ।"

८०यसरी नै ती सानो बालक बढ़दै गयो र आत्मामा
शक्तिमान हुँदै गयो। जबसम्म इस्राएलमा मानिसहरूलाई
शिक्षा दिन तिनी आएनन् त्यत्तिबेला सम्म यूहन्ना
मानिसहरूदेखि टाढ़ा भएर बसे।

## येशूको जन्म

*(मत्ती १:१८-२५)*

२ त्यसैबेला अगस्टस सिजरले रोमको अधीनमा रहेका
सबै देशहरूलाई एउटा आदेश पठाए। त्यो आदेश
अनुसार जम्मै मानिसले आफ्नो नाउँ पंजिकृत गराउनु
पर्थ्यो। २यो नै पहिलो पल्टको यस्तो जनगणना थियो।
क्युरिनियस सिरियाको राज्यपाल हुँदा यो भएको हो।
३जम्मै मानिसहरू आफ्नो शहरहरूमा नाउँ पंजिकृत
गराउनु गए।
४यूसुफ पनि गालीलको नासरत शहरबाट यहूदियाको
बेतलेहेम नामक शहरमा गए। बेतलेहेम शहरलाई दाऊदको
शहर भनिन्थ्यो। यूसुफ त्यहाँ गए कारण तिनी दाउदका
सन्तानका थिए। ५यूसुफ पंजिकरणको लागि मरियमसँगै
गए किनभने मरियमसँग उसको विवाह निश्चित भइसकेको
थियो। मरियम यसबेला गर्भवती थिइन। ६यूसुफ र
मरियम बेतलेहेममा हुँदा नै बालक जन्मने समय भएको
थियो। ७अनि तिनले प्रथम पुत्र जन्माइन। त्यसबेला
धर्मशाला भित्र ठाउँ थिएन। त्यसैले तिनले आफ्नो
बालकलाई लुगाहरूले बेरिन अनि एउटा डुँड़मा सुताइन।

## येशूको बारेमा केही गोठालाहरूले सुने

८त्यो राती त्यस क्षेत्रमा बाहिर खेतमा केही गोठालाहरू
आफ्नो भेँड़ाहरू हेरचाह गरिरहेका थिए। ९परमप्रभुको
एउटा दूत यसैबेला तिनीहरूको अघि उभिए। प्रभुको
महिमा तिनीहरूको चारैतिर चम्किरहेको थियो। ती
गोठालाहरू खुबै डराए। १०तर त्यो स्वर्गदूतले तिनीहरूलाई
भने, "डराउनु पर्दैन, किनभने म तिमीहरूलाई शुभ
समाचारहरू भन्न लागेको छु। यसले सबै मानिसहरूलाई
अत्यन्त हर्षित तुल्याउनेछ। ११किनभने आज नै दाऊदको
शहरमा तिमीहरूको निम्ति एकजना मुक्तिदाताको जन्म
भएको छ। उहाँ ख्रीष्ट, प्रभु हुनुहुन्छ। १२उहाँलाई
तिमीहरूले यसरी चिन्नेछौ: तिमीहरूले एउटा बालकलाई
लुगाले बेह्रेको र डुँड़मा लड़ाइरहेको भेट्टाउनेछौ।"
१३त्यसपछि अचानक अनगन्ति स्वर्गीय दूतहरू पहिलो
दूतसँग भेला हुनेछन्। सबै दूतहरूले यसो भन्दै परमेश्वरको
प्रशंसा गरिरहेका हुन्छन्:

१४ "स्वर्गमा परमेश्वरलाई महिमा। अनि जति
मानिसहरूसँग परमेश्वर खुशी हुनुहुन्छ तिनीहरूमा
शान्ति रहोस्।"

१५ती स्वर्गदूतहरूले गोठालाहरूलाई छोड़े अनि स्वर्गतिर
प्रस्थान गरे। गोठालाहरू आपसमा कुरा गरे, "अब
हामी बेतलेहेम जाऊँ, अनि के भएको छ हेरौं, जसको
विषयमा परमप्रभु परमेश्वरले हामीलाई थाहा दिनु भएको
छ।"
१६तिनीहरू हतार हतार त्यहाँ गए अनि मरियम र
यूसुफलाई भेटे अनि बालक डुँड़मा सुतिरहेको थियो।
१७गोठालाहरूले बालकलाई देखे। तब तिनीहरूले यो
बालकको विषयमा दूतले जे भनेका थिए सुनाए।
१८गोठालाहरूको कुरा सुनेर सबै छक्क परे। १९मरियमले
यी सबै कुराहरू आफ्नै हृदयमा राखिन र ती विषयहरूमा
सोचिरहिन्। २०गोठालाहरूले तिनीहरूले देखेका र सुनेका
घटनाहरूको निम्ति परमेश्वरप्रति प्रशंसा गर्दै र महिमा
गाउँदै आफ्ना भेड़ाहरू भएको ठाँउमा फर्के। स्वर्गदूतले
तिनीहरूलाई वर्णन गरे भैँ सबै सत्य सावित भयो।
२१जब बालक आठ दिनको भयो, उसको खतना
गरियो अनि नाउँ येशू राखियो। यो त्यही नाउँ हो जुन
बालक गर्भमा आउनु अघि नै स्वर्गदूतले भनेको थियो।

### येशूलाई मन्दिरमा उपहारहरू प्रदान

२२मोशाको व्यवस्था अनुसार जब मरियम र यूसुफलाई चोख्याउने दिन आइपुग्यो तिनीहरूले बालकलाई प्रभु अघि साक्षात गराउनु यरूशलेम लगे। २३परमप्रभुको नियममा यस्तो लेखिएको छ: "यदि कुनै परिवारमा पहिलो सन्तान पुरुष जन्मे उसलाई 'प्रभुको निम्ति पवित्र मानिन्छ।'"* २४अनि, "तिमीले एकजोड़ी ढुकुर अथवा एकजोड़ी बच्चा परेवा बलिदान स्वरूप प्रदान गर्नु पर्छ।"* अनि यसकारण परमप्रभुको नियम अनुसार यो बलिदान प्रदान गर्न यरूशलेम गए।

### शिमियोनले येशूलाई देखे

२५शिमियोन नाउँ गरेको एकजना मानिस यरूशलेममा बस्थे। उनी भक्त र खुबै धार्मिक व्यक्ति थिए। उनी इस्राएलको मुक्ति हेर्न प्रतीक्षा गरिरहेका थिए अनि उनीमा पवित्र-आत्मा थिए। २६प्रभु ख्रीष्टलाई नदेखे सम्म तिमी मर्नेछैनौ, भनेर उनलाई पवित्र आत्माले भनेका थिए। २७आत्माले तिनलाई डोऱ्याउँदै मन्दिरमा आए। यहूदी कानून अनुसार जे गर्नु पर्ने थियो त्यही गर्नलाई येशूका माता पिताले बालकलाई मन्दिरमा ल्याए। २८शिमियोनले आफ्नो पाखुरामा बालक लिए अनि परमेश्वरलाई प्रसंशा गरे अनि भने:

२९ "अब, हे प्रभु, आफ्नो वचन अनुसार तपाईंको
सेवकलाई विदा दिनुहोस्
३० किनभने मैले मेरा आँखाले तपाईंको उद्धार
देखेको छु।
३१ जो तपाईंले नै समस्त राष्ट्रहरूको अघि तयार
पार्नु भएको हो।
३२ तपाईंको पथ-प्रदर्शनमा अयहूदीहरूको लागि
प्रकाश उनी नै हुन। उनले नै तपाईंका
मानिसहरूलाई इस्राएलमा महिमा ल्याउने छन्।"

३३उनको विषयमा शिमियोनले यस्तो कुरा गरेको देखेर येशूको आमा-बाबु छक्क परे। ३४त्यसपछि शिमियोनले तिनीहरूलाई आर्शीवाद दिए अनि मरियम, येशूकी आमालाई भने, "यो बालक इस्राएलमा धेरैको उत्थान र पतनको कारण हुनेछ। उनी चिन्ह हुनेछन् र जसलाई कतिपयद्वारा अस्वीकार गरिनेछ। ३५यसकारण धेरै मानिसहरूको विचारहरू प्रकाशमा आउनेछन्। अनि एउटा तरवारले तिम्रो मुटु पनि छेड़ेर जानेछ"

### हन्नाले येशूलाई देखिन्

३६हन्ना, एकजना अगमवादिनी-स्त्री पनि त्यहीँ मन्दिरमा थिईन्। तिनी अशेर कुलको फनुएलकी छोरी थिईन। हन्ना धेरै बुढी भइसकेकी थिइन। बिहे गरेर तिनले दाम्पत्य जीवन खाली सात वर्ष मात्र बिताइन। ३७त्यसपछि तिनको लोग्ने मरेको थियो अनि तिनी विधवा भएकी थिइन औ अहिले तिनी चौरासी वर्ष पुगेकी थिइन। हन्ना सँधै मन्दिरमा हुने गर्थिन। उनी कहीँ जाँदिन थिइन। रात दिन उपवास र प्रार्थना गर्दै मन्दिरमा परमेश्वरको आराधना गर्थिन। ३८ठीक समयमा तिनी त्यो बालकको आमा-बाबुकहाँ आई पुगिन औ परमेश्वरलाई धन्यवाद दिन थालिन। ती जम्मै जजसले यरूशलेमको छुटकाराको निम्ति अपेक्षा गरिरहेका थिए तिनीहरूसँग उनको विषयमा बात गरिन्।

### यूसुफ र मरियम घर फर्किए

३९यूसुफ र मरियमले परमप्रभुको व्यवस्था अनुसार सबै काम सिध्याए अनि तिनीहरू गालीलको आफ्नै शहर नासरतमा गए। ४०सानो बालक दिनप्रति दिन बढ़दै गए। उनी बलियो हुँदै गए अनि ज्ञान भरियो। परमेश्वरको अनुग्रह तिनको साथ थियो।

### येशूको बाल्यपन

४१निस्तार* चाड़को बेला प्रत्येक वर्ष नै येशूको आमा-बाबु यरूशलेम जानेगर्थे। ४२जब येशू बाह्र वर्षको भए, सँधै झैं तिनीहरू त्यो भोजमा सामेल भए। ४३जब भोज सिद्धियो तिनीहरू घर फर्किरहेका थिए। तर केटो येशू यरूशलेममा नै बसे। उनको विषयमा आमा-बाबुलाई केही थाहा भएन। ४४तिनीहरूले सोचे कि तिनी अन्य यात्रीहरूसँग छन् अनि यसकारण तिनीहरू दिनभरी हिड़ीरहे। तब तिनलाई आफ्नो साथी तथा आफन्तहरू माझ तिनीहरूले खोज्न लागे। ४५तर किनभने यूसुफ र

---

**"यदि कुनै … पवित्र मानिन्छ"** हेर्नोस प्रस्थान १३:२, १२।

**"तिमीले … गर्नु पर्छ"** लेवी १२:८।

**निस्तार** यहूदीहरूको महत्वपूर्ण छुट्टीको दिन। मोशाको समयमा परमेश्वरले तिनीहरूलाई मिश्रमा दासत्वबाट मुक्त गराउनु भएको सम्झनामा यो दिन प्रत्येक वर्ष विशेष खाना खान्छन्।

मरियमले उहाँलाई ती तिनीहरू बीचमा नदेख्ता तिनीहरू
तिनलाई खोज्न यरूशलेम फर्के। ४६तीन दिनपछि तिनीहरूले
तिनलाई मन्दिरमा भेटे। येशू मन्दिरमा धार्मिक शिक्षकहरूसँग
तिनीहरूका कुराहरू सुन्दै र तिनीहरूलाई प्रश्न गर्दै
बसिरहेका थिए। ४७जजसले तिनलाई सुने तिनको समझ
र उत्तरहरूमा छक्क परीरहेका थिए। ४८जब तिनका माता
पिताले तिनलाई भेटे तिनीहरू आश्चर्य चकित भए।
तिनकी आमाले तिनलाई भनिन, "पुत्र, तिमीले हामीलाई
किन यसो गर्‍यौ? तिम्रो बाबु अनि म तिमीलाई खोज्दा
साह्रै चिन्तित थियौ।"

४९तब येशूले तिनीहरूलाई भने, "तपाईंहरूले मलाई
किन खोजिरहनु भएको? के तपाँईहरू जान्नु हुन्न कि
मेरा पिताको कार्य जहाँ हुन्छ म त्यहीँ रहनु पर्छ?"
५०तर तिनीहरूले येशूले उनीहरूलाई दिएको उत्तरको
अर्थ बुझ्न सकेनन्।

५१तब येशू तिनीहरूसँगै नासरत गए। उहाँले आफ्ना
आमाबाबुले भनेका सबै कुराहरू माने। तर उनकी
आमा भने अझै यही कुराहरूनै मनमा राखिरहेकी
थिइन। ५२येशू शारीरिक गठनमा जति बढ्थे, तिनको
बुद्धिमा पनि बढ्दै थिए अनि परमेश्वर र मानिसहरूबाट
स्नेह पाइरहेका थिए।

## यूहन्नाको प्रचार

*(मत्ती ३:१-१२; मर्कूस १:१-८; यूहन्ना १:१९-२८)*

३ सिजर टाइबेरियसको पन्ध्रौं वर्षमा पन्तियस पिलातस
यहूदियाका राज्यपाल थिए, अनि जब हेरोद गालीलीका
शासक थिए तिनको भाइ फिलिप इतुरिया र त्राखोनितिसका
शासक थिए अनि लुसानियस अबिलेनेका शासक थिए।

२जब अन्नास र कैयाफा प्रधानपूजाहारीहरू भएका
थिए उजाड़ स्थानमा जकरियाको छोरो यूहन्नाले परमेश्वरको
वचन पाए। ३तिनी यर्दन नदीको वरिपरिको जम्मै
स्थानहरूमा गए। तिनीहरूको पापहरू मोचनको लागि
बप्तिस्मा लिएर हृदय र जीवन परिवर्तन गरेको देखाउने
तिनले मानिसहरूलाई प्रचार गर्दैथिए। ४यी सबै कुराहरू
अगमवक्ता यशैयाले लेखेको पुस्तकको वर्णन अनुसार
भयो:

"उजाड़स्थानमा कराइरहेको आवाज: 'प्रभुका
निम्ति मार्ग तयार राख। उहाँको पथहरू सोझो
पार।
५ प्रत्येक भञ्ज्याङ पुरिनेछ। अनि हरेक डाँड़ा र
ढिस्कना सम्म पारिनेछ अप्ठेरा बाटोहरू समतल
पारिनेछ अनि दुर्गम बाटोहरू सहज बनाइनेछ
६ सबै मानिसहरूले परमेश्वरको मुक्तिको दर्शन
गर्नेछन्।'"

*यशैया ४०:३-५*

७यूहन्नाद्वारा बप्तिस्मा गराइनुलाई मानिसहरू आए।
यूहन्नाले तिनीहरूलाई भने, "तिमीहरू विषालु साँपहरू
जस्तै छौ! तिमीहरूलाई परमेश्वरको क्रोध जो आँउदैछ
जसबाट भाग्न कसले भन्यो? ८तिमीहरूले आफ्नो हृदय
परिवर्त्तन गरिसकेका छौ भन्ने देखाउनलाई उचित कामहरू
गर्नुपर्छ। घमण्ड नगर अनि भन, 'अब्राहाम हाम्रा पिता
हुन्।' म तिमीहरूलाई भन्छु कि परमेश्वरले अब्राहामका
लागि यी चट्टानहरूबाट पनि सन्तान उत्पन्न गर्न सक्नुहुन्छ।
९रूखहरू काट्नलाई बञ्चरो पनि तयारी छ। प्रत्येक रूख
जसले असल फल दिदैंन त्यसलाई काटिनेछ अनि
आगोमा फालिनेछ।"

१०मानिसहरूले यूहन्नालाई सोधे, "हामीले के गर्नुपर्ने
हो?"

११यूहन्नाले उत्तर दिए, "यदि तिमीहरूकोमा दुइवटा
दौरा छ भने अर्को नहुनेलाई एउटा देऊ। खानेकुरा छ
भने पनि अरूसँग बाँड़।"

१२कर उठाउनेहरू पनि यूहन्नाकहाँ आए। तिनीहरूले
बप्तिस्मा लिन चाहन्थे। तिनीहरूले यूहन्नालाई भने,
"गुरुज्यू, हामीले के गर्नु पर्छ?"

१३यूहन्नाले तिनीहरूलाई भने, "तिमीहरूलाई जति
उठाउने आदेश छ त्यो भन्दा ज्यादा कर नउठाऊ।"

१४कोही सिपाहीहरूले यूहन्नालाई सोधे, "हामीले
चाँहि के गर्ने?"

यूहन्नाले तिनीहरूलाई भने, "बलपूर्वक मानिसहरूबाट
पैसा नलेऊ। कसैको बारेमा झूटो नबोल। आफुले
कमाएको जे जति पैसा छ त्यसैमा सन्तुष्ट होऊ।"

१५सबै मानिसहरू ख्रीष्ट आउनु हुन्छ भनेर आशामा
थिए अनि यूहन्नाको बारेमा अचम्भ मानिरहेका थिए।
तिनीहरूले सोचे, "के तिमीलाई लाग्दैन कि उहाँ नै
ख्रीष्ट हुनु हुन्छ?"

१६यूहन्नाले प्रत्येकलाई उत्तरदिए, "म तिमीहरूलाई
पानीद्वारा बप्तिस्मा दिन्छु, तर म पछि जुन एक आउने

छन् उहाँले मैले भन्दा धेरै महान कार्य गर्न सक्नु हुन्छ। म उहाँको जुत्ताको फिता मात्र पनि खोल्न सक्ने योग्यको छैन। उहाँले तिमीहरूलाई पवित्र-आत्मा र आगोले बप्तिस्मा गर्नु हुनेछ। [१७]उहाँले खला सफा पार्नु तयार हुनुहुन्छ। उहाँले राम्रो अन्नलाई भूसदेखि अलग पार्नु हुनेछ। उहाँले असल अन्नलाई उहाँको ढुकुटीमा थुपार्नु हुनेछ। अनि नराम्रो जति उहाँले कहिल्यै ननिभ्ने आगोमा जलाइदिनु हुन्छ।" [१८]त्यसपछि तिनले मानिसहरूलाई धेरै अरू कुराहरूले उत्साह दिए अनि सुसमाचारहरू उनीहरूलाई भने। यूहन्नाले सुसमाचारहरू लगातार सुनाउन थाले।

### यूहन्नाको काम कसरी समाप्त भयो

[१९]हेरोदले आफ्नो भाइकी स्वास्नी हेरोदियाससँग अनैतिक सम्बन्ध राखेकोले यूहन्नाले हाकिम हेरोदलाई भ्रपारेका थिए, हेरोदले गरेको अरू पनि धेरै दुष्ट कार्यहरूको निम्ति यूहन्नाले उसलाई भ्रपारेका थिए। [२०]हेरोदले त्यस्तै नराम्रो काम गरेको थियो: उसले यूहन्नालाई झ्यालखानामा पनि थुनेको थियो। हेरोदले गरेको नराम्रो कामहरूमा यो एउटा थप हो।

### यूहन्नाद्वारा येशूको बप्तिस्मा

*(मत्ती ३:१३-१७; मर्कूस १:९-११)*

[२१]जब सबै मानिसहरूलाई बप्तिस्मा गराइयो, येशू पनि आए अनि बप्तिस्मा लिए। येशूले प्रार्थना गरिरहनु भएको बेला आकाश खोलियो। [२२]अनि शारीरिक रूपमा ढुकुर भैँ उनी माथि पवित्र आत्मा आयो। त्यसपछि स्वर्गबाट आवाज आयो, "तिमी मेरा पुत्र हौ अनि म तिमीलाई प्रेम गर्छु। म तिमीसँग अत्यन्त आनन्दित छु।"

### योसेफको पारिवारिक इतिहास

*(मत्ती १:१-१७)*

[२३]जब येशूले उनको कार्य गर्न थाले त्यसबेला तिनको उमेर भ्रण्डै तीस वर्ष पुगेको थियो। मानिसहरूले सोँचेका थिए येशू यूसुफको पुत्र थिए। यूसुफ एलीका पुत्र थिए। [२४]एली मत्तातका पुत्र थिए। मत्तात लेवीका पुत्र थिए। लेवी मल्कीका पुत्र थिए। मल्की यान्नाका पुत्र थिए। यान्ना यूसुफका पुत्र थिए। [२५]यूसुफ मत्ताथियासका पुत्र थिए। मत्ताथियास आमोसका पुत्र थिए। आमोस नहूमका पुत्र थिए। नहूम इसलीका पुत्र थिए। इसली नग्गैका पुत्र थिए। [२६]नग्गै माथका पुत्र थिए। माथ मत्ताथियासका पुत्र थिए। मत्ताथियास सेमैनका पुत्र थिए। सेमैन योसेखका पुत्र थिए। योसेख योदाका पुत्र थिए।

[२७]योदा योआननका पुत्र थिए। योआनन रेसाका पुत्र थिए। रेसा यरुबाबेलका पुत्र थिए। यरुबाबेल शालतिएलका पुत्र थिए। शालतिएल नेरीका पुत्र थिए। [२८]नेरी मल्कीका पुत्र थिए। मल्की अद्दीका पुत्र थिए। अद्दी कोसामका पुत्र थिए। कोसाम एलमादमका पुत्र थिए। एलमादम एर्का पुत्र थिए। [२९]एर् यहोशूका पुत्र थिए। यहोशू एलीएजरका पुत्र थिए। एलीएजर योरीमका पुत्र थिए। योरीम मत्तातका पुत्र थिए। मत्तात लेवीका पुत्र थिए।

[३०]लेवी शिमियोनका पुत्र थिए। शिमियोन यहूदाका पुत्र थिए। यहूदा यूसुफका पुत्र थिए। यूसुफ योनानका पुत्र थिए। योनान एल्याकीमका पुत्र थिए। [३१] एल्याकीम मलेआका पुत्र थिए। मलेआ मिन्नाका पुत्र थिए। मिन्ना मत्ताथाका पुत्र थिए। मत्ताथा नातानका पुत्र थिए। नातान दाऊदका पुत्र थिए। [३२]दाऊद यिशैका पुत्र थिए। यिशै ओबेदका पुत्र थिए। ओबेद बोअजका पुत्र थिए। बोअज सल्मोनका पुत्र थिए। सल्मोन नहशोनका पुत्र थिए।

[३३]नहशोन अम्मीनादाबका पुत्र थिए। अम्मीनादाब आरामका पुत्र थिए। आराम हेस्रोनका पुत्र थिए। हेस्रोन फारेसका पुत्र थिए। फारेस यहूदाका पुत्र थिए। [३४]यहूदा याकूबका पुत्र थिए। याकूब इसहाकका पुत्र थिए। इसहाक अब्राहामका पुत्र थिए। अब्राहाम तेरहका पुत्र थिए। तेरह नाहोरका पुत्र थिए। [३५]नाहोर सरूगका पुत्र थिए। सरूग रऊका पुत्र थिए। रऊ पेलेगका पुत्र थिए। पेलेग एबेरका पुत्र थिए। एबेर शेलहका पुत्र थिए।

[३६]शेलह केनानका पुत्र थिए। केनान अर्पक्षदका पुत्र थिए। अर्पक्षद शेमका पुत्र थिए। शेम नूहका पुत्र थिए। नूह लेमेखका पुत्र थिए। [३७]लेमेख मतूशेलहका पुत्र थिए। मतूशेलह हनोकका पुत्र थिए। हनोक येरेदका पुत्र थिए। येरेद महलालेलका पुत्र थिए। महलालेल केनानका पुत्र थिए। [३८]केनान एनोशका पुत्र थिए। एनोश शेतका

पुत्र थिए। शेत आदमका पुत्र थिए। आदम परमेश्वरका
पुत्र थिए।

### शैतानद्वारा येशूप्रति परिक्षा

*(मत्ती ४:१-११; मर्कूस १:१२-१३)*

**४** येशू यर्दन नदीदेखि फर्किनु भयो। उहाँ पवित्र-आत्माले
परिपूर्ण हुनुहुन्थ्यो। त्यो आत्माले उहाँलाई उजाड़स्थान
तिर डोऱ्यायो। २त्यहाँ चालिस दिनसम्म उहाँलाई शैतानले
परिक्षा लिए। उहाँले त्यसबेला केही पनि खानु भएन।
जब ती दिनहरू बिते, उनी खुबै भोकाउनु भयो।
३शैतानले उहाँलाई भन्यो, "यदि तिमी परमेश्वरको
पुत्र हौ, यो ढुङ्गालाई रोटी बनिनु आदेश देऊ।"
४उहाँले उत्तर दिनुभयो, "धर्मशास्त्रमा यो लेखिएको
छ:

'रोटी खाएर मात्र मानिसहरू जीउँदो रहदैन।'"

*व्यवस्था ८:३*

५तब शैतानले येशूलाई एउटा अग्लो ठाँउमा लग्यो
अनि एकै क्षणमा पृथ्वी भरी रहेका सबै राज्यहरू
देखायो। ६तब शैतानले येशूलाई भन्यो, "म तपाईंलाई
यी सबै राज्यहरूको अधिकार, शक्तिहरू र तिनीहरूमा
भएको गौरवसंगै दिनेछु। यी सबै मलाई दिइएको छ। म
यी सब कसैलाई पनि दिनसक्छु। ७यदि तँपाईले मलाई
उपासना गरे म यी सब तँपाईलाई दिन्छु।"
८उहाँले उत्तर दिनुभयो, "धर्मशास्त्रहरूमा यो लेखिएको
छ:

'तिमीले परमप्रभु तिम्रो परमेश्वरको उपासना
गर्नु पर्छ। अनि उहाँको मात्र सेवा गर्नुपर्छ!'"

*व्यवस्था ६:१३*

९तब त्यो शैतानले येशूलाई यरूशलेममा पुऱ्यायो
अनि उहाँलाई मन्दिरको गजूरमा उभ्यायो। त्यसले येशूलाई
भन्यो, "यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने
यहाँबाट फाल हान्नु होस! १०किनभने धर्मशास्त्रमा यो
लेखिएको छ:

'उहाँले तिम्रो रक्षाको लागि आफ्नो स्वर्गदूतहरूलाई
आदेश गर्नु हुनेछ।'

*भजनसंग्रह ९१:११*

११यो पनि लेखिएको छ:

'तिनीहरूले तिमीलाई हातमै थाम्नेछन्, जसद्वारा
तिम्रो पाउ ढुङ्गामा बजारिने छैन्।'"

*भजनसंग्रह ९१:१२*

१२येशूले उत्तर दिए: "यो पनि धर्मशास्त्रमा भनिएको
छ:

'परमप्रभु तिम्रो परमेश्वरको परीक्षा लिनु हुँदैन।'"

*व्यवस्था ६:१६*

१३शैतानले येशूलाई प्रत्येक पक्षबाट सताई सके पछि
उसको अनुकूल समय नआइञ्जेल सम्मको निम्ति छाड़ेर
गयो।

### येशूद्वारा मानिसहरूलाई शिक्षा

*(मत्ती ४:१२-१७; मर्कूस १:१४-१५)*

१४येशू पवित्र आत्माको शक्ति लिएर गालीलमा
फर्के। गालीलभरि उहाँको बारेमा समाचारहरू फैलियो।
१५उहाँले तिनीहरूको सभाघरहरूमा सिकाउन शुरू गर्नुभयो।
सबै मानिसहरूले उहाँको प्रशंसा गरे।

### येशू आफ्नो शहरमा जानुहुन्छ

*(मत्ती १३:५३-५८; मर्कूस ६:१-६)*

१६येशूले आफु हुर्केको शहर नासरतको पनि यात्रा
गरे। शबाथको दिनमा अघि झैं उनी सभाघरमा गए।
तिनी त्यहाँ (धर्मग्रन्थबाट) केही पढ़नलाई उभिए। १७यशैया
अगमवक्ताद्वारा लेखिएको ग्रन्थ उनलाई दिइएको थियो।
तिनले ग्रन्थ पल्टाए अनि एक ठाउँ जहाँ निम्नलिखित
कुरा लेखिएको भेट्टाए:

१८ "परमप्रभुको आत्मा ममाथि छ। परमेश्वरले
मलाई अभिषेक गर्नु भएको छ केही पनि
नभएका मानिसहरूमा सुसमाचारहरू सुनाउनलाई
परमेश्वरले मलाई घोषणा गर्नु पठाउनु भएको
छ, कैदीहरूलाई मुक्ति पार्न अनि अन्धो

मानिसहरूलाई देख्न सक्ने पार्न परमेश्वरले
मलाई पठाउनु भएको छ अनेकौं यातनामा
पिल्सिएका मानिसहरूलाई मुक्त पार्न।
१९ अनि घोषणा गर्नु कि आफ्नो मानिसहरूलाई
बचाउने प्रभुलाई उचित समय आएको छ।"
*यशैया ६१:१-२*

२०उनले ग्रन्थ बन्द गर्नुभयो। उहाँले त्यो ग्रन्थ
सहयोगीलाई दिएर त्यहीँ बस्नुभयो। सभाघरमा भएका
प्रत्येक मानिसले उनलाई हेरिरहेका थियो। २१येशू
तिनीहरूसँग बोल्न थाले। उनले भने, "मैले तिमीहरू
अघि जो धर्मग्रन्थको अंश पढ़ें त्यो आज पढ़दै गर्दा नै
पूर्ण भयो।"

२२सबै मानिसहरूले येशूको प्रसंशा गरे। उनको
मिठासपूर्ण शब्दहरूमा तिनीहरू लट्ठ परे। तिनीहरूले
भने, "कसरी उनले यसरी बोल्नु सकेका? के तिनी
यूसुफका पुत्र होइनन्?"

२३येशूले तिनीहरूलाई भने, "म जान्दछु कि तिमीहरूले
मलाई यो उखान भन्नेछौ, 'ए वैद्य! आफैलाई निको
पार।' 'तिमीले जे कफर्नहुममा गऱ्यौ त्यो हामीले सुन्यौं।
अब तिमीले आफ्नै शहरमा पनि त्यही गर।'" २४त्यसपछि
उनले भने, "म तिमीहरूलाई साँचो भन्दछु। अगमवक्तालाई
आफ्नै गाँउ-शहरमा कहिल्यै स्वीकार गरिदैन। २५म जे
भन्दैछु त्यो साँचो हो। एलियाको समयमा साढ़े तीन
वर्षसम्म इस्राएलको जमीनमा ठूलो अनिकाल पऱ्यो।
सारा देशमा कतै पनि खाने कुरा थिएन। त्यसबेला
इस्राएलमा विधवाहरू थुप्रै थिए। २६तर एलियालाई ती
कुनै विधवाकोमा पठाइएन। सिदोन प्रदेशको जरेपेठ भन्ने
ठाउँमा चाँहि एलियालाई एउटी विधवाकोमा पठाइयो।
२७अनि अगमवक्ता एलिशाको समयमा इस्राएलमा धेरै
कोड़ीका रोगीहरू थिए। तर नमान बाहेक कसैलाई पनि
निको पारिएन। अनि नमान इस्राएलवासी नभई सिरियावासी
थिए।"

२८सबै मानिसहरू जो सभाघरमा थिए यो कुराहरू
सुने अनि साह्रै रिसाए। २९मानिसहरू उठे अनि येशूलाई
शहर छाड़नु वाध्य गराए। तिनीहरूको शहर एउटा
टाकुरामा अवस्थित थियो। तिनीहरूले येशूलाई टाकुराको
किनारामा पुऱ्याए अनि तिनीहरू उनलाई तल खसाल्न
चाहन्थे। ३०तर उनी तिनीहरूको माझबाट निस्केर गए।

## येशूद्वारा दुष्टात्मा लागेको मानिस निको

*(मर्कूस १:२१-२८)*

३१गालीलको कफर्नहुम भन्ने नगरमा येशू गए।
तिनले शबाथको दिन मानिसहरूलाई शिक्षा दिए। ३२तिनीहरू
येशूको शिक्षामा छक्क पर्थे कारण उनी अधिकारसित
सिकांउथे। ३३सभाघरमा एकजना दुष्ट-आत्मा लागेको
व्यक्ति थियो। त्यो मानिस ठूलो स्वरमा चिच्यायो।
३४"नासरतको येशू! हामीबाट तपाईं के चाहनुहुन्छ? के
हामीलाई नाश गर्नु तपाईं यहाँ आउनु भएको हो? म
तपाईंलाई जान्दछु परमेश्वरका एक पवित्र जन।" ३५तर
येशूले त्यो दुष्टात्मालाई गाली दिनुभयो, "चूप लाग। यो
मानिसदेखि निस्कि हाल्।" त्यो दुष्टात्माले मानिसहरूकै
अघिपट्टि त्यो मानिसलाई भुँइमा पछारिदियो। त्यसपछि
दुष्ट आत्माले त्यो मानिसलाई केही नोक्सान नगरी छाड़ी
दियो।

३६सबै मानिसहरू छक्क परे अनि आपसमा कुरा गरे,
"यसको अर्थ के हो? येशूले त अधिकार अनि
शक्तिसित दुष्ट आत्माहरूलाई निस्कन आदेश गर्छन औ
तिनीहरू पनि निस्की हाल्छन्।" ३७त्यसपछि त्यस इलाकाको
प्रत्येक ठाउँमा येशूको कीर्ति फैलियो।

## येशूद्वारा पत्रुसको स्वास्नीको आमा निको

*(मत्ती ८:१४-१७; मर्कूस १:२९-३४)*

३८येशूले सभाघर छाड़े। तिनी शिमोनको घरमा गए।
शिमोनको सासू कड़ा ज्वरोले सिकिस्त बिमार थिई।
तिनीहरूले उहाँलाई तिनको निम्ति केही गरिदिनुहोस्
भनी विन्ती गरे। ३९येशू तिनको नजिक गए अनि
जरोलाई हटने आदेश दिए। जरो झट्टै हरायो। तब तिनी
उठिन अनि तिनीहरूको सेवामा लागिन।

## येशूद्वारा धेरै मानिसहरू निको

४०घाम अस्ताउन लाग्दा सबै मानिसहरू जसका
आफ्ना मानिसहरू बिरामीहरू थिए तिनीहरूलाई येशूकहाँ
ल्याए। तिनीहरू बेग्ला-बेग्लै रोगले पिड़ित थिए। तिनले
प्रत्येक बिरामीलाई छोए अनि तिनीहरूलाई जाती पारे।
४१धेरै मानिसहरूदेखि भूतहरू बाहिर निस्क्यो। तिनीहरू
चिच्याउँदै थिए, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ।" तर
तिनले ती भूतहरूलाई चुप बस्ने आदेश दिए। येशू नै
ख्रीष्ट थिए भनेर भूतहरूले जानेका थिए।

## येशूको विभिन्न शहरहरूमा प्रस्थान

*(मर्कूस १:३५-३९)*

४२अर्को दिन येशू एकान्त ठाउँमा जानुभयो। तर
भीड़ले उहाँलाई खोजिरहेको थियो औ तिनी भएको
जग्गामा तिनीहरू आए। जब तिनीहरूले येशूलाई देखे,
तिनीहरूले उहाँलाई तिनीहरूलाई नछाड़नु भनी विन्ती
गर्दै थिए। ४३तर येशूले तिनीहरूलाई भने, "मैले अरू
शहरहरूमा पनि परमेश्वरको राज्य बारे सुसमाचारहरू
भन्नु पर्छ। यही कारण मलाई पठाइएको छ।"
४४तब येशूले यहूदियाका सभाघरहरूमा प्रचार गरे।

## पत्रुस, याकूब र यूहन्ना येशूको पछि लागे

*(मत्ती ४:१८-२२; मर्कूस १:१६-२०)*

५ येशू गेन्नेसरेत भीलको किनारमा उभिनु भयो।
तिनको वरिपरि धेरै मानिसहरू भीड़लाग्दै थिए।
तिनीहरू परमेश्वरको शिक्षा सुन्न चाहन्थे। २येशूले
भीलको किनारमा दुइवटा डुङ्गा देखे। माछावालाहरू
डुङ्गाबाट निस्के औ तिनीहरूको माछा मार्ने जालहरू धुँदै
थिए। ३उहाँ एउटा डुङ्गामा चढ़नु भयो जुन शिमोनको
थियो अनि उसलाई त्यो डुङ्गालाई किनारको अलिक
छेउमा लाउन लगाउनु भयो। तब तिनी त्यसमा बसे अनि
मानिसहरूलाई सिकाउनु थाले।
४जब येशूले आफ्नो भनाई सके, तिनले शिमोनलाई
भने, "यो डुङ्गालाई गहिरो पानी तिर लैजाऊ अनि माछा
मार्न जाल फिजाऊ।"
५शिमोनले उत्तर दिए, "मालिक, हामीले सारा रात
परिश्रम गर्‍यौं र पनि एउटै माछा समात्न सकेनौं। तर
किनभने तपाईंले भन्नु भयो, म जाल फिजाउँछु।"
६तिनीहरूले आफ्नो जाल पानीमा फ्याँके। तिनीहरूको
जाल भरी माछा परेर जाल फाट्न आँटेको थियो।
७तिनीहरूले अरू डुङ्गामा भएका आफ्ना साभेदारहरूलाई
पनि सहायताको लागि संकेत दिए। साभेदारहरू आए
अनि डुङ्गमा यति माछा लादे कि डुङ्गाहरू डुब्न खोज्यो।
८-९थुप्रै माछाहरू समातेकोमा माछावालहरू सबै नै
छक्क परेका थिए। जब शिमोन पत्रुसले यी सब देखे,
तिनले येशूको अघि दण्डवत गरे अनि भने, "मदेखि
टाढ़ा जानुहोस, परमप्रभु। म पापी मानिस हुँ।" १०जब्दीका
पुत्रहरू याकूब र यूहन्ना पनि छक्क परे। याकूब र
यूहन्ना शिमोनसँगै माछा मार्दै थिए।
येशूले शिमोनलाई भने, "डराउनु पर्दैन। अब उसो
तिमीहरू माछा मार्ने छैनौ तर मानिसहरू समात्ने* छौ।"
११तिनीहरूले आफ्ना डुङ्गाहरू किनारमा ल्याए। अनि
तिनीहरूले ती सबै छोड़ेर येशूको पछि लागे।

## येशूद्वारा एकजना बिमारी निको

*(मत्ती ८:१-४; मर्कूस १:४०-४५)*

१२जब एकपल्ट येशू एउटा शहरमा हुनु हुन्थ्यो,
त्यहाँ एउटा शरीर कोढ़ीले भरी पीड़ित व्यक्ति पनि
थियो। जब त्यसले येशूलाई देख्यो, उनको अघि
निहुरिएर विन्ती गर्न लाग्यो, "प्रभु, मलाई निको पारिदिनुहोस्।
म जान्दछु तपाईंले चाहनु भयो भने मलाई जाती पार्नु
सक्नु हुन्छ।"
१३येशूले भने, "म तिमीलाई निको पार्न चाहन्छु।
निको होऊ!" त्यसपछि उहाँले त्यस मानिसलाई छोए।
भट्टै कोढ़ले छोड़्यो। १४येशूले तिनलाई आदेश दिए,
"यस्तो भएको कुरा कसैलाई नभन्नू। तर आफै गएर
पूजाहारीलाई देखाउनु औ मोशाले भने भैं आफु निको
भएकोमा परमेश्वरलाई बलि चढ़ाउनु। यसबाट तिमी
निको भएको प्रमाण हुन्छ।"
१५तर येशूको विषयमा समाचार अभ प्रचार हुँदै
गयो। धेरै मानिसहरू उनीबाट सुन्न आँउथे औ विमार
निको भएर जान्थे। १६येशू प्राय: नै एकान्त ठाउँमा
प्रार्थना गर्न जानु हुन्थ्यो।

## येशूद्वारा पक्षवातको रोगी निको

*(मत्ती ९:१-८; मर्कूस २:१-१२)*

१७एक दिन येशूले मानिसहरूलाई शिक्षा दिँदैं हुनुहुन्थ्यो,
फरिसीहरू र व्यवस्थाका शास्त्रीहरू पनि त्यहीं नै
बसिरहेका थिए। तिनीहरू यरूशलेम, यहूदिया र गालीलका
सबै शहरहरूबाट आएका थिए। परमप्रभुले उनलाई
निको पार्ने शक्ति दिएका थिए। १८एकजना पक्षवातको
रोगी त्यहाँ थियो। तब केही मानिसहरूले एकजना
विमारीलाई एउटा खाटमा लिएर आए अनि तिनीहरूले
भित्र ल्याउने र येशूको अघि राख्ने चेष्टा गर्दै थिए।
१९तर त्यहाँ मानिसहरूको त्यत्ति भीड़ थियो कि येशू
भएकहाँ पुग्नलाई बाटो थिएन। त्यसकारण ती मानिसहरू

---

**मानिसहरू समात्ने** मानिसहरूलाई ख्रीष्ट प्रति आत्मिक तवरले
ल्याउनु।

घरको छानामाथि चढ़े अनि केही झिँगटीहरू हटाएर
प्वाँलबाट त्यो विमारी मानिसलाई उसको खाटसँगै
भीड़को विचमा औ येशूको अघि ओह्याले। [२०]तिनीहरूको
अटल विश्वास देखेर तिनले भने, "मित्र, तिम्रा पापहरू
क्षमा भयो।"

[२१]व्यवस्थाका शास्त्रीहरू र फारिसीहरू परस्परमा
बात गर्न लागे, "यो मानिस को हो? उसले जे भन्दैछ,
परमेश्वरको विरोधमा भन्दैछ। केवल परमेश्वरले मात्र
पापहरूलाई क्षमा गर्न सक्छन्।"

[२२]तर येशूले तिनीहरूले के सोँचे थाहा पाए। उनले
भने, "तिमीहरू मनमा यस्तो प्रश्नहरू किन गर्छौ?
[२३]कुन चाँहि सजिलो छ: तिम्रो 'पाप क्षमा भन्नु' अथवा
'उठ अनि जाऊ भन्नु?' [२४]तर म तिमीहरूलाई देखाउनेछु
कि धरतीमा मानिसको पुत्रसँग पापहरू क्षमा गर्ने
अधिकार छ।" तब उहाँले त्यस पक्षवात रोगीलाई भन्नु
भयो, "म तिमीलाई भन्छु, उठ, तिम्रो बिछौना बाँध
अनि घर जाऊ।"

[२५]सबैको अघि त्यो तुरन्तै उठ्यो, आफ्नो विछ्यौना
च्याप्यो अनि परमेश्वरको प्रशंसा गर्दै घरतिर लाग्यो।
[२६]सबै मानिसहरू चकित भए। अनि परमेश्वरको प्रशंसा
गर्न थाले। तिनीहरू भयभित भए अनि भने, "हामीले
आज अचम्भका कुराहरू देख्यौं।"

## लेवी (मत्ती) येशूलाई पछ्याउँछन्

*(मत्ती ९:९-१३; मर्कूस २:१३-१७)*

[२७]यसपछि येशू बाहिर गए अनि कर-कार्यालयमा
एकजना कर-संग्रहकर्त्तालाई बसिरहेको देखे। त्यसको
नाउँ लेवी थियो। येशूले त्यसलाई भने, "मेरोपछि लाग।"
[२८]लेवी जुरूक्क उठ्यो अनि प्रत्येक कुरा छोड़ेर येशूको
पछि लाग्यो।

[२९]तब लेबीले येशूको निम्ति आफ्नो घरमा एक
भव्य भोजको व्यवस्था मिलायो। त्यहाँ कर-उठाउनेहरू
र अरू मानिसहरूको पनि ठूलो भीड़ थियो जो
तिनीहरूसँगै मेचमा खाँदैथे। [३०]तर फरिसीहरू र नियमका
शास्त्रीहरू चेलाहरूका विरुद्धमा यसो भन्दै गनगनाउन
लागे, "तिमीहरू कर उठाउनेहरू र पापीहरूसित किन
खान-पीन गर्छौ?"

[३१]येशूले उत्तर दिए, "निरोगीलाई वैद्यको आवश्यक
पर्दैन तर रोगीहरूलाई वैद्यको आवश्यक पर्छ। [३२]म
धार्मिक मानिसहरूलाई बोलाउनु आएको होइन, तर म
त पापीहरूलाई तिनीहरूका हृदय र रहन-सहन परिवर्त्तन
गर भनी बोलाउनु यहाँ आएको हुँ।"

## येशूद्वारा उपवास-विषयको प्रश्नमा उत्तर

*(मत्ती ९:१४-१७; मर्कूस २:१८-२२)*

[३३]तिनीहरूले येशूलाई भने, "फरिसीहरूले झैं यूहन्नाको
चेलाहरूले पनि समय समयमा उपवास र प्रार्थना
गर्दछन्। तर तँपाईको चेलाहरू त सधैं खान र पिउनमा
मात्र छन्।"

[३४]येशूले तिनीहरूलाई भन्नुभयो, "कुनै पनि विवाहमा,
जन्तीहरूलाई दुलहा तिनीहरूका साथमा बसुञ्जेल उपवास
बस्न सक्तैन। [३५]तर समय यस्तो आउँछ जब दुलहा
तिनीहरूबाट छुट्टिनु पर्दछ। त्यस समय तिनीहरू उपवास
बस्नेछन्।"

[३६]येशूले तिनीहरूलाई यो दृष्टान्त सुनाउनु भयो:
"कुनै मानिसले नयाँ लुगा च्यातेर पुरानो लुगा टाल्दैन।
किन? किनभने त्यसो गरे नयाँ लुगा बिग्रन्छ, अनि
टालेको टुक्रा पुरानो लुगासँग मिल्दैन। [३७]कसैले पनि
नयाँ दाखरसलाई पुरानो दाखरसको भाँड़ामा कहिल्यै
भर्दैन। किन? किनभने नयाँ दाखरसले मशकहरू फुटाउँछ।
जसले गर्दा दाखरस चुहेर जान्छ औ मशकहरू पनि
नष्ट हुन्छन्। [३८]मानिसहरूले सँधै नयाँ दाखरसलाई नयाँ
मशकमा राख्छन्। [३९]कसैले पनि पुरानो दाखरस पिए
पछि नयाँ दाखरस पिउन खोज्दैन। किनभने उसले भन्छ,
'पुरानो दाखरस नै असल।'"

## शबाथको दिनको येशूनै प्रभु

*(मत्ती १२:१-८; मर्कूस २:२३-२८)*

६ एक समय, शबाथको दिनमा येशू अन्नको खेतहरू
भएर जाँदै थिए। उहाँका चेलाहरूले अन्नका बालाहरू
टिप्दै तिनीहरूको हातमा माँड़िर खाए। [२]कोही फरिसीहरूले
भने, "तिमीहरू किन त्यसो गर्दैछौ? शबाथको दिनमा
यसो गर्नु मोशाको व्यवस्थाको विरुद्ध हो?"

[३]येशूले उत्तर दिनु भयो, "तिमीहरूले पढ़ेका छैनौ
दाऊदले जब तिनी र तिनीसित हुनेहरू भोकाएका थिए
तब के गरेका थिए? [४]दाऊद परमेश्वरका घर गए अनि
तिनले परमेश्वरलाई चढ़ाएको रोटी लिए अनि खाए।
अनि तिनले रोटीहरू आफूसँग हुने मानिसहरूलाई बाँड़े।

वास्तवमा यो मोशाको व्यवस्था विरुद्ध थियो। व्यवस्था
अनुसार केवल पूजाहारीहरूलाई मात्र यस्तो रोटी खान
अनुमति छ।" ५अनि येशूले फरिसीहरूलाई भने, "मानिसका
पुत्र नै शबाथ दिनको प्रभु हुन्।"

### शबाथको दिनमा येशूद्धारा एकजना मानिस निको

*(मत्ती १२:९-१४; मर्कूस ३:१-६)*

६अर्को एक शबाथको दिन येशू सभा घरमा गए।
उनले मानिसहरूलाई उपदेश दिए। एकजना दाहिने हात
सुकेको मानिस त्यहाँ थियो। ७व्यवस्थाका शास्त्रीहरू र
फरिसीहरू त्यो शबाथको दिन पनि येशूले कसैलाई
निको पार्छन् कि भनेर हेर्दै बसिरहेका थिए। तिनीहरू
चाहन्थे येशूबाट केही भूल होस् अनि उनलाई दोष
लगाउन पाइयोस्। ८तर येशूले तिनीहरूले के विचार
गर्दैछन् भनी बुझी हाल्नु भयो। उहाँले त्यो सुकेको हात
भएको मानिसलाई भन्नुभयो, "उठ, अनि यी मानिसहरूको
अघाड़ि उभ।" यसकारण त्यो मानिस जुरूक्कै उठ्यो अनि
त्यहाँ उभियो। ९येशूले तिनीहरूलाई भन्नु भयो, "म
तिमीहरूलाई सोध्दछु शबाथको दिनमा के काम गर्न
उचित होला: राम्रो वा नराम्रो? जीवन बँचाउनु वा जीवन
नाश गर्नु?" १०येशूले ती वरिपरि बसेका सबैलाई
हेर्नुभयो। अनि त्यस मानिसलाई भने, "खोई मलाई तिम्रो
हात हेर्न देऊ।" त्यस मानिसले उहाँलाई हात देखायो।
त्यसको हात तुरन्तै निको भइहाल्यो। ११फरिसीहरू र
कानूनका शास्त्रीहरू साह्है रिसाए। तिनीहरू आपसमा
तर्क गर्न लागे, "येशूलाई हामी के गर्नु पर्ने हो?"

### येशूद्धारा बाह्रजना चेलाहरूको चुनाइ

*(मत्ती १०:१-४; मर्कूस ३:१३-१९)*

१२त्यस समयमा येशू एउटा डाँड़ामा गएर प्रार्थना गर्ने
गर्नु हुन्थ्यो। सारा रात तिनले प्रार्थना गरेर बिताउनु
हुन्थ्यो। १३भोलिपल्ट विहान, उनले आफ्नो चेलाहरूलाई
बोलाए। तीमध्ये बाह्रजनालाई तिनले छाने। उहाँले
तिनीहरूलाई "प्रेरित" नाउँ दिए। तिनीहरू थिए: १४शिमोन
(येशूले तिनलाई पत्रुस नाउँ राख्नु भएको थियो) र
अंन्द्रियास पत्रुसको भाइ; याकूब र यूहन्ना, फिलीप र
बर्थुलमाई; १५मत्ती, थोमा, याकूब (अल्फाइको छोरो),
अनि शिमोन (जसलाई जेलोट* पनि भनिन्छ), १६यहूदा
(याकूबको छोरो) अनि यहूदा इस्करयोती। यो यहूदा नै
तीमध्ये एकजना हो जसले येशूलाई शत्रुहरूको हातमा
सुम्पेको थियो।

### येशूद्धारा मानिसहरूलाई शिक्षा अनि उपचार

*(मत्ती ४:२३-२५; ५:१-१२)*

१७येशू र प्रेरितहरू डाँड़ाबाट ओर्लेर आए। उनी
त्यहाँ एउटा सम्म जग्गामा उभिए। उहाँका चेलाहरूको
एउटा ठूलो भीड़ त्यहाँ थियो। अनि टायर र सायडन
सागरतटका नगरहरूबाट र यहूदियाका सबै ठाउँबाट,
यरूशलेमबाट आएका धेरै मानिसहरू पनि त्यहाँ थिए।
१८तिनीहरू सबै त्यहाँ उहाँलाई सुन्न र आफुलाई निरोग
पार्न आएका थिए। उहाँले शैतानको दुष्टात्माले पीड़ित
मानिसहरूलाई निको पारिदिए। १९सबैले येशूलाई छुने
चेष्टा गरिरहेका थिए, किनभने उहाँबाट शक्ति ती
सबैलाई निको पार्दै बाहिर निस्किरहेथ्यो।
२०उनले आफ्ना चेलाहरूलाई हेरे अनि भने,

"हे दीन मानिसहरू, तिमीहरूलाई आर्शीवाद छ,
किनभने परमेश्वरको राज्य तिमीहरूकै हो।
२१ तिमीहरू, जो अहिले भोकाएकाहरूलाई पनि
आशीर्वाद छ, किनभने तिमीहरू तृप्त हुनेछौ।
तिमीहरू, जो अहिले रोइरहेकाहरूलाई आर्शीवाद
छ, किनभने तिमीहरू खुशीसँग हाँस्नेछौ।

२२"मानिसको पुत्रको कारणले यदि तिमीहरूलाई
मानिसहरूले घृणा गरे, आफ्नो समूहबाट निकाली दिए,
तिनीहरूले निन्दा गरे, तिनीहरूले तिमीहरूलाई अस्वीकारे
तिमीहरू धन्य हौ। २३त्यसबेला रमाऊ अनि खुशीले
उफ्र किनभने स्वर्गमा तिमीहरूले ठूलो इनाम पाउनेछौ।
तिनीहरूका पुर्खाहरूले अगमवक्ताहरूलाई त्यसै गरेथे,
त्यसरीनै ती मानिसहरूले तिमीहरूलाई पनि त्यही व्यवहार
गर्नेछन्।
२४ "तर धनी मानिसहरू हो तिमीहरूलाई हाय,
किनभने तिमीहरूले सुखी जीवन भोगेकाछौ।
२५ तिमी अघाएकाहरूलाई, हाय, किनभने तिमीहरू
भोकाउनेछौ। तिमी अहिले हाँसिरहेकाहरूलाई,
हाय, किनभने तिमीहरू शोक गर्नु र रूनु
पर्नेछ।

---

**जेलोट** जेलोटहरू एक यहूदी राजनैतिक दलकाहरू थिए।

[२६]"हाय, तिमीहरूको बारेमा मानिसहरूद्धारा प्रशंसा
गरिएको भए पनि, किनभने तिनीहरूका पुर्खाहरूले पनि
झूटो अगमवक्ताहरूलाई सधैं प्रशंसा गरे।

### शत्रुहरूलाई प्रेम गर
*(मत्ती ५:३८-४८; ७:१२)*

[२७]"म तिमीहरूलाई भन्दछु जसले मलाई सुनिरहेका
छौ, आफ्ना शत्रुहरूलाई प्रेम गर। जसले तिमीहरूलाई
घृणा गर्छन तिनीहरूलाई पनि राम्रै गर। [२८]तिमीहरूलाई
सराप्नेहरूलाई पनि आर्शीवाद देऊ। तिमीहरूसित दुर्व्यवहार
गर्नेहरूको लागि पनि प्रार्थना गर। [२९]यदि कसैले
तिमीहरूको गालामा थपड़ लगाए उसलाई अर्को गाला
पनि थापी देऊ। यदि कसैले तिम्रो कोट लगेको छ भने
उसलाई कमीज लिनु नरोक। [३०]जसले माग्छ प्रत्येकलाई
देऊ। यदि कसैले तिम्रो केही लगेको छ भने उसलाई
त्यो चीज फर्काई नमाग। [३१]अरूबाट तिमी जे माग्छौ,
अरूको निम्ति त्यही गरी देऊ। [३२]जसले तिमीहरूलाई
प्रेम गर्छन तिनीहरूलाई मात्र प्रेम गरे, तिमीहरू कुनै
प्रशंसाको योग्य हुन सक्छौ? अँह। पापीहरू पनि
तिनीहरूलाई प्रेम गर्नेहरूलाई प्रेम नै गर्दछन्। [३३]यदि
तिमी ती मानिसहरूको निम्ति मात्र भलाई गर्छौ जजसले
तिम्रो भलाई गर्छन, भने के तिमी प्रशंसाको योग्य हुन
सक्छौ? होइन, कारण यस्तो त पापीहरूले पनि गर्छन्।
[३४]यदि फिर्ता पाउने आशामा तिमी कसैलाई ऋृण दिन्छौ
भने के तिमी प्रशंसाको योग्य हुन सक्छौ? होइन,
पापीहरू पनि पापीहरूलाई त्यति नै फिर्ता पाउने आशामा
ऋृण दिन्छन्। [३५]यसैले आफ्ना शत्रुहरूलाई प्रेम गर।
तिनीहरूसँग राम्रो गर, अनि तिनीहरूबाट केही आशा
नराखी ऋृण देऊ। यदि तिमीहरूले यसो गर्‍यौ भने
तिमीहरूले ठूलो इनाम पाउनेछौ, तिमीहरू परम परमेश्वरका
बालकहरू झैं हुनेछौ किनभने परमेश्वर बैगुनी तथा
दुष्टहरूप्रति पनि कृपालु हुनुहुन्छ। [३६]जस्तो तिम्रा पिता
प्रेम र दयालु छन् त्यस्तै प्रेम र दयालु बन।

### आफैले आफैलाई नियाल
*(मत्ती ७:१-५)*

[३७]"अरूको न्याय नगर, अनि अरूले पनि तिम्रो
न्याय गर्ने छैन। अरूलाई भर्त्सना नगर, अनि अरूले
पनि तिम्रो भर्त्सना गर्दैन। अरूलाई क्षमा गर, अनि
तिमीले पनि क्षमा पाउने छौ। [३८]अरूलाई दिने गर अनि
तिमीले पनि पाउनेछौ। तिमीहरूले राम्रो ओजनमा पाउने
छौं, तिमीहरूलाई खाँदी खाँदी, हल्लाँउदै काखमा पोखिने
गरी पाउनेछौ जुन नापले तिमी अरूलाई दिदछौ परमेश्वरले
पनि तिमीहरूलाई त्यही नापले दिनेछन्।"

[३९]येशूले तिनीहरूलाई यो दृष्टान्त भने: "के एउटा
अन्धाले अर्को अन्धालाई डोर्‍याउन सक्छ? अँहँ! दुवै नै
खाड़लमा जाकिनु पुग्नेछ। [४०]एउटा शिष्य आफ्नो गुरूभन्दा
माथि हुन सक्तैन। तर प्रत्येक मानिस जसले पूर्णरूपले
सिकिसक्छ तब मात्र उ गुरू झैं बन्नसक्छ।

[४१]"जब तिमी आफ्नो आँखामा गत्तिलो छेस्का
पसेको थाहा पाउदैनौ, भाइको आँखामा परेको धुलो
किन देख्छौ? [४२]तिमीहरूले कसरी आफ्नो भाइलाई
भन्नसक्छौ, 'ए भाइ, मलाई तिम्रो आँखामा भएको धुलो
निकाल्न देऊ।' जब तिमीहरूले आफ्नो आँखामा परेको
ठूलो छेस्कालाई पनि देख्न सक्तैनौ। तिमीहरू कपटी
छौ। पहिले, तिमीहरू आफैले आफ्नो आँखाबाट ठूलो
छेस्का निकाल। त्यसपछि तिमीहरूले स्पष्टसँग तिमीहरूको
भाइको आँखामा परेको धुलो निकाल्न देख्नेछौ।

### दुइ प्रकारले फल
*(मत्ती ७:१७-२०; १२:३४-३५)*

[४३]"एउटा खराब बोटले असल फल कहिल्यै दिँदैन।
त्यसरी नै एउटा नराम्रो बोटले राम्रो फल दिनु सक्तैन।
[४४]हरेक बोट त्यसले दिएको फलबाट चिन्न सकिन्छ।
मानिसहरूले काँड़े पोथ्राबाट नेभारा बटुल्न सक्तैनन्।
अनि तिनीहरूले काँड़े पोथ्राबाट अंगुर बटुल्न सक्तैनन्।
[४५]एउटा असल मानिस आफ्नो हृदयमा असल कुरा नै
राख्छ। अनि उसले आफ्नो हृदयबाट असल कुरा बाहिर
निकाल्दछ। तर एउटा दुष्ट व्यक्तिले आफ्नो हृदयमा दुष्ट
कुराहरू नै राखेको हुन्छ। अनि उसले नराम्रा कुराहरू
नै बाहिर निकाल्दछ। जुन कुरो हृदयमा परिपूर्ण छ त्यही
नै मुखबाट निस्कन्छ।

### दुइ प्रकारका मानिसहरू
*(मत्ती ७:२४-२७)*

[४६]"जब मैले भनेको मान्दैनौ भने किन मलाई 'प्रभु,
प्रभु' भन्दछौ? [४७]हरेक मानिस जब म कहाँ आउँदछ
अनि मेरो वचनहरू सुन्दछ र पालन गर्छ, म तिमीहरूलाई

उहाँ कस्ता हो देखाउनेछु। ४८उ एकजना घर बनाउने
मानिस जस्तै नै हो। उसले गहिरो खनेर बलियो
चट्टानमाथि जग बसाल्न सक्नेछ। जतिबेला नदीमा बाढ़ी
आँउछ पानीले घरलाई धक्का दिन्छ तर त्यसले घरलाई
हल्लाउन सक्तैन कारण त्यो घर राम्ररी बनिएको हुन्छ।
४९तर जो मानिस मेरो वचन सुन्छ तर पालन गर्दैन भने
त्यो मानिस राम्ररी घड़ेरी नबसाई घर बनाउने मानिस
जस्तै हो जसको घर नदीको वाढ़ीको झोक्काँ लाग्दै झट्टै
पल्टिन्छ औ सम्पूर्ण रूपले ध्वंश हुन्छ।"

### येशूद्वारा एकजना नोकर निको

*(मत्ती ८:५-१३; यूहन्ना ४:४३-५४)*

**७** जब येशूले मानिसहरूलाई उपदेश दिई सिध्याउनु
भयो उहाँ कफर्नहुम जानु भयो। २कफर्नहुममा
एकजना सैनिक अफिसर थियो। उसको एकजना नोकर
सिकिस्त बिमारी थियो; त्यो मर्नै लागेको थियो। त्यस
अफिसरले नोकरलाई खुबै माया गर्ने गर्थ्यो। ३जब
उसले येशूको बारेमा सुन्यो तब बूढ़ा यहूदी प्रधानहरूलाई
उनीकहाँ पठाए। त्यस नोकरलाई बचाउनुको लागि
आउन भनी बिन्ती गर्न पठायो। ४ती मानिसहरू येशूकहाँ
गए, अनि त्यो अफिसरलाई सहायता गर्नु मार्मिक
तरिकाले आग्रह गर्दै भने, "त्यो अफिसर तपाँईको
सहायता पाउनु साँच्चै योग्यको छ।" ५तिनले हाम्रा
मानिसहरूलाई माया गर्छन र हाम्रो निम्ति सभाघर पनि
बनाइदिएका छ।"
६यसकारण येशू ती मानिसहरूसँग गए। उनी घरबाट
टाढ़ा पुग्दै अफिसरले आफ्ना साथीहरूलाई उहाँसँग यसो
भनी विन्ती गर्न पठायो, "हे प्रभु, तपाईं मेरो घरमा
आउने कष्ट नगर्नुहोस्। तँपाई जस्तो व्यक्ति मेरो घरमा
पाउ कष्ट गर्न योग्यको म छैन। ७यसकारण म आफै
पनि तपाईंकहाँ व्यक्तिगत रूपमा जान योग्यको सम्भिन्न
तँपाईले आदेश मात्र दिनुहोस् मेरो नोकर जाती हुन्छ।
८तपाईंको अधिकार मलाई थाहा छ। म पनि अरू
मानिसहरूको अधिकारको वशमा छु। अनि मेरो अधिकारमा
सैनिकहरू छन् यदि म एकजना सैनिकलाई भन्दछु,
'जाऊ', अनि त्यो जान्छ। अनि अर्को सैनिकलाई
भन्दछु, 'आऊ', अनि त्यो आउँछ। अनि यदि मेरो
नोकरलाई भन्दछु, 'यो गर', अनि त्यसले गर्छ।"
९जब येशूले यी कुरा सुन्नु भयो, उहाँ छक्क पर्नु
भयो। येशू उनलाई पछ्याएर आउने मानिसहरू पट्टि
फर्के अनि भने, "म तिमीहरूलाई भन्छु, मैले यस्तो
विश्वास सारा इस्राएलमा पनि पाइन।"
१०येशूलाई बोलाउन गएका सबै मानिसहरू घर
फर्किए। तिनीहरूले त्यो नोकरलाई निको भइसकेको
भेटे।

### येशूद्वारा एकजना मानिसले जीवन पाउँदछ

११अर्को दिन येशू नैन भन्ने शहरमा गए। उहाँका
चेलाहरू र धेरै मानिसहरू पनि उनी सँगै गहरहेका
थिए। १२जब येशू शहरको फाटक नजिक पुगे, उनले
मुर्दा लगिरहेको देखे। एउटी विधवीको एउटै भएको
छोरो मरेको थियो। जब लाश लगिरहेको थियो शहरका
धेरै मानिसहरू ती विधवीसँग थिए। १३जब प्रभु येशूले
तिनलाई देखे तिनी त्यस विधवाको निम्ति हृदयबाट
दुःखी भए। तिनलाई भने, "नरोऊ।" १४येशू शवपेटिकाको
नजिक पुग्नु भयो अनि त्यसलाई छुनु भयो। लाश
लगिरहेका मलामीहरू टक्क अड़िए। उनले त्यो मरेको
केटोलाई भने, "ए युवक, म तिमीलाई भन्दछु, उठ।"
१५त्यसपछि त्यो मेरेको केटो तत्कालै उठेर बस्यो अनि
बात गर्न शुरू गऱ्यो। येशूले त्यस केटो त्यसको
आमालाई सुम्पिदिए।
१६सबै मानिसहरू छक्क परे अनि यसो भन्दै परमेश्वरलाई
प्रशंसा गरे, "एकजना महान अगमवक्ता हामीकहाँ
आउनु भएको छ।" अनि तिनीहरूले यो पनि भन्दै थिए,
"परमेश्वरले आफ्ना मानिसहरूको हेरचाह गरिरहनु भएको
छ।"
१७उहाँको विषयको यो खबर सारा यहूदिया र
यसको वरिपरि देशमा फिँजियो।

### यूहन्नाद्वारा एउटा प्रश्न

*(मत्ती ११:२-१९)*

१८यूहन्नाका चेलाहरूले यी सब घटनाहरूको विषयमा
तिनलाई जानकारी गराए। यूहन्नाले आफ्ना चेलाहरूमध्ये
दुइजनालाई बोलाए। १९यूहन्नाले तिनीहरूलाई प्रभु येशूसँग
सोध्न पठाए, "एकजना जो आउनेवाला थिए तँपाई नै
हुनु हुन्छ? अथवा अझ अरूलाई नै पर्खनु पर्छ?"
२०त्यसपछि मानिसहरू येशूकहाँ आए। तिनीहरूले
भने, "बप्तिस्मा दिने यूहन्नाले हामीलाई यो सोध्नलाई

तपाईंकहाँ पठाएका छन्, 'के आउनेवाला तपाईं नै हुनुहुन्छ, अथवा हामी अर्को बाटो हेरौं?'"

२१त्यसै बेला, येशूले धेरैलाई तिनीहरूको रोग, व्यथा र शैतानबाट दुष्ट आत्माहरू छुटाउनु भयो। उनले धेरै अन्धो मानिसलाई पनि देख्नसक्ने बनाए। २२अनि उनले यूहन्नाको चेलाहरूलाई भने, "तिमीहरूले यहाँ जे कुराहरू देख्यौ अनि सुन्यौ गएर यूहन्नालाई भन। अन्धो मानिस पनि निको भयो र देख्ने भयो। लङ्गड़ाहरू हिँड़नथाले। कोढ़ीहरू कोढ़रहित भए। बहिराहरूले सुन्न थाले। मरेकाहरूले जीवन पाए। अनि गरीब मानिसहरू परमेश्वरको राज्यको सुसमाचारहरू सुनिरहेका छन्। २३कसैले मलाई ग्रहण गर्दा समस्यामा पर्दैन भने त्यो अनुगृहित पुरुष धन्य हो।"

२४जब यूहन्नाको चेलाहरू गए, येशूले यूहन्नाको विषयमा भन्न लाग्नु भयो: "तिमीहरू उजाड़-स्थानमा के हेर्न जान्छौ? बतासले हल्लाइरहेको निगालोलाई ? २५मरूभूमिमा तिमीहरू के हेर्न आयौ? एउटा सुन्दर वस्त्र लगाएको मानिस हेर्नलाई? होइन। सुन्दर र राम्रा वस्त्रहरू लगाउनेहरू त राज-दरवारमा बस्छन्। २६साँच्चै, तिमीहरू यहाँ के हेर्न आयौ? एकजना अगमवक्ता? अँ, म तिमीहरूलाई भन्दछु, यूहन्ना अगमवक्ता भन्दा पनि श्रेष्ठ हुन्। २७उनी ती व्यक्ति जसको विषयमा यस्तो लेखिएको छ:

> 'सुन! म आफ्नो सहयोगीलाई तिम्रो अघि
> पठाउँछु। उसले तिम्रो अघि बाटो तयार पार्नेछ।'
> *मलाकी ३:१*

२८म तिमीहरूलाई भन्दछु, यूहन्नानै अहिलेसम्म जन्मेका मानिसहरूमा सबभन्दा ठूलो हुन्। तापनि जो परमेश्वरको राज्यमा सानो छ त्यो तिनीभन्दा ठूलो छ।"

२९जब मानिसहरूले यस विषयमा सुने, तिनीहरूले माने कि परमेश्वरको शिक्षा राम्रो छ। ती कर उठाउनेहरू पनि सहमत भए। ती मानिसहरूलाई यूहन्नाद्वारा नै बप्तिस्मा गराइएको थियो। ३०तर फरिसीहरू र व्यवस्थाका शास्त्रीहरूले तिनीहरूको लागि बनाइएको परमेश्वरको अभिप्रायलाई तिनीहरूको निम्ति यूहन्नाबाट बप्तिस्मा लिन अस्वीकार गरेर रद्ध गरे।

३१"यस युगको मानिसहरूको विषयमा मैले कसरी वर्णन गर्नु? तिनीहरू के जस्ता छन्? ३२ऐलेका मानिसहरू बजारमा बसिरहेका केटा-केटीहरू जस्तै छन्। एउटा दलको नानीहरूले अर्को दलको नानीहरूलाई बोलाउँछन् अनि भन्छन्:

> 'हामीले तिमीहरूको निम्ति बाँसुरी बजायौं, तर
> तिमीहरू नाचेनौ; हामीले बिलौनाका गीत गायौं
> तर तिमीहरू रोएनौ।'

३३बप्तिस्मा दिने यूहन्ना आए तर अरू मानिसहरूले जस्तो खानेकुरा खाएनन् अनि दाखरस पिएनन्। अनि तिमीहरू भन्दछौ, 'उसलाई भूत लागेको छ।' ३४मानिसको पुत्र चाँहि अरू मानिसहरू झैं खाँदै र दाखरस पिउँदै आए। अनि तिमीहरू भन्दछौ, 'हेर उसलाई। खुब खान्छ अनि पिउँछ। कर-उठाउनेहरू र पापीहरूको मित्र हो उ।' ३५तर कार्यहरूको आधारमा ज्ञान सही प्रमाणित हुन्छ।"

### शिमोन फारिसी

३६फरिसीहरूमध्ये एकले येशू सँगै बसेर खानु निम्त्याए। उनी फरिसीको घरमा गए अनि खानु बसे। ३७त्यो शहरमा एकजना पापी स्त्री थिई। त्यसले येशूलाई फरिसीको घरमा खाना खाएको थाहा पाई। त्यसले एउटा स्फटिकको पात्रमा केही सुगन्धित लिएर आई। ३८त्यो येशूको पछि चरण छेउमा रूदैं उभिई। त्यसले आफ्नो आँसुले येशूको चरण भिजाउनु थाली। त्यसले आफ्नो केश राशिले उहाँको चरण पुछी त्यसले चरणमा म्वाईं खाई अनि सुगन्धित खनाइदिई। ३९त्यो फरिसी जसले येशूलाई आफ्नो घरमा निम्तो दिएको थियो उसले पनि यी सब देखे। उसले मनमनै सोचे, "यदि यो मानिस अगमवक्ता हुँदो हो, उसले जान्ने थियो कि त्यो स्त्री जसले उसको पाउ छुइरहेकी छे उ को अनि कुन स्तरकी हो। किनभने त्यो पापिनी हो।"

४०येशूले फरिसीलाई भन्नुभयो, "शिमोन, तिमीलाई मैले केही भन्नु छ।"

शिमोनले भने, "तपाईंले मलाई के भन्नु चाहनुहुन्छ? गुरुज्यू!"

४१येशूले भने, "त्यहाँ दुइजना मानिस थिए। दुवैले एउटै महाजनबाट ऋृण लिएका थिए। तिनीहरू मध्ये एकजनाले ५०० चाँदीको सिक्का लिएका थिए। अर्कोले ५० चाँदीको सिक्का लिएका थिए। ४२तिनीहरूकोमा

त्यत्ति पैसा थिएन, यसले गर्दा तिनीहरूले आफ्नो ऋृण
चुक्ता गर्नसकेनन्। तर महाजनले ती दुवैको ऋृण मोचन
गरिदियो। ती दुइजनाहरूमध्ये कसले त्यो महाजनलाई धेरै
माया गर्थ्यो होला?"

४३शिमोनले भन्यो, "मेरो विचारमा जसले धेरै ऋृण
लगेको थियो त्यसैले उहाँलाई धेरै माया गर्थ्यो होला।"

येशूले शिमोनलाई भन्नुभयो, "तिम्रो कुरा ठीक हो।"
४४त्यसपछि उनले त्यस स्त्रीलाई हेरेर शिमोनलाई भन्नु
भयो, "तिमीले यो स्त्रीलाई देख्यौ? जब म तिम्रो घरमा
आएँ, तिमीले मेरो खुट्टा धुनु पानी दिएनौ। तर त्यसले
मेरो खुट्टाहरू त्यसको आँसुले धोइ दिई अनि केश
राशिले पुछिदिई। ४५तिमीले मलाई म्वाईं खाएनौ, तर
उसले भने म यहाँ आएदेखि मेरो खुट्टामा म्वाईं खान
रोकिएकी छैन। ४६तिमीले मेरो टाउकोमा तेल घसिदिएनौ,
तर उसले मेरो चरणमा सुगन्ध दलिदिई। ४७यसकारण म
तिमीलाई भन्दछु कि उसको धेरै पापहरू क्षमा भयो।
यति स्पष्ट छ कि उसले धेरै माया देखाई। जसलाई
केही पाप क्षमा गरिन्छ उसले कम्ती माया पोखाँउछ।"

४८त्यसपछि येशूले स्त्रीलाई भने, "तिम्रो पापहरू
क्षमा भएको छ।"

४९खान बसेकाहरूले भन्न लागे, "यस मानिसले
आफैलाई को हो भनी ठान्छन्? पापबाट पनि क्षमा गर्ने
मानिस, यो को हो?"

५०येशूले त्यस स्त्रीलाई भने, "तिम्रो विश्वासले
तिमीलाई रक्षा गर्‍यो। अब तिमी शान्तिसित जाऊ।"

### येशूसँग एउटा समूह

८ अर्को दिन, येशूले परमेश्वरको राज्यको बारेमा
प्रचार र सुसमाचारहरू बताँउदै गाँउ, शहर औ
नगरहरू यात्रा गर्दै गए। बाह्रैजना प्रेरितहरू उनी सँगै
थिए। २त्यहाँ उनीसँग त्यस्ता स्त्रीहरू पनि थिए जसलाई
उनले रोग मुक्त तथा दुष्टात्माबाट छुटकारा पारेका
थिए। तिनीहरू माझ एकजना मरीयम नाउँ भएकी स्त्री
पनि थिई। त्यो मग्दलिनी शहरको वासिन्दा थिई।
उसकोबाट सातवटा भूतहरू निकालिएको थियो। ३अरू
पनि स्त्रीहरू: जोन्ना, चूजाकी पत्नी (हेरोदको सहयोगी)
योअन्ना, सुजाना, र धेरै अरू स्त्रीहरू त्यस स्त्रीसँग
थिई। ती स्त्रीहरूले येशू र उहाँको प्रेरितहरूलाई आफ्नै
रूपैंया पैसा दिएर मदत पुर्‍याए।

### येशूद्वारा बीउ छर्नेको कथा प्रयोग

*(मत्ती १३:१-१७; मर्कूस ४:१-१२)*

४येशूले यात्रा गर्नु भएको प्रत्येक शहरका मानिसहरू
भेला भएर उनलाई घेरी रहेका थिए। उनले तिनीहरूलाई
यो दृष्टान्त भने:

५"एकजना खेतीवाला बीउ छर्नलाई निस्क्यो। जब
त्यसले बीउ छर्न थाल्यो कतिपय बीउहरू बाटोतिर
झर्‍यो। मानिसहरूले बीउहरू टेके अनि चरा-चुरुङ्गीले
ती बीउहरू खाइदिए। ६केही बीउहरू चट्टानमा छरिए।
ती बीउहरू उम्रन थाले पनि चिसोपनको अभावले सुकी
गयो। ७कतिपय बीउहरू काँढ़ाघारीमा छरिए। ती बीउहरू
उम्रन थाले, तर पछिबाट ती काँढ़ाहरू बढ़ेर तिनीहरूलाई
पनि बढ़न रोक्यो। ८अनि कतिपय बीउहरू राम्रै जमीनमा
परे। ती बीउहरू उम्रन लागे अनि सय गुणा धेरै अन्न
दिनसक्ने भयो।"

उनले कथा भनेर शेष गर्नु भयो पछि भने,
"तिमीहरू जसले मलाई सुन्दैछौ, सुन!"

९चेलाहरूले उहाँलाई प्रश्न गरे, "यो कथाको अर्थ
के हो?"

१०येशूले भन्नु भयो, "तिमीहरूलाई परमेश्वरको
राज्यको रहस्य जान्नलाई मौका दिइएको छ। तर
दृष्टान्तहरू म अरू मानिसहरूलाई पनि प्रयोग गर्दै छु।
कारण के हो भने:

> 'तथापि तिनीहरू हेर्नेछन्, तर देख्दैनन्; अनि
> तिनीहरू सुन्दछन्, तर बुझ्दैनन्।'
>
> *यशैया ६:९*

### येशूद्वारा बीउको दृष्टान्त व्याख्या

*(मत्ती १३:१८-२३; मर्कूस ४:१३-२०)*

११"यो दृष्टान्तको अर्थ के हो भने: बीउ परमेश्वरको
शिक्षा हो। १२बाटोमा झरेको बीउहरू के भए होला?
तिनीहरू पनि परमेश्वरको शिक्षा सुन्नेहरू जस्तै हुन्, तर
तब शैतान आउँछ अनि तिनीहरूका मनबाट ती शिक्षाहरू
लगेर जान्छ। त्यसैले त्यस्ता मानिसहरूले शिक्षामा विश्वास
गर्दैनन् अनि जोगिनेछन्। १३तर चट्टानमा झरेको बीऊहरू
चाँहि के हुन्? तिनी चाँहि परमेश्वरको शिक्षाहरू
सुन्नेहरू जस्तै हुन् अनि खुशीसँग ग्रहण गर्छन्। तर ती
मानिसहरू गहिरो हुँदैन। तिनीहरू केही समय सम्म मात्र

आफ्नो विश्वासमा रहन्छ। त्यसपछि जब केही परीक्षा आउँछ, तिनीहरू विश्वास गर्न छोड्छन् अनि परमेश्वरदेखि टाढ़ा बस्छन्। १४काँढ़ाघारीमा झरेको बीऊहरू चाँहि के होला? तिनीहरू पनि ती मानिसहरू जस्तै हुन् जसले परमेश्वरको शिक्षा सुन्दछन्, तर तिनीहरू जीवनका चिन्ता, धन, सुख चैनमा परेर निसासिन्छन्। त्यसैले तिनीहरूबाट फलहरू लाग्न पाउँदैन। १५अनि त्यो राम्रो जमीनमा परेको बीऊहरू चाँहि के होला? तिनीहरू पनि ती मानिसहरू जस्तै हुन् जसले परमेश्वरको शिक्षालाई असल र इमान्दार मनले सुन्दछन्। तिनीहरू परमेश्वरको शिक्षा पालन गर्दछन् अनि धैर्यसँग राम्रो फलहरू पनि फलाउँदछन्।

## आफुले बुझेजति बुझाऊ

*(मर्कूस ४:२१-२५)*

१६"कुनै मानिसले पनि बत्ती बालेर भाँड़ाले छोप्दैन अथवा खाटमुनि राख्दैन। तर त्यो मानिसले बत्ती बालेर टेबलमा नै राख्दछ जसद्वारा आउने मानिसहरूले प्रशस्त उज्यालो पाउँदछन्। १७लुकेका प्रत्येक कुराहरूनै स्पष्ट देखिनेछ अनि उज्यालोमा ल्याइनेछ। १८यसर्थ कसरी सुन्न पर्ने हो सतर्क हौऊ। जसले केही बुझ्न सक्तछ त्यसले अरू धेरै जान्न पाउँदछ। तर जसले बुझ्दैन, उसकोमा जति छ त्यो पनि हराउँछ।"

## येशूको चेलाहरूनै उनको साँचो परिवार

*(मत्ती १२:४६-५०; मर्कूस ३:३१-३५)*

१९येशूको आमा र भाइहरू उनलाई भेट्न आए। अत्यन्तै भीड़ भएको कारणले तिनीहरूले उहाँलाई भेटन गाह्रो पर्‍यो। २०कसैले उहाँलाई भने, "तपाईंको आमा र भाइहरू तपाईंलाई बाहिर पर्खेर उभिरहेकाछन्। तिनीहरू भेट्न चाहन्छन्।"

२१येशूले तिनीहरू सबैलाई उत्तर दिनुभयो, "मेरा आमा र मेरा भाइहरू तिनीहरू हुन् जसले परम्मेश्वरको शिक्षा सुन्दछन् अनि त्यसलाई पालन गर्दछन्।"

## चेलाहरू येशूको शक्ति हेर्दछन्

*(मत्ती ८:२३-२७; मर्कूस ४:३५-४१)*

२२एक दिन येशू अनि चेलाहरू एउटा डुङ्गामा चढ़े। उहाँले तिनीहरूलाई भने, "आऊ मसित झीलको अर्को पट्टि जाऔं।" अनि तिनीहरू हिँड़न थाले। २३जब तिनीहरूले डुङ्गा खियाए, येशू निदाइहाले। झीलमा एउटा ठूलो आँधी चल्यो। डुङ्गामा पानी भरिनु थाल्यो औ तिनीहरू खतरामा पर्न गए। २४चेलाहरू येशूकहाँ गए अनि उहाँलाई व्युँझाए। तिनीहरूले भने, "मालिक! मालिक! हामी डुब्न लाग्यौ।"

येशू उठनु भयो। उहाँले आँधी र छालहरूलाई आदेश दिए। आँधी थामियो, अनि झील शान्त बन्यो। २५उहाँले चेलाहरूलाई भने, "तिमीहरूको विश्वास कहाँ छ?"

चेलाहरू डराए अनि चकित भए। तिनीहरू आपसमा कुरा गर्न लागे, "उनी कस्ता मानिस हुन्? उनी आँधी र छाललाई आदेश दिन्छन् अनि तिनीहरू पनि उनको आदेश पालन गर्छन्।"

## दुष्टात्मा लागेको मानिस

*(मत्ती ८:२८-३४; मर्कूस ५:१-२०)*

२६तिनीहरू झीलमा डुङ्गा खियाउँदै थिए। उनीहरू गालील पारीको इलाकामा पुगे जहाँ गेरासिन मानिसहरू बस्थे। २७जब येशू त्यो डुङ्गाबाट उत्रे, त्यसैबेला शहरबाट आएको एकजना मानिस उनलाई भेटन आए। त्यस मानिसलाई भूत लागेको थियो। त्यस मानिसले धेरै समयदेखि लुगा लाउँदैन थियो। त्यो मानिस घरमा नबसेर चिहानघारी तिर बस्थ्यो। २८-२९त्यसलाई भूतले धेरै पटक समात्ने गरेको थियो। त्यसलाई जेलमा राखियो अनि हात खुट्टाहरू साँग्लोले बाँधियो। तर त्यस मानिसले सधैं साँग्लोहरू चुड़ाउथ्यो, अनि उसलाई भूतले एकान्त ठाँउतिर खेदथ्यो। तर येशूले त्यस मानिसबाट त्यो भूत-आत्मालाई बाहिर निस्किने आदेश दिनुभयो। त्यो मानिस येशूको अघाड़ि घोप्टेर ठूलो स्वरले चिच्यायो, "हे, परमेश्वरको पुत्र येशू, मबाट तपाईं के चाहनुहुन्छ? हे सर्वोच्च परमेश्वरको पुत्र, दया गरी मलाई यातना नदिनुहोस्।"

३०येशूले त्यसलाई सोध्नु भयो, "तिम्रो नाम के हो?"

त्यस मानिसले जवाफ दियो, "लेजिअन।"* त्यसले "लेजिअन" भन्यो किनभने धेरै शैतानहरू उ भित्र पसेका छन्। ३१ती भूतहरूले तिनीहरूलाई अनन्त अँध्यारोमा

---

**लेजिअन** धेरै मानिस, रोम सेनामा भएको ५,००० मानिसलाई लेजिअन भनिन्छ।

नपुराइयोस् भनी याचना गरे। ३२त्यस पहाड़मा एउटा
ठूलो बथान सुङ्गूरहरू चरिरहेको थियो। ती भूतहरूले
तिनीहरूलाई सुँगुरहरूमा पसाइदिनुहोस् भनी येशूलाई
बिन्ती गरे अनि उनले तिनीहरूलाई त्यसै गर्ने अनुमति
दिनुभयो। ३३तब भूतहरू त्यो मानिसबाट निस्क्यो अनि
सुँगुरहरूमा पस्यो। त्यति भएपछि सुँगुरहरू पहाड़ र
समुद्रको किनार तिर भागाभाग गर्न लाग्यो। सबै
सुँगुरहरू डुब्यो।

३४जब सुँगुर गोठालाहरूले चाल पाए, तिनीहरू पनि
भागे। तिनीहरूले यो घटना त्यहाँको बस्ती र शहरमा
सबैतिर सुनाए। ३५मानिसहरू के भयो भनेर बाहिर
निस्किए। तिनीहरू येशूकहाँ आए अनि त्यहाँ त्यो मानिस
जसबाट भूतहरू भागेको थियो उनको खुट्टामा बसिरहेको
पाए। त्यो मानिसले लुगा लगाएको थियो अनि त्यसको
मनोस्थिति ठीकै थियो। मानिसहरू डराए। ३६मानिसहरू
जो त्यस घटनाको दर्शक थिए अरू मानिसहरूलाई
येशूले कसरी त्यो भूत लागेको मानिसलाई निको पार्नु
भयो बताए। ३७गेरासनका सबै मानिसहरूले येशूलाई
त्यस ठाँउ छाड़ी कतै जान बिन्ती गरे। तिनीहरू खुबै
डराएका थिए।

अनि उनी एउटा डुङ्गामा चढ़नु भयो अनि गालीलीतर्फ
जानु भयो। ३८त्यो मानिस जसलाई उनले निको पार्नु
भएको थियो त्यसले पनि येशूसँगै जान बिन्ती गर्‍यो। तर
येशूले यसो भन्दै त्यो मानिसलाई जान लगाए, ३९"घरतिर
जाऊ अनि परमेश्वरले तिम्रो निम्ति जे गर्नु भयो
त्यसबारे मानिसहरूलाई सुनाऊ।"

त्यसपछि त्यो मानिस येशूले त्यसको निम्ति के-के
गरे सारा शहरका मानिसहरूलाई भन्दै हिड्यो।

### येशूद्वारा मृत युवतीलाई जीवन-दान अनि विमारी स्त्रीलाई आरोग्य प्रदान

*(मत्ती ९:१८-२६; मर्कूस ५:२१-४३)*

४०जब येशू गालील फर्के, मानिसहरूले उहाँलाई
स्वागत गरे। सबैले उनकै निम्ति प्रतीक्षा गरिरहेका थिए।
४१एकजना याइरस नाउँ भएको मानिस येशूकहाँ आए।
याइरस सभाघरको प्रमुख थियो। त्यसले येशूको पाउमा
परेर उहाँलाई आफ्नो घरमा जानु बिन्ती गर्‍यो। ४२याइरसको
एउटी मात्र छोरी थिई। त्यो बाह्र बर्ष पुगेकी थिई, अनि
मर्न लागेकी थिई।

जब येशू याइरसको घरमा जानु हुँदैथ्यो, मानिसको
भीड़ले तिनलाई वरिपरिबाट ठेलमठेल गरी रह्यो।
४३एकजना बाह्र बर्षदेखि रगत बग्ने व्यथा भएकी
एउटी आइमाई पनि त्यहाँ थिई। आफ्नो सारा जेथा
वैद्यको ओखती मूलोमा खर्च गर्दा पनि तिनलाई निको
पार्ने कोही निस्केनन्। ४४त्यो आइमाई पछिपट्टि आएर
येशूको कोटको छेउ छोई। त्यसै समयदेखि त्यसको रगत
बग्न थामियो। ४५अनि येशूले भने, "मलाई कसले
छोयो?"

सबैले भने कि तिनीहरू कसैले उनलाई छोएका
छैनन्। पत्रुसले भने, "गुरुज्यू, मानिसहरू वरिपरि छन्
अनि तिनीहरूले तपाईंलाई ठेलिरहेका छन्।"

४६तर येशूले भने, "कसैले मलाई छोयो। मैले मबाट
शक्ति निस्केर गएको चाल पाएँ।" ४७जब त्यो आईमाईले
यी कुराहरू सुनी, ऊ लुक्न सकिन, उ काम्दै आई
अनि येशूको अघि निहुरिएर दण्डवत गरी। ती जम्मै
मानिसहरूको अघि त्यस आइमाईले येशूलाई स्पर्श किन
गरी अनि कसरी भट्टै आफ्नो रोगबाट मुक्त भएकी
थिई बताई। ४८येशूले त्यस आइमाईलाई भने, "मेरी
छोरी, तिम्रो विश्वासले तिमी निको भयौ। शान्तिसँग
जाऊ।"

४९जब येशू बात गरिरहेका थिए, एकजना सभाघर
प्रमुखका घरवाट आए अनि भने, "तिम्रो छोरी मरिसकेकी
छ। गुरूलाई अझ कष्ट दिने कुनै कारण परेन।"

५०येशूले यो कुरा सुने। उनले याइरसलाई भने,
"नडराऊ! केवल विश्वास गर अनि तिम्रो छोरी निको
भई हाल्नेछे।"

५१येशू त्यो घरमा जानुभयो। उहाँले आफ्नो साथमा
पत्रुस, यूहन्ना, याकूब र त्यो केटीको बाबु र आमालाई
पनि लानु भयो। उहाँले अरू मानिसहरूलाई भित्र पस्न
दिनु भएन। ५२सबै मानिसहरू त्यो केटी मरेकोमा रूँदै
शोक गरिरहेका थिए। तर येशूले भन्नुभयो, "नरोऊ।
त्यो मरेकी छैन, उ सुतिरहेकी छे।"

५३मानिसहरू येशूको कुरा सुनेर हाँस्नलागे किनभने
त्यो केटी मरकी छ भनेर तिनीहरूलाई थाहा थियो।
५४तर येशूले त्यो केटीको हात समात्नु भयो अनि
भन्नुभयो, "सानो छोरी, उठ!" ५५त्यसको प्राण फर्की
आयो, अनि त्यो जुरूक्क उठी। येशूले भने, "यसलाई
केही खान देऊ।" ५६त्यो केटीका आमाबाबुहरू छक्क

परे। उनले यो घटनाको विषयमा तिनीहरूलाई कसैलाई नभन्नु भनी आदेश दिनु भयो।

### येशूले बाह्रजना प्रेरितहरूलाई पठाए

*(मत्ती १०:५-१५; मर्कूस ६:७-१३)*

९ येशूले बाह्रजना प्रेरितहरूलाई एक साथमा बोलाउनु
भयो। उहाँले विमारीहरूलाई निको पार्ने र भूतहरूलाई
भगाउने शक्ति र अधिकार तिनीहरूलाई दिनुभयो। [२]येशूले
तिनीहरूलाई परमेश्वरको राज्यको बारेमा घोषणा गर्नु
विमारीहरू र रोग निको पार्न बाहिर पठाए। [३]उहाँले
प्रेरितहरूलाई भन्नुभयो, "जब कतै हिँड्दछौ, साथमा
लौरो खानेकुरा, झोला र पैसा-रूपियाँ केही नलैजाऊ।
आफूले शरीरमा लगाएका लुगाफाटा मात्र साथमा
लैजाऊ। [४]कुनै घरमा गयौ भने फर्किने समय नभएसम्म
त्यही बस। [५]यदि शहरका मानिसहरूले तिमीहरूलाई
स्वागत गरेनन् भने त्यो शहर देखि बाहिर जाऊ, अनि
खुट्टाको धूलो समेत टक्टकाएर जाऊ। यो तिनीहरूको
विरोधमा साक्षी हुनेछ।"

[६]त्यसकारण प्रेरितहरू बाहिर गए। तिनीहरू सुसमाचार
प्रचार गर्दै र प्रत्येक विमारी मानिसलाई निको पार्दै सबै
शहरहरूमा यात्रा गरे।

### येशूको बारेमा हेरोद अन्योल

*(मत्ती १४:१-१२; मर्कूस ६:१४-२९)*

[७]हाकीम हेरोदले यी सब घटनाहरू थाहा पाए। तिनी
अन्योलमा परे किनभने कतिजना मानिसले भने, "बप्तिस्मा
दिने यूहन्ना मृत्युबाट बैँरी उठेका छन्।" [८]अरू मानिसहरूले
भने, "एलिया हामीकहाँ आउनु भएको छ।" अनि अरू
कोही मानिसहरूले भने, "धेरै समय अघिका
अगमवक्ताहरूमा एकजना मृत्युबाट बैँरी उठेका छन्।"
[९]हेरोदले भने, "मैले यूहन्नाको टाउको छिनाएको हुँ। तर
म जसको विषयमा सुन्दैछु त्यो मानिस को हो?" हेरोदले
येशूलाई हेर्ने प्रयास गरे।

### येशूद्वारा पाँच हजार भन्दा अधिक मानिसलाई भोजन

*(मत्ती १४:१३-२१; मर्कूस ६:३०-४४; यूहन्ना ६:१-१४)*

[१०]जब प्रेरितहरू फर्कि आए, तिनीहरूले गरेका
सम्पूर्ण विवरण सुनाए। त्यसपछि येशूले तिनीहरूलाई
बेत्सैदा भन्ने एउटा शहरमा सुटुक्कै लिएर गए। [११]तर
तिनी कहाँ गए मानिसहरूले थाह पाए। तिनीहरू उहाँको
पछि लागे। तिनीहरूलाई येशूले स्वागत गरे अनि
परमेश्वरको राज्यको बारेमा तिनीहरूलाई बताए। उहाँले
विमारीहरूलाई निको पारे।

[१२]साँझमा बाह्रैजना प्रेरितहरू आए येशू कहाँ अनि
भने, "यो ठाउँमा कुनै मानिस बस्दैन, यिनीहरूलाई
फर्काइदेऊ, यी मानिसहरूलाई तिनीहरूको खाना र सुत्ने
व्यवस्थाको लागि वरिपरिकै बस्ती र शहरहरूमा जाऊन्।"

[१३]तर येशूले ती प्रेरितहरूलाई भने, "तिनीहरूको
निम्ति खानाको व्यवस्था गर।"

प्रेरितहरूले भने, "हामीसँग पाँचवटा रोटी र दुई
टुक्रा माछा मात्र छन्। के तपाईं चाहनु हुन्छ हामी गएर
तिनीहरूका लागि खानेकुरा किनेर ल्याऊँ?"

[१४]त्यहाँ तिनीहरू प्राय: पाँच हजार जति पुरुषहरू
छन्।

उनले आफ्ना प्रेरितहरूलाई भने, "तिनीहरूलाई एक
दलमा ५० जना गरेर बस्न लगाऊ।"

[१५]त्यस पछि चेलाहरूले त्यसै गरे अनि सबै मानिसहरू
भुँइमा बसे। [१६]येशूले पाँचवटा रोटी र दुइवटा माछा
लिए। उनले आकाशतर्फ हेरे अनि खानेकुराको निम्ति
परमेश्वरलाई धन्यवाद चढ़ाए। त्यसपछि तिनले ती खानेकुरा
टुक्रा टुक्रा पारे अनि प्रेरितहरूलाई दिए। उनले खानेकुरा
मानिसहरूलाई बाँड्नु प्रेरितहरूलाई अह्राए। [१७]सबैले
अघाउञ्जेल खाना खाए अनि प्रेरितहरूले उब्रेको खाना
बटुले जो बाह्र डालोमा भरी भयो।

### पत्रुस भन्छन् येशूनै ख्रीष्ट हुन्

*(मत्ती १६:१३-१९; मर्कूस ८:२७-२९)*

[१८]एकपल्ट येशू एक्लै प्रार्थनामा बसेका थिए। जम्मै
चेलाहरू एकैसाथ त्यहाँ आए। येशूले तिनीहरूलाई सोधे,
"मानिसहरूको विचारमा म को हुँ?"

[१९]चेलाहरूले भने, "कसैले तँपाईलाई बप्तिस्मा दिने
यूहन्ना हुन भन्छन्। कति मानिसहरूले तपाईंलाई एलिया
भन्छन्। अनि कति मानिसहरूले पहिलेका अगमवक्ताहरू
मध्ये जीवनमा फर्कि आएका हुन् भन्छन्।"

[२०]त्यसपछि येशूले आफ्ना चेलाहरूलाई सोधे, "अनि
तिमीहरूको विचारमा चाँहि म को हुँ?"

पत्रुसले भने, "परमेश्वरदेखि आउनु भएको तपाईं
ख्रीष्ट हुनुहुन्छ।"

२१येशूले यो कुरा कसैलाई नभन्नू भनेर तिनीहरूलाई चेतावनी दिए।

### येशू भन्नुहुन्छ उहाँ मर्नु पर्छ

*(मत्ती १६:२०-२८; मर्कूस ८:३०-९:१)*

२२त्यसपछि येशूले भने, "मानिसका पुत्रले धेरै कष्ट सहनु पर्छ। बूढ़ा  अगुवा यहूदीहरू, मुख्य पूजाहारीहरू र कानूनका शास्त्रीहरूले तिनलाई अस्वीकार गर्छन्। मानिसको पुत्रलाई मारिनेछ। तर मरेको तेस्रो दिन उनीलाई फेरि बौराई उठाइनेछ।"

२३येशूले तिनीहरूलाई भने, "यदि कसैले मलाई पछ्याउन चाहन्छ भने उसले आफ्नो सबै इच्छाहरू 'अस्वीकार' गर्नु पर्छ। उसले प्रत्येक दिन क्रूसको कष्ट भोग्नु पर्छ अनि मलाई पछ्याउनु पर्छ। २४जसले आफ्नो जीवन बँचाउन चाहन्छ भने त्यसले त्यो हराउनु पर्छ तर जसले मेरो निम्ति जीवन दिन्छ त्यो चाँहि बाँच्न पाउँछ। २५किनभने के लाभ हुन्छ यदि कसैले सारा संसार जितेर पनि आफैलाई नोक्सानमा पार्छ अथवा हराउँछ? २६यदि कुनै व्यक्ति म र मेरो शिक्षासँग लजाउँछ भने जति बेला मेरा पिताको र मेरो महिमा लिएर पवित्र स्वर्गदूतहरूसँग आँउछु त्यति बेला त्यो सित म पनि लजाँउछु। २७म तिमीहरूलाई साँचो भन्दछु तिमीहरूको मृत्यु अघि तिमीहरू मध्ये केही मानिसहरूले यहीँ उभिएर परमेश्वरको राज्य देख्नपाउने छन्।"

### मोशा, एलिया र येशू

*(मत्ती १७:१-८; मर्कूस ९:२-८)*

२८प्राय: आठ दिनपछि येशूले यी कुराहरू भने, उनले पत्रुस, यूहन्ना र याकूबलाई लिए अनि पर्वतमा गएर प्रार्थना गरे। २९जब येशूले प्रार्थना गरिरहेका थिए, उहाँको अनुहार बद्लियो अनि उनले लगाएको वस्त्र सेतो भएर चम्कने भयो। ३०दुइजना मानिस त्यहाँ प्रकट भए औ येशूसँग बात गर्न लागे। तिनीहरू मोशा र एलिया थिए। ३१मोशा र एलिया पनि चम्के अनि तिनीहरू येशूसँग उनको मृत्यु विषयमा बात गर्दै जो यरूशलेममा हुनेवाला थियो। ३२पत्रुस र अरूहरू मस्त निदाएका थिए। तिनीहरू बिउँभिए अनि येशूको महिमा देखे। तिनीहरूले येशूको साथमा बसेका दुइजना उभिएका मानिसलाई देखे। ३३जब मोशा र एलिया जान लागेका थिए, पत्रुसले भने, "हे मालिक, हामीलाई यहीँ बस्नु असल छ। हामी यहाँ तीनवटा डेरा बनाउँछौं एउटा तपाईंलाई, एउटा मोशालाई अनि एउटा एलियाको लागि।" पत्रुसले जान्दैन थियो कि उसले के भनिरहेको छ।

३४पत्रुसले जब यी कुराहरू भन्दै थिए, त्यसैबेला तिनीहरूलाई वरिपरिबाट बादलले ढाक्यो। पत्रुस, याकूब र यूहन्ना बादलले ढाकेको देखी डराए। ३५बादलबाट एउटा आवाज यसो भन्दै आयो। "यो मेरो पुत्र हो। मैले उसलाई छानेको छु। उहाँको पालन गर।"

३६जब त्यो आवाज आयो, येशू मात्र त्यहाँ थिए। पत्रुस, याकूब र यूहन्ना चुपचाप रहे। तिनीहरूले के देखे कसैलाई भनेनन्।

### येशूद्धारा दुष्टात्मा लागेको ठिटो निको

*(मत्ती १७:१४-१८; मर्कूस ९:१४-२७)*

३७भोलिपल्ट, येशू, पत्रुस, याकूब र यूहन्ना पाहाड़बाट तल झरे। मानिसको ठूलो भीड़ले उहाँलाई भेट्न आयो। ३८भीड़बाट एकजनाले चिच्याएर येशूलाई भने, "गुरुज्यू, दया गरी आउनुहोस् अनि मेरो पुत्रलाई हेरिदिनु होस्। त्यो मेरो एउटै पुत्र हो। ३९शैतानको दुष्ट आत्मा मेरो पुत्रमा आउँछ अनि त्यो त्यति नै बेला चिच्याउँछ औ त्यसले आफुमाथि वश हराउँछ अनि मुखबाट फीँज निकाल्छ। त्यो दुष्टआत्माले सँधै कष्ट दिन्छ अनि त्यसबाट फर्केर कहिल्यै जाँदैन। ४०मैले तपाँईको चेलाहरूलाई पनि त्यसबाट दुष्टात्मा निकाली दिनु भने तर तिनीहरूले त्यसो गर्न सकेनन्।"

४१येशूले उत्तर दिए, "हे अविश्वासी औ भड़किएका वंशकाहरू हो! कहिले सम्म म तिमीहरूसँग बस्नु अनि सहेर रहनु?" तब उनले त्यो मानिसलाई भने, "तिम्रो पुत्र यता ल्याऊ।"

४२जब ठिटो आउँदैथियो, त्यो भूतले त्यसलाई त्यहीँ भुँइमा पछारी दियो अनि त्यो केटो काम्दै थियो अनि आफ्नो नियन्त्रण बाहिर रह्यो। तर येशूले त्यस दुष्टात्मालाई कड़ा चेतावनी दिए। त्यसपछि त्यो केटोलाई निको पारी त्यसको बाबुलाई उनले सुम्पिदिए। ४३परमेश्वरको महान शक्ति देखेर सबै मानिसहरू आश्चर्य चकित भए।

## येशूद्वारा आफ्नै मृत्युको विवरण

*(मत्ती १७:२२-२३; मर्कूस ९:३०-३२)*

येशूले गरेका चीजहरूदेखि मानिसहरू अझसम्म आश्‍चर्य चकित थिए। उनले आफ्नो चेलाहरूलाई भने, ४४"अब म तिमीहरूलाई जे भन्दैछु कहिल्यै नबिर्सनु: मानिसका पुत्रलाई केही मानिसहरूको नियन्त्रणमा सुम्पिइनेछ।" ४५तर चेलाहरू येशूले भनेको यी कुराहरूको केही अर्थ बुझेनन्। यसको अर्थ तिनीहरूले थाहा नपाउन् भनेर नै लुकाएर राखिएको थियो। तर चेलाहरू त्यस विषयमा उहाँलाई सोध्न डराए।

## सबभन्दा मुख्य व्यक्ति

*(मत्ती १८:१-५; मर्कूस ९:३३-३७)*

४६येशूका चेलाहरू आपसमा तिनीहरूमध्ये को चाँहि सब भन्दा महान होला भनेर बहस गर्न थाले। ४७येशूले तिनका चेलाहरूले गरेको बहसको विषय बुझिहाले। यसकारण उनले एउटा बालकलाई लिए अनि आफ्नो छेउमा उभाए। ४८अनि आफ्नो चेलाहरूलाई भने, "यदि कसैले मेरो नाम लिएर यस बालकलाई ग्रहण गर्छ भने, त्यसले मलाई पनि ग्रहण गरिरहेछ। अनि कसैले मलाई ग्रहण गर्छ भने, उसले ती मलाई पठाउनेलाई ग्रहण गर्छ। जुन व्यक्ति तिमीहरू माझ नगन्य छ, उही सब भन्दा महान हो।"

## जो तिमीहरूको विरुद्धमा छैन, त्यो तिमीहरूपट्टि छ

*(मर्कूस ९:३८-४०)*

४९यूहन्नाले जवाफ दिए, "गुरुज्यू, मानिसहरूदेखि भूतहरू भगाउनलाई एकजना व्यक्तिले तपाईंको नाउँ लिँदैथ्यो। त्यो व्यक्ति हाम्रो दलमा नभएकोले हामीले उसलाई त्यसो गर्न वाधा दियौं।"

५०येशूले यूहन्नालाई भने, "त्यसलाई नरोक। यदि कुनै व्यक्ति तिम्रो विरुद्धमा छैन भने त्यो तिमीपट्टि नै हुन्छ।"

## समारिया शहर

५१येशूको स्वर्गारोहणको समय नजीक आउँदै थियो। उनले यरूशलेम जाने निश्‍चय गरे। ५२येशूले कोही मानिसहरूलाई आफू भन्दा अघि पठाए। ती मानिसहरू येशूको निम्ति प्रत्येक कुरो तयार राख्नलाई सामरियाको एउटा शहरमा गए। ५३तर त्यहाँका मानिसहरूले उहाँलाई ग्रहण गर्न मानेनन् किनभने उनी यरूशलेम तर्फ गई रहेका थिए। ५४याकूब र यूहन्नाले र येशूका चेलाहरूले सबै देखे। तिनीहरूले भने, "प्रभु, के हामीले स्वर्गबाट आगो बोलाएर मानिसहरूलाई भष्म पार्नु भन्ने तपाईं चाहनुहुन्छ?"*

५५तर येशूले पछि फर्केर तिनीहरूलाई हप्काए।* ५६त्यसपछि येशू र उहाँका चेलाहरू अर्को शहरतिर लागे।

## येशूको अनुसरण

*(मत्ती ८:१९-२२)*

५७उनीहरू सबै नै बाटोमा जाँदैथिए। कुनै एकले उहाँलाई भने, "तपाईं जहाँ जानुहुन्छ म पनि तपाईंसँगै जान्छु।"

५८येशूले भने, "स्यालहरूको बस्ने दूलोहरू छन्। चराचुरुङ्गीहरूको बस्ने गुँड़हरू छन्। तर मानिसको पुत्रलाई कुनै ठाउँ छैन जहाँ उसले आफ्नो शिर अड़ाउन सकोस्।"

५९येशूले अर्को मानिसलाई भने, "मेरो पछि लाग।"

तर त्यो मानिसले भन्यो, "प्रभु, पहिले मेरा बाबुलाई गाड्न जान दिनुहोस्।"

६०तर येशूले तिनलाई भने, "मुर्दाहरूलाई आफ्नै मुर्दा मानिस गाड्न देऊ। तिमी जाऊ अनि परमेश्‍वरको राज्यको विषयमा प्रचार गर।"

६१अर्को मानिसले भने, "प्रभु म तपाईंको पछि लाग्नेछु, तर पहिले मेरो आफन्तहरूबाट बिदा लिन दिनुहोस्।"

६२येशूले भने, "यदि कुनै व्यक्तिले हलोमा हात लगाएर पछिल्तिर हेर्छ, त्यो परमेश्‍वरको राज्यको लायक छैन।"

---

**पद ५४** केही ग्रीक प्रतिलिपिहरूमा यस्तो थपिन्छ: "... जस्तो एलियाले गर्‍यो।"

**पद ५५** केही ग्रीक लेखहरूमा यस्तो छ- "अनि येशूले भने, 'तिमीहरू जान्दैनौ कि तिमीहरू कस्तो आत्मासित सम्बन्धित छौ। ५६ मानिसको पुत्र आत्मा नष्ट गर्न होइन तर बचाउन आएको हो।'"

## येशूले बहात्तर जनालाई पठाउनु भयो

**१०** त्यसपछि, प्रभु येशूले ७२* जना मानिसहरूलाई
छान्नु भयो। उनले तिनीहरूलाई दुई दुई जनाको
दल बनाई आफू जुन जुन शहर र ठाउँहरू जान
चहान्थे ती ठाँउहरूमा आफ्नो अगुवा बनाई पठाए।
२ येशूले भने, "फसल त धेरै छ, तर खेतालाहरू कम
छन्। यसर्थ फसलका प्रभुलाई निवेदन गर ताकि उनले
आवश्यकता अनुसार खेतालाहरू पठाउन सकुन। ३ अब
तिमीहरू जानसक्छौ। तर सुन! म तिमीहरूलाई पठाउँदैछु,
अनि तिमीहरू ब्वाँसोहरू माझ भेड़ा जस्तै हुनेछौ।
४ पैसा, झोला, जुत्ता केही साथमा नलैजाऊ। बाटो
हिड़दा मानिसहरूसँग बोल्न नछाड़। ५ कसैको घरमा पस्न
अघि, भन, 'यस घरमा तिमीहरूलाई शान्ति रहोस।'
६ यदि शान्तिप्रिय मानिस त्यहाँ छ भने, तिमीहरूको
शान्तिको आशीर्वाद उहीसँग रहनेछ। यदि त्यहाँ शान्तिप्रिय
मानिस छैन भने तिमीहरूको शान्तिको आर्शीवाद
तिमीहरूसँगै फिर्ता हुनेछ। ७ शान्त घरमा बस। मानिसहरू
जे खान-पिउन दिन्छन् खाऊ। किनभने एकजना कर्मचारीले
आफ्नो ज्याला पाउनु योग्य छ। अर्को घरमा बस्नलाई
पहिलो घर नछोड़। ८ यदि तिमीहरू शहरमा जान्छौ र
मानिसहरूले त्यहाँ स्वागत गर्छन् भने, तिनीहरूले जे
खानेकुरा दिन्छन् खाऊ। ९ त्यस ठाँउका विमारीहरूलाई
निको पार। अनि तिनीहरूलाई भन, 'परमेश्वरको राज्य
तिमीहरूको नजिक आएको छ।' १० तर जब तिमीहरू
शहरमा जान्छौ, अनि मानिसहरूले त्यहाँ तिमीहरूको
स्वागत नगरे, शहरको गल्लीहरूमा आऊ अनि भन,
११ 'तिमीहरूको विरोधमा हाम्रा पाइतालामा टाँसिएको
तिम्रो शहरको धूलो समेत टक्टकाएर जाँदैछौ। तर यो
याद राख्नु परमेश्वरको राज्य नजिकै आएको छ।' १२ म
तिमीहरूलाई भन्छु, न्यायको दिन त्यो शहरका मानिसहरूको
अवस्था सदोमका मानिसहरूको भन्दा अझ दयनीय
हुनेछ।

## येशूद्धारा विश्वास नगर्नेहरूलाई चेतावनी

*(मत्ती ११:२०-२४)*

१३ "ए खोराजिन! तँलाई धिक्कार छ! ए बेत्सैदा!
तँलाई धिक्कार छ। मैले तिमीहरूमा धेरै चमत्कारहरू
गरेँ। यदि त्यही चमत्कारहरू टायर र सीदोनमा गरिएको
भए, त्यहाँका मानिसहरूले आफ्नो जीवनशैली परिवर्त्तन
अघि नै गरिसकेका हुन्थे अनि तिनीहरूले पाप गर्न
छोड़िसकेका हुन्थे। तिनीहरूले अघि नै शरीरमा भाँग्रा
लगाएर र खरानी धसेर आफ्नो पापहरूको निम्ति
पश्चाताप गरी सकेका हुन्थे। १४ तर न्यायको दिनमा
टायर र सायडनका मानिसहरूका अवस्था भन्दा तिमीहरूको
अवस्था अझ दयनीय हुनेछ। १५ ए कफर्नहुम! तिमी
स्वर्गमा उचालिने छौ? अहँ! तिमीलाई पनि मृत्यूको
ठाउँमा खसालिनेछ।

१६ "उ जसले तिमीलाई सुन्छ भने मलाई सुनेको
हुन्छ। तर उ जसले तिमीलाई अस्वीकार गर्छ, मलाई
ग्रहण गर्न अस्वीकार गरेको हुन्छ। अनि जसले मलाई
ग्रहण गर्न अस्वीकार गर्छ, त्यसले 'ती एक' जसले
मलाई पठाए, उसलाई अस्वीकार गरेको हुन्छ।"

## शैतान झर्दछ

१७ जब ती सत्तरी जना मानिसहरू फर्केर आए,
तिनीहरू खुबै खुसी थिए। तिनीहरूले भने, "प्रभु, जब
तपाईंको नाउँ हामीले आदेश दियौ भूतहरूले पनि हाम्रो
आज्ञा माने!" १८ येशूले तिनीहरूलाई भने, "मैले शैतानलाई
स्वर्गबाट बिजुली चम्के झैं खसिरहेको देखेँ। १९ सुन,
मैले तिमीहरूलाई साँपहरू र बिच्छिहरूलाई कुल्चने
शक्ति दिएको छु। मैले तिमीहरूलाई शत्रुहरूको सबै
शक्ति माथि अधिकार दिएको छु। अनि कसैले तिमीहरू
माथि हानी पुर्‍याउँदैन। २० तर ती आत्माहरू तिमीहरूको
आज्ञालाई पालन गर्दछ भनेर तिमीहरू खुशी हुनु हुँदैन।
बरू तिमीहरूको नाम स्वर्गमा लेखिएको छ भनी त्यसमा
खुशी होऊ।"

## येशूको पितामा प्रार्थना

*(मत्ती ११:२५-२७; १३:१६-१७)*

२१ त्यसपछि येशूलाई पवित्र-आत्माले अत्यन्त खुशी
बनायो। उहाँले भन्नु भयो, "हे स्वर्ग र पृथ्वीका प्रभु
पिता! म तपाईंलाई धन्यवाद चढ़ाउँछु। म तपाईंको
प्रसंशा गर्छु कि बुद्धिमान र समझदार मानिसहरूबाट
तपाईंले यी कुराहरू लुकाएर राख्नु भएको छ। तर
तपाईंले यी कुराहरू ती बालकहरू सरहका सरल
मानिसहरूमा देखाइदिनु भयो। हो पिता, तपाईंले यसो
गर्नुभयो किनभने त्यो तपाईंको रूचि थियो।

---

**७२** लूकाको केही ग्रीक प्रतिलिपिहरूमा ७० भनिन्छ।

[२२]"मेरा पिताले मलाई सब थोकहरू दिनुभएको छ। कसैले जान्दैन कि 'पुत्र' को हो-केवल पिताले मात्र जान्नुहुन्छ। अनि पिता को हुन, कसैले जान्दैन-केवल पुत्रलाई थाहा छ। मानिसहरूमा पितालाई तिनीहरूले जान्दछन् जसलाई पुत्रले बताउनु खोजेको छ।"

[२३]त्यसपछि येशू एक्लै आफ्ना चेलाहरूसँग थिए, उहाँ तिनीहरू पट्टि फर्के अनि भने, "तिमीहरू धन्य हौ। जो तिमीहरूले देख्दैछौ त्यो देख्छ। [२४]म तिमीलाई भन्छु, धेरै अगमवक्ताहरू अनि राजाहरूले हेर्न चहान्थे जो तिमीहरूले देखिरहेका छौ, तर तिनीहरूलाई यी बस्तुहरू देखेनन्। अनि धेरै अगमवक्ताहरू र राजाहरू, सुन्न चहान्थे तर तिनीहरूले ती सुनेनन्।"

## असल सामरीको कथा

[२५]त्यसपछि एकजना कानूनका शास्त्री त्यहाँ खड़ा भए अनि तिनले येशूलाई जाँच्ने चेष्टा गरे। तिनले भने, "गुरुज्यू, मैले अनन्त जीवन पाउनलाई के गर्नुपर्छ?"

[२६]येशूले तिनलाई भने, "व्यवस्थामा के लेखिएको छ? तिमीले त्यसमा के पढ़छौ?"

[२७]त्यस मानिसले भन्यो, "'तिमीले तिम्रो प्रभु-परमेश्वरलाई आफ्नो सारा हृदय, सारा आत्मा, सारा शक्ति अनि सारा मनबाट प्रेम गर्नु पर्छ।'* अनि 'तिमीले आफैलाई जस्तो अरू मानिसहरूलाई पनि प्रेम गर्नुपर्छ।'*"

[२८]येशूले त्यस मानिसलाई भने, "तिम्रो उत्तर सही छ। त्यही गर अनि तिमीले अनन्त जीवन पाउनेछौ।"

[२९]त्यस मानिसले उसको प्रश्नलाई सिद्ध गर्न चाहान्थ्यो। यसर्थ, उसले येशूलाई भन्यो, "तर ती मानिसहरू को को हुन् जसलाई मैले प्रेम गर्नु पर्छ?"

[३०]यसको उत्तरमा येशूले भने, "एकजना मानिस यरूशलेमदेखि यरिको गइरहेका थिए। केही डाकूहरूले तिनलाई घेरे। तिनीहरूले तिनको लुगा च्याते अनि कुटे। त्यसपछि त्यो मानिसलाई त्यहीँ भुँइमा लड़ाएर छोड़ि राखे। त्यो मानिस प्राय: मरिसकेको थियो। [३१]संयोगवश एकजना यहूदी पूजाहारी त्यही समय त्यो बाटोमा गइरहेको थियो। त्यो पूजाहारीले जब उसलाई देखे, तिनी त्यस मानिसलाई मदत गर्न रोकिएनन्; तिनी हिंड़िनै रहे। [३२]एकजना लेवी* पनि त्यही बाटो आयो। उसले त्यस घाइते मानिसलाई देख्यो, तर उ अर्को पट्टि लाग्यो। [३३]त्यसपछि एकजना सामरी* त्यही बाटोमा आयो। तिनी त्यो घाइते मानिस लड़िरहेको ठाउँमा आए। तिनले जब त्यो घाइते मानिसलाई देखे तिनलाई त्यो मानिस माथि दया जाग्यो। [३४]सामरी त्यस मानिस भएकहाँ गए अनि जैतुनको तेल र दाखरस लगाएर उसको चोटहरूमा पट्टी बाँधिदियो। तब तिनले त्यो घाइते मानिसलाई गधामा चढ़ाए अनि एउटा पौवामा लिएर गए। त्यस मानिसको स्याहार गरे। [३५]अर्को दिन, त्यो सामरीले दुइवटा चाँदीको सिक्का पौवाको मालिकलाई दिए। सामरीले भने, 'यो मानिसको हेरचाह गरिदिनुहोस्। यदि यस मानिसमाथि अझै तिमीले खर्च गरे, म फर्केर आँउदा तिर्नेछु।'"

[३६]त्यसपछि येशूले भने, "यी तीन जना मध्ये डाकूहरूले घाइते बनाएको मानिसलाई कसले प्रेम दर्शायो?"

[३७]नियमको शास्त्रीले उत्तर दिए, "त्यसैले जसले त्यो मानिसलाई मदत गरे।"

येशूले तिनलाई भने, "तिमी पनि जाऊ अनि त्यसै गर।"

## मरियम र मार्था

[३८]जब येशू र उहाँका चेलाहरू जाँदै थिए, येशू एउटा शहर भित्र पसे। मार्था नाउँ गरेकी एउटी स्त्रीले उनलाई आफ्नो घरमा सत्कार गरिन्। [३९]मार्थाको एउटी मरियम नाउँ गरेकी बहिनी थिइन्। मरियम येशूको पाउ नेर बसेर उहाँको शिक्षा सुनिरहेकी थिई। तर उसको दिदी मार्था चाँहि घरको काममा नै व्यस्त थिइन। [४०]मार्थाले धेरै काम गर्नु पर्दा रिसाउँथी। मार्थाले गएर भनी, "प्रभु! मेरो बहिनीले मलाई एक्लै घर धन्धामा छोड़ेकीमा तपाईं व्याकुल हुनु हुन्न? दयागरी त्यसलाई भनिदिनोस् त्यसले मलाई मदत गरोस्।"

[४१]अनि प्रभुले त्यसलाई भने, "मार्था, मार्था, तिमीले धेरै कुराको विषयमा चिन्ता र फिक्री गर्दी रहेछौ। [४२]एउटै कुरा चाँहि महत्वपूर्ण हुन्छ। मरियमले आफ्नो

---

**'तिमीले … गर्नु पर्छ'** व्यवस्था ६:५।

**'तिमीले … गर्नुपर्छ'** लेवी १९:१८।

**लेवी** लेवीहरू लेवी समूहका मानिसहरू थिए जसले यहूदी पूजाहारीलाई मन्दिरमा सघाउँथे।

**सामरी** समारीयामा बस्ने, केही मात्रामा यहूदी वर्गको, तर यहूदिहरूद्वारा अस्वीकृत र उपेक्षित मानिस।

लागि कुन असल हो छोनेकी छे अनि त्यो ऊबाट
कहिल्यै खोसिने छैन्।"

### येशूद्वारा प्रार्थना बिषय-शिक्षा

*(मत्ती ६:९-१५; ७:७-११)*

**११** एक समय येशू कुनै एक ठाउँमा प्रार्थना
गरिरहनु भएको थियो। जब प्रार्थना गरी सक्नु
भयो, उहाँको चेलाहरू मध्ये एकजनाले उहाँलाई भने,
"यूहन्नाले आफ्ना चेलाहरूलाई प्रार्थना कसरी गर्नु पर्छ
सिकाए। प्रभु हामीलाई पनि प्रार्थना गर्नुपर्छ सिकाउनुहोस्।"
२येशूले चेलाहरूलाई भने, "जब तिमीहरू प्रार्थना
गर्छौ, तब यसरी गर:

'हे पिता! हामी प्रार्थना गर्छौं कि तपाईंको नाउँ
सधैँ पवित्र रहोस्। हामी प्रार्थना गर्दछौं कि
तपाईंको राज्यको आगमन होस्।
३ दिनहुँ चाहिने भोजन हामीलाई दिनहोस्।
४ हामीले गरेका पापहरू क्षमा दिनुहोस्, जस्तो
हामीले हामीसँग भूल गर्नेहरूलाई क्षमा दिएका
छौं। अनि हामीलाई कठिन परीक्षामा
नल्याउनुहोस्।'"

### लगातार प्रश्न

५-६फेरि येशूले तिनीहरूलाई भने, "मानिलेऊ,
तिमीहरूमध्ये कोही एकजना तिमीहरूको साथीको घरमा
आधा रातमा जाउला अनि भनौला, 'मेरा एकजना मित्र
मलाई भेट्न अर्को शहरबाट आएका छन्। तर उहाँलाई
खाना खुवाउनलाई मसित केही छैन। दया गरी मलाई
तीनवटा रोटी देऊ।' ७घरभित्रबाट तिम्रो मित्रले भन्नेछ,
'जाऊ, मलाई तकलीफ नदेऊ। ढोका अघि नै बन्द
भइसकेको छ। म र मेरा पुत्रछोरीहरू ओछ्यानमा छौं।
अहिले उठेर म तिमीलाई रोटी दिन सक्तिनँ।' ८म के
भन्दछु भने मित्रताको नाताले मात्र ऊ उठदैन अनि रोटी
दिदैनँ, तर उसलाई चाहिएको वस्तु यदि उसले लगातार
मागिरह्यो भने उसको ढीटपनाले गर्दा मित्रले उ उठेर
मागेको कुरो दिनेछ। ९फेरि म तिमीहरूलाई भन्दछु,
"माग अनि तिमीहरूलाई दिइने छ, खोज अनि तिमीहरू
पाउने छौ, ढक्ढकाउ अनि तिमीहरूको निम्ति ढोका
उघारिनेछ। १०किनभने हरेक जसले माग्दछ, उसले
पाउँदछ, अनि जसले खोज्दछ उसले पाउँदछ। अनि
जसले ढक्ढकाँउछ, ढोका उघारिनेछ। ११तिमीहरूमध्ये
कसको छोरो होला? यदि तिम्रो छोरोले माछा माँगे,
तिमी उसलाईके दिन्छौ? के तिम्रो पुत्रलाई तिमी साँप
दिन्छौ? अँहँ! तिमी उसलाई माछा नै दिनेछौ। १२अथवा,
तिम्रो पुत्रले अण्डा माग्यो भने, त्यसलाईके बिच्छी
दिन्छौ? अहँ! १३तिमी पनि अरू मानिसहरू जस्तै दुष्ट
छौ। तर तिमीहरू जान्दछौ आफ्ना बालकहरूलाई कसरी
राम्रो चीजहरू दिनुपर्छ। तिम्रा स्वर्गका पिताले उहाँसित
माग्नेहरूलाई पनि कति अधिक पवित्र आत्मा दिनु
हुनेछ।

### परमेश्वरबाट येशूले शक्ति पाउनु भएको

*(मत्ती १२:२२-३०; मर्कूस ३:२०-२७)*

१४कुनै समयमा एकजना मानिसबाट येशूले लाटा
बनाउने भूत निकाली दिए। जब त्यो भूत बाहिर
निस्क्यो, त्यो मानिस बोल्नसक्ने भयो। मानिसहरू छक्क
परे। १५तर कोही मानिसहरूले भने, "बालजिबुल,
भूतहरूको मालिकको शक्ति प्रयोग गरेर उनले भूतहरू
भगाउँछन्।"
१६अरूले पनि येशूको जाँच लिन चाहन्थे। तिनीहरूले
उहाँलाई स्वर्गबाट ल्याइएको एउटा चिन्ह देखाउनु
लगाए। १७तर येशूले तिनीहरूको विचार चाल पाए।
यसकारण येशूले भने, "हरेक राज्य, जो बाँडिएको छ
अनि आपसमा झगड़ा गर्छ भने त्यो आफै नाश हुन्छ।
त्यसरी नै एउटा परिवार आपसमा झगड़ा गरिरहन्छ भने
त्यो पनि नष्ट हुन्छ। १८यसर्थ, यदि शैतान पनि
आपसमा झगड़ा गरे उसको राज्य कति दिन रहला?
तिमीहरू भन्दछौ कि भूतहरू भगाउनलाई मैले
बालजिबुलको शक्तिलाई काममा लगाएँ। १९यदि मैले
बालजिबुलको शक्तिलाई लगाएर भूतहरू धपाउँछु भने,
तिम्रो मानिसहरूले अरूबाट भूतहरू धपाउँनलाई कुन
शक्तिको प्रयोग गर्छन्? यसर्थ तिम्रो आफ्नै मानिसहरूले
तिमीहरू भूलमा छौ भन्ने प्रमाण दिन्छन्। २०तर म
भूतहरू भगाउन परमेश्वरको शक्ति प्रयोग गर्छु। यसबाट
प्रमाण हुन्छ कि परमेश्वरको राज्य तिमीहरूकहाँ आइसकेको
छ।
२१"जब कुनै बलवान मानिसले धेरै हात-हतियारहरू
लिएर आफ्नो घरको रक्षा गर्दछ भने, त्यसको घरमा

सबै मालमत्ताहरू सुरक्षित नै रहन्छ। [२२]तर यदि उ भन्दा बलियो मानिस आएर उसलाई जित्छ भने तब त्यो अझ बलियो मानिसले सब हात हतियारहरू जसमाथि बलियो व्यक्तिको भरोशा थियो। खोसेर लैजान्छ। तब त्यो अझ वलियो मानिसले आफ्नो इच्छा अनुसार त्यो बलियो मानिसको मालहरू व्यवहार गर्छ।

[२३]"यदि कुनै मानिस मसँग छैन भने उ मेरो विरोधमा छ, जो मानिस मसँग काम गर्दैन उ मेरो विरोधमा छ।

### रित्तो मानिस

*(मत्ती १२:४३-४५)*

[२४]"जब एक मानिसबाट दुष्टात्मा निस्कन्छ, यो शबाथको निम्ति ओबानो ठाउँहरू खोजी हिड्छ। अनि जब यसले कतै आराम गर्ने ठाँउ पाउँदैन, यसले भन्छ, 'म जुन घरदेखि बाहिर आएको थिएँ त्यँही फर्कन्छु।'
[२५]जब त्यो आत्मा त्यो घर फर्कन्छ त्यसले त्यो घर बढारिएको पाउँछ। [२६]तब त्यो दुष्ट आत्मा अरू सातवटा दुष्ट आत्माहरू लिन जान्छ जो त्यो भन्दा अझ दुष्ट छन्। अनि ती सबै आत्माहरू एकसाथ गएर त्यो मानिसभित्र पस्छन् र बास गर्छन्। तब त्यस मानिसको अवस्था पहिलो भन्दा झन् खराब हुन्छ।"

### मानिसहरू साँचो रूपमा खुशी थिए

[२७]जब येशूले यी कुराहरू बोल्दै थिए एउटी स्त्री जो त्यहाँ थिई येशूलाई यसो भन्दै जोरले कराई, "धन्य हुन ती माता जसले तँपाईलाई गर्भधारण गरीन अनि धन्य ती स्तन जसले तपाँईलाई खुवायो।"

[२८]तर उहाँले भन्नुभयो, "मानिसहरू जसले परमेश्वरको वचनहरू सुन्छन् अनि पालन गर्छन् तिनीहरू वास्तविक रूपमा खुशी छन्।"

### हामीलाई प्रमाण दिनुहोस्

*(मत्ती १२:३८-४२; मर्कूस ८:१२)*

[२९]मानिसहरूको भीड़ बिस्तार-बिस्तार बढ़दै गयो। येशूले भने, "यस युगमा रहेका मानिसहरू दुष्ट छन्। तिनीहरू चिन्हको रूपमा परमेश्वरबाट चमत्कार चाहन्छन्। तर कुनै चिन्ह तिनीहरूलाई दिइने छैन। केवल योनामा भएको चमत्कार मात्र चिन्ह हुनेछ।"
[३०]योना निनवेका वासिन्दाहरूको लागि चिन्ह हुनेछ। त्यसरी नै यस पुस्ताको लागि मानिसका पुत्र पनि चिन्ह
हुनेछ। [३१]न्यायको दिन दक्षिण देशकी रानी यो पुस्ताका मानिसहरू विरूद्ध उठ्नेछिन् अनि तिनीहरू दोषी हुन् भनी प्रमाण दिनेछिन्। किन? किनभने सुलेमानको ज्ञानमय शिक्षा सुन्न तिनी धेरै टाड़ोबाट आएकी थिइन। अनि म
भन्दछु कि सुलेमान भन्दा म महान हुँ। [३२]न्यायको दिनमा निनवेका मानिसहरू यी पुस्ताको मानिसहरू विरूद्धमा उठ्नेछन् अनि तिनीहरू दोषी भएको प्रमाण दिनेछन्। किन? किनभने जतिबेला योनाले मानिसहरूलाई प्रचार गरे तिनीहरूले आफ्नो हृदय र रहन-सहन समेत परिवर्त्तन गरे। अनि म तिमीहरूलाई भन्दछु म योना भन्दा महान हुँ।

### संसारका निम्ति ज्योति बन

*(मत्ती ५:१५; ६:२२-२३)*

[३३]"कुनै पनि मानिसले बत्ती बालेर पाथीमुनि राख्तैन अथवा लुकाउँदैन। बरू भित्र पस्नेहरू सबैले देखून् भनेर त्यो बत्ती सामदानमाथि राखिन्छ। [३४]तिम्रो शरीरको बत्ती तिम्रो आँखा हो। यदि तिम्रो आँखाहरू ठीक छन् भने, तिम्रो सारा शरीर उज्यालोले भरिन्छ। यदि तिम्रो आँखाहरू नै खराब छ भने, तिम्रो सारा शरीर नै अँध्यारो हुनेछ। [३५]यसैले होशियार होऊ। तिमीमा भएको उज्यालो अंध्यारोमा परिणत नहोस्। [३६]अत: यदि तिम्रो शरीर पूर्ण उज्यालोले भरिएको छ भने अनि यसको कुनै भाग अंध्यारो छैन भने त्यो पुरै चम्कन्छ, मानौ कुनै बत्तीको किरण तिमीमाथि चम्किरहेको छ।"

### येशूद्धारा फरिसीहरूको चर्चा

*(मत्ती २३:१-३६; मर्कूस १२:३८-४०; लूका २०:४५-४७)*

[३७]येशू बोली सकेपछि, एकजना फरिसीले सँगै खाना खानु भनी आग्रह गरे। अनि येशू गए अनि खान बसे। [३८]तर खाना खान भन्दा अघि येशूले हात नधोएको देखेर फरिसी छक्क परे। [३९]यसमा प्रभुले भने, "तिमी फरसीहरू खाली कचौरा अनि थालको बाहिर पट्टिमात्र धुन्छौ तर भित्र चाँहि तिमीहरू लोभ औ दुष्टताले भरिएका छौं। [४०]तिमीहरू मुर्ख हौ। जसले बाहिरी भाग बनाए उनैले भित्री भाग पनि बनाए। हो कि होइन? [४१]तर भित्रपट्टि जो जे छ त्यो गरीब

मानिसहरूलाई देऊ। त्यसपछि तिमी पनि पूर्णरूपले सफा हुनेछौ। [४२]धिक्कार तिमी फरिसीहरूलाई! तिमीहरूकोमा भएको पुदिना, आरूद अनि बगैंचामा भएका अन्य जम्मै चीजहरूको दशांश परमेश्वरलाई चढ़ाउछौ, तर तिमीहरू परमेश्वर प्रति न्याय र प्रेम अवहेलना गर्छौ। यही कुराहरू तिमीहरूले गर्नु पर्ने हो जब तिमीहरू अन्य कामहरू गरिरहेका हुन्छौ। [४३]धिक्कार तिमी फरिसीहरूलाई, तिमी सभाघरहरूमा मुख्य-मुख्य आसनहरू मात्र चहान्छौ। त्यसरीनै बजार जाँदा मानिसहरूले तिमीहरूलाई आदर गरून् भन्ने चाहन्छौ। [४४]धिक्कार छ तिमी फारसीहरूलाई! किनकि तिमीहरू कसैबाट पनि याद नहुने चिहानहरू जस्ता छौ। मानिसहरू नजानीकन त्यही माथि भएर हिड़ँछन्।"

## येशू र यहूदि गरूहरूको वार्तालाप

[४५]व्यवस्थाका शास्त्रीहरू मध्ये एक जनाले येशूलाई भने, "गुरु, जब तपाईंले यी कुराहरू गर्नुहुन्छ, तपाईंले हामीलाई पनि निन्दा गर्नु हुदैंछ।"

[४६]येशूले उत्तर दिनुभयो, "धिक्कार तिमी व्यवस्थाका शास्त्रीहरूलाई! तिमीहरू मानिसहरूले पालन गर्न कठिन नियमहरू बनाउँछौ। तिमीहरू मानिसहरूलाई यी नियम पालन गर्न वाध्य गराउँछौ। तर तिमीहरू आफै भने ती पालन गर्ने चेष्टा समेत गर्दैनौ। [४७]धिक्कार तिमीहरूलाई, किनभने तिमीहरू अगमवक्ताहरूको निम्ति चिहान बनाउँछौ। तर ती अगमवक्ताहरू तिनै हुन् जसलाई तिम्रा पूर्खाहरूले मारेका थिए। [४८]यसले यो सिद्ध हुन्छ भने तिमीहरू तिम्रा पुर्खाहरूले गरेका कर्महरूमा सहमत भइरहेका छौ। तिनीहरूले अगमवक्ताहरूको हत्या गरे अनि तिमीहरू अगमवक्ताहरूको निम्ति चिहान बनाउँछौ। [४९]यसैले परमेश्वरको ज्ञानले भन्यो, 'म अगमवक्ताहरू र प्रेरितहरू तिनीहरूका निम्ति पठाउनेछु। तिनीहरूले कोही अगमवक्ताहरू र प्रेरितहरूलाई मार्नेछन् अनि अरूलाई सताउनेछन्।' [५०]त्यसैले यो पृथ्वीको सृष्टिदेखि जति पनि अगमवक्ताहरू मारिए वर्त्तमान पुस्ताको तिमी मानिसहरू यसको निम्ति दण्डित हुनु पर्नेछ। [५१]हाविल देखि जकारिया जसलाई वेदी र मन्दिर माझ मारिएका थिए तिनीहरू सबैको मृत्यूको निम्ति। हो, म तिमीहरूलाई भन्छु, आज जति पनि तिमी मानिसहरू बाँचिरहेका छौ ती काण्डको लागि सबै दण्डित हुनु हुनेछौ।

[५२]"धिक्कार तिमी नियमका शास्त्रीहरू! परमेश्वरका ज्ञानको कुराहरूको चाबी तिमीहरूले लगेका छौ। तिमीहरू आफैले सिकेनौ, अनि अरूहरूलाई सिक्न पनि वाधा गर्‍यौ।"

[५३]जब येशू जान लागेका थिए, व्यवस्थाका शास्त्रीहरू र फरिसीहरूले धेरै कष्ट दिए। उहाँलाई धेरै प्रश्नहरूले आक्रमण गरे। [५४]उहाँले केही भन्नु हुन्थ्यो कि भनेर तिनीहरूले जालमा फसाँउने चेष्टा गरे।

## फरिसीहरू झैं नबन

**१२** हजारौं हजार मानिसहरू एकसाथ भेला भएका थिए। तिनीहरू यति विघ्न थिए कि तिनीहरू एकार्कामा कुल्चन्थे। मानिसहरूलाई सम्बोधन गर्न अघि येशूले उनका चेलाहरूलाई भने, "तिमीहरू फरिसीहरूको खमीर देखि होशियार बस। मेरो भन्नुको अर्थ तिनीहरूको कप्टाँईमा होशियारी बस। [२]प्रत्येक कुरो जो लुकाइएको छ त्यो बाहिरिन्छि। प्रत्येक रहस्यका कुराहरू जान्न दिइनेछ। [३]ती वचनहरू जो तिमीले अन्धकारमा भनेका छौ त्यो उज्यालोमा सुनिनेछ। तिमीले कोठा भित्र कानेखुसी गरेको कुरो घरको छानाबाट घोषणा गरिनेछ।"

## केवल परमेश्वरसँग डराऊ

*(मत्ती १०:२८-३१)*

[४]त्यसपछि येशूले मानिसहरूलाई भने, "म तिमीहरूलाई भन्दछु, ए मेरा साथीहरू! मानिसहरूदेखि नडराऊ। मानिसहरूले शरीरको हत्या गर्नसक्छ, तर त्योभन्दा बढ़ी तिनीहरूले केही गर्न सक्तैन। [५]तर कोसित डराउनुपर्छ म तिमीहरूलाई बताउनेछु। तिमीहरू उहाँ एकसँग डराउनु पर्छ जससित मारे पछि नरकमा फ्याँक्न सक्ने शक्ति छ। हो, मात्र उनी एक छन् जससित तिमीहरू डराउनु पर्छ।

[६]"पाँचवटा ससाना चराचुरुङ्गीहरूको दाम दुइ पैसा मात्र पर्छ। तर परमेश्वरले ती मध्ये एउटा पनि भुल्दैनन्। [७]हो, तिमीहरूको शिरमा कति केश छन् त्यो पनि परमेश्वरलाई थाहा छ। यसकारण नडराऊ। ती चराचुरुङ्गीहरू भन्दा तिमीहरू धेरै मूल्यवान् छौ।

## येशूबाट लज्जित हुनु पर्दैन

*(मत्ती १०:३२-३३; १२:३२; १०:१९-२०)*

[८]"म तिमीहरूलाई भन्दछु, यदि कुनै व्यक्तिले अरू

मानिसहरूको सामुन्ने उसलाई मेरो हो भन्छ भने, म
पनि त्यसरी परमेश्वरको दूतहरूको सामुन्ने भन्छु कि
त्यो व्यक्ति मेरो हो। [९]तर यदि कुनै व्यक्तिले अरू
मानिसहरूको सामने उसलाई मेरो होइन भने म त्यसलाई
मेरो होइन भन्नेछु। यी सब म परमेश्वरका दूतहरूको
अघि भन्नेछु।

[१०]"यदि कसैले मानिसको पुत्रको विरुद्धमा कुरा गरे
त्यसलाई क्षमा हुनेछ। तर यदि कुनै व्यक्तिले पवित्र
आत्माको विरुद्धमा निन्दा गरे त्यो क्षमा हुने छैन।

[११]"जब मानिसहरूले तिमीहरूलाई सभाघरहरूमा भएका
शासक अनि अधिकारी अघि पार्छन के भन्नु र आफ्नो
बचाऊको निम्ति कसरी के बोल्नु पर्ने त्यसमा हतास
नहोऊ। [१२]त्यस समय पवित्र आत्माले नै तिमीलाई भन्नु
पर्ने कुराहरू सिकाउनु हुनेछ।"

### येशूद्वारा स्वार्थीपन-विरुद्ध चेतावनी

[१३]भीड़बाट एकजना मानिसले येशूलाई भने, "हे
गुरु, हाम्रा पिता मर्नु भयो। आफ्नो पिताको धन-सम्पत्तिको
मसँग अंश-वण्डा गर्नलाई मेरो दाजुलाई भनिदिनु होस्।"

[१४]तर येशूले त्यसलाई भने, "कि मैले तिमीहरूको
बाबुको सम्पत्ति तिमीहरू दुइजना माझ वितरण गर्न
पर्छ? मलाई कसले निर्णायक बनायो?" [१५]फेरि येशूले
तिनीहरूलाई भने, "होशियार होऊ अनि सबै प्रकारका
स्वार्थीपनबाट आफुलाई जोगाऊ। कसैकोमा चाहिएको
सम्पत्ति भन्दा वेशी हुनु सक्छ, तर त्यसले उसलाई
जीवन दिन सक्तैन।"

[१६]अनि उहाँले यस्तो एउटा दृष्टान्त भन्नु भयो:
"कुनै समयमा एकजना धनी व्यक्ति थियो। त्यसको
जमीनमा असल अनि प्रशस्त अन्नबाली उब्जन्थ्यो।
[१७]त्यो व्यक्ति आफै सोँच्दथ्यो, 'मैले के गर्ने? मसित
भएका यति प्रशस्त अन्न राख्ने ठाउँ नै छैन।' [१८]तब
त्यस धनी व्यक्तिले भन्यो, 'म जान्दछु मैले के गर्नु पर्ने
हो। म मेरा भकारीहरू भत्काउँछु र त्यसलाई अझ
ठूलो पार्छु। ती नयाँ भकारीहरूमा म सबै अन्नहरू र
अरू मेरा राम्रो चीजहरू राख्नेछु। [१९]तब म आफैलाई
भन्नेछु, मेरोमा प्रशस्त राम्रो राम्रो समानहरू छन्। आउने
धेरै वर्षको लागि मैले थुपारेको छु। आरामसित बस,
खाउ, पिउ अनि जीवनमा आनन्द मनाउ।' [२०]तर
परमेश्वरले त्यस मानिसलाई भने, 'तिमी मूर्ख हौं, आज
रातीनै तिमी मर्नेछौ। अनि तिमीले आफ्नै लागि तयार
पारेका चीजहरू कसको हुनेछ?'

[२१]"यसर्थ जसले आफ्नु निम्ति मात्र थुपार्छ त्यसले
त्यो मानिसलाई के हुन्छ र परमेश्वरको अघि यस्ता
व्यक्ति धनी होइन।"

### परमेश्वरको राज्यलाई पहिलो ठान

*(मत्ती ६:२५-३४; १९-२१)*

[२२]येशूले आफ्ना चेलाहरूलाई भने, "यसकारण म
तिमीहरूलाई भन्दछु, बाँच्नका निम्ति खानेकुरा चाहिन्छ
भन्ने विषयमा चिन्ता नगर। तिम्रो शरीरको विषयमा पनि
चिन्ता नगर कि तिमी के लगाउँछौ? [२३]खानेकुरा भन्दा
जीवन धेरै मूल्यवान छ। अनि लुगाफाटा भन्दा शरीरको
महत्व धेरै छ। [२४]चराचुरुङ्गीहरूलाई हेर। तिनीहरू बीउ
छर्दैनन् अनि वाली लाउँदैनन्। चराचुरूङ्गीहरूले भँड़ार
अथवा भकारीहरूमा खानेकुरा थुपार्दैनन्। तर परमेश्वरले
तिनीहरूलाई पेट भरी खुवाउँछन्। अनि चराचुरुङ्गीहरू
भन्दा तिमीहरू धेरै मूल्यवान हौ। [२५]तिमीहरू कसैले
चिन्ताद्वारा आफ्नु आयुमा केही समय थप्नु सक्छ?
[२६]यदि तिमीहरू ससाना कुराहरू नै गर्न सक्दैनौ भने,
ठूला विषयको किन फिक्री गर्छौ? [२७]जंगली फूलहरूलाई
हेर। सोच, तिनीहरू कसरी उम्रन्छन्। तिनीहरू आफ्नै
लागि केही गर्दैनन् न त वस्त्र नै बनाउँछन्। म
तिमीहरूलाई भन्दछु कि सुलेमान जस्ता राजा आफ्नो
समस्त वैभवको साथ पनि यी फूलहरूमा एउटा झैं
वस्त्रहरू पहिरिएको थिएन। [२८]परमेश्वरले नै जमीनमा
ती घाँसलाई वस्त्र लगाइदिन्छन्, जुन आज यहाँ छ
भोलि त्यसलाई आगोमा फालिन्छ। यसैले तिमीहरूले
जान्न पर्छ कि परमेश्वरले नै तिमीहरूलाई अझ धेरै
राम्रो वस्त्र पहिराइ दिनेछन्। तिम्रो एकदमै थोरै विश्वास
छ। [२९]त्यसरी नै तिमीहरूले के खाउँला अनि के
लाउँला भनी चिन्ता नगर। यस विषयमा कुनै चिन्ता
नगर। [३०]संसारका सबै मानिसहरू यी चीजहरूको पछि
लाग्छन्। तर तिमीहरूका पिताले जान्दछन् कि तिमीहरूले
यी सब चहान्छौ। [३१]यसकारण तिमीहरूले खोज्नु पर्ने
मुख्य त परमेश्वरको राज्य नै हो। तब तिमीहरूलाई यी
सब बस्तुहरू पनि दिइनेछ।

### सम्पत्तिमा भरोसा नगर

३२“हे साना भेड़ाहरू नडराऊ। तिमीहरूका पिताले तिमीहरूलाई राज्य दिन चाहनुहुन्छ। ३३आफ्नोमा भएका सबै सम्पत्ति बेचेर जसलाई चाहिन्छ तिनीहरूलाई पैसा देऊ। धन यो संसारमा स्थायी रहँदैन। तर स्वर्गको भण्डार हासिल गर। त्यो भण्डार सँधैको निम्ति रहन्छ। स्वर्गमा तिम्रा भण्डार चोरहरूले चोर्न सक्तैन, न त किराहरूले नै नष्ट पार्न सक्छ। ३४तिम्रो हृदय त्यहीँ हुनेछ जहाँ तिम्रो भण्डार रहनेछ।

### सँधै तयारी बस

*(मत्ती २४:४५-५१)*

३५“तयारी बस! वस्त्र लगाऊ अनि तिम्रो बत्ती उज्यालो होस्। ३६त्यो नोकरहरूले भैं व्यवहार गर जो विवाह भोजबाट फर्की आउने आफ्नो मालिकको लागि पर्खी रहेको हुन्छ। मालिक आउँछ अनि ढोका ढक्ढकाउँछ। नोकरले मालिकका निम्ति ढोका खोलिदिन्छ। ३७धन्य हुन ती नोकरहरू जो मालिक घर फर्कदाँ घरमा सतर्कता साथ बसेका हुन्छन्। म तिमीहरूलाई साँचो भन्छु, मालिक आफै आफ्नो काम गर्दा लाउने लुगा लगाँउछ अनि उसको नोकरहरूलाई कुर्सीमा बस्न लाउँछ। त्यसपछि मालिक स्वयंले तिनीहरूलाई खाना बाँड़िदिन्छ। ३८तर नोकरहरूले, सायद आफ्ना मालिकलाई मध्य रात सम्म अथवा त्यसपछि पनि पर्खनु पर्ला। तर तिनीहरू खुशी हुन्छन् कारण तिनीहरूका मालिक आउँदा तिनलाई पर्खिरहेका पाउने छन्। ३९यो कुरा सम्झी राखः घरका मालिकले कति बेला चोर आउँछ भन्ने कुरा चाल पायो भने उसले चोरलाई घर फोर्न दिएको हुँदैन। ४०यसर्थ, तिमीहरू पनि सतर्क हौं! मानिसका पुत्र अचानक आउनेछ जब कि उनी आउने तिमीहरूले आशा नै गरेका हुँदैनौ।”

### विश्वासी नोकर को होला?

४१पत्रुसले भन्यो, “हे प्रभु! तपाईंले हामीलाई मात्र अथवा प्रत्येकलाई यो कथा भन्नु हुन्छ?”

४२प्रभुले भने, “को चाँहि ज्ञानी र विश्वासी नोकर होला? विश्वासी नोकर त्यही हो जसमाथि अन्य नोकरहरूलाई ठीक समयमा तिनीहरूको भाग खाना दिन्छ भनी विश्वास गर्छ। ४३मालिक आँउदा आफुले अहाएको अनुसार नोकर काममा व्यस्त रहेको पायो भने त्यो नोकर अति खुशी हुनेछ। ४४म तिमीहरूलाई साँचो भन्छु, मालिकले त्यस नोकरलाई आफ्नो जेथा जति छ त्यसको रक्षक नियुक्ती गर्छ। ४५तर यदि नोकर दुष्ट प्रवृत्तिको छ र आफ्नो मालिक झट्टै फर्कदैन भन्ने सोँच्छ भने त्यसको प्रतिफल के होला? त्यो नोकरले अरू नोकर पुरुष र स्त्रीहरूलाई कुट-पीट गर्ला अनि खाई पिई मातेर मस्त बस्ला। ४६जब मालिक आँउछ उसलाई तत्पर रहेको पाउँदैन। यस्तो त्यस दिन आउनेछ, त्यो नोकरले मालिक आँउछ भन्ने सोचेकै हुँदैन मालिक आँउदैछ भन्ने पत्तो हुँदैन। मालिकले त्यस नोकरलाई सजाय दिनेछ अनि त्यसलाई अन्य अविश्वासीसित पठाइदिन्छ।

४७“त्यो नोकरले जान्दथ्यो, उसको मालिकले के चाहान्थ्यो तर ऊ काम गर्न तत्पर रहँदैन अथवा मालिकले अहाएको काम गर्न चेष्टा गरेन, यसर्थ त्यस नोकरले अधिक सजाय पाँउछ। ४८उसको मालिकले जे चहान्छ यदि त्यो नोकरले जान्दैन तर जे गर्छ सयाय योग्यको काम गर्छ, उसको के गति होला? त्यस नोकरले सजाय त पाँउछ नै, तर उसले भन्दा कम्ती सजाय पाउँछ जुन नोकरले मालिकले के चहान्छ जान्दछ तर गर्दैन। जुन व्यक्तिलाई बेसी दिइएको छ, उसको जिम्मेवारी पनि बेसी हुन्छ। अझ जसमाथि बेसी विश्वास गरिएको छ ऊबाट बेसी कै आशा पनि राखिएको हुन्छ।”

### येशूको बारेमा मानिसहरूको असहमति

*(मत्ती १०:३४-३६)*

४९येशू बोली रहे: “म पृथ्वीमा आगो ल्याउन आएको हुँ। तर मैले कसरी आशा गर्ने कि यो अघिदेखि नै सल्किरहेको रहेछ भन्ने। ५०म बप्तिस्मा गरिने विभिन्न तरिकाबाट बप्तिस्मित* हुन परेको छ। यो कामको अन्त नभइञ्जेल सम्म म विचलित नै रहनेछु। ५१के तिमीहरू सम्झन्छौ कि पृथ्वीलाई शान्ति दिन नै म आएको हुँ? अँहँ! म पृथ्वीलाई भाग गर्न आएको हुँ। ५२अहिले देखि पाँच जनाको एउटा परिवार

---

**बप्तिस्मा ... बप्तिस्मित** यहाँ यी शब्दहरूको खास अर्थ छ “बप्तिस्मा गरिने” अथवा दुःखहरूमा “गाड़िन्छ”।

विभाजन हुनेछ, तीन जना दुइ जनाको विरुद्धमा जानेछ,
अनि दुइजना तीन जनाको विरुद्धमा हुने छन्।

५३ पिता र पुत्रहरू विभाजनमा आउनेछ: पुत्र
पिताको विरुद्धमा हुनेछ। अनि पिता पुत्रको
बिरुद्धमा हुनेछ। आमा र छोरीहरू माझ
विभाजन आउनेछ: छोरी आमाको विरुद्धमा
हुन्छे। आमा छोरीको विरुद्धमा हुन्छे। सासू र
बुहारी माझ फाटो आउनेछ: बुहारी सासूको
विरुद्धमा हुन्छे। सासू बुहारीको विरुद्धमा हुन्छे।"

### समयलाई बुझ्दा

*(मत्ती १६:२-३)*

५४तब येशूले मानिसहरूलाई भने, "जब तिमीहरूले
पश्चिममा बादल बटुलिँदै गरेको पाउनेछौ, तिमीहरू
भन्छौ, 'आँधी-वेरी आउनेछ।' अनि यस्तै हुन्छ। ५५त्यसरीनै,
जब दक्षिणबाट बतास चल्न थाल्छ, तिमीहरू भन्नेछौ,
'अब गरमको दिन आउनेछन्।' अनि तिमीहरू ठीक हौ।
५६तिमीहरू कपटीहरू हौ! तिमीहरू जान्दछौ कसरी
आकाश र पृथ्वीको इशाराहरू बझ्नु।

### आफ्नो समस्याहरू समाधान गर

*(मत्ती ५:२५-२६)*

५७"के चाँहि सही हो भन्ने तिमीहरू माझ किन
निर्णय लिन सक्तैनौ? "तब तिमीहरू किन बुझ्न सक्तैनौ
अहिले के भइरहेको छ? ५८मानिलेऊ, कुनै व्यक्तिसँग
तिम्रो झगड़ा छ, अनि तिमी न्यायालय जानु लागेका
छौ। तर न्यायालय पुग्न अघि नैं त्यो झगड़ा मिलाउन
जे आवश्यक हुन्छ हरेक कुरो गर। यदि त्यसो नगरे
विपक्षीले तिमीलाई न्यायधिश अघि उभ्याउने छ। अनि
न्यायधिशले अधिकारीलाई सुम्पिनेछ औ उनले तिमीलाई
जेलमा थुन्नेछ। ५९म तिमीलाई भन्छु, जब सम्म तिमी
माथि तोकिएको पैसा पैसा सम्म तिमी चुक्ता गर्दैनौ
तिमीले त्यहाँबाट छुटकारा पाउने छैनौं।"

### तिम्रो हृदय परिवर्तन गर

**१३** त्यसबेला कोही मानिसहरू येशूसँग थिए। ती
मानिसहरूले गालीलीका मानिसहरूको विषयमा
एउटा कथा येशूलाई सुनाए। पिलातसले कतिपय मानिसहरू
उपासना गरिरहेको बेला मारेका थिए। पिलातसले ती
मानिसहरूको रगत परमेश्वरलाई बलिदान चढ़ाएको
पशुहरूको रगतसँग मिसाए। २येशूले उत्तर दिए,
"तिनीहरूमाथि यस्तो घटना घट्यो भनी के तिमीहरू
गालीलीका अन्य मानिसहरू भन्दा तिनीहरू अझ पापी
थिए भन्ने सौच्छौ? ३होइन, तिनीहरू त्यस्ता थिएनन्। तर
तिमीहरूले पनि आफ्नो हृदय र जीवन परिवर्त्तन गरेनौ
भने तिमीहरू पनि सर्वनाश हुनेछौ। ४सिलोआमको
धरहरा तिनीहरू माथि झरेर अठाह्र जना मर्ने मानिसहरूको
विषयमा तिमीहरू के सौंच्छौं? के तिमीहरू तिनीहरूलाई
यरूशलेमका अन्य सबै मानिसहरू भन्दा धेरै पापी
सम्झन्छौ? ५तिनीहरू त्यस्ता थिएनन्। तर म तिमीहरूलाई
भन्दछु, यदि तिमीहरूले आफ्नो हृदय र रहन-सहन
परिवर्त्तन गरेनौ भने, तिमीहरू पनि त्यसरीनै नाश
हुनेछौ?"

### उपयोगी नभएको रूख

६येशूले यो दृष्टान्त कथा भने, "एकजना मानिसको
एउटा नेभाराको रूख थियो। त्यसले त्यो रूखलाई
आफ्नै अङ्गूर घारीमा रोपेको थियो। त्यो मानिस रूखमा
फल लाग्यो कि भनेर हेर्न आयो, तर केही पाएन।
७त्यस अङ्गूर घारी हेरचाहको लागि त्यसले एकजना
नोकर पनि राखेको थियो। त्यसर्थ त्यो मानिसले आफ्नो
नोकरलाई भन्यो, 'मैले तीन वर्ष अघिदेखि यो रूखमा
फल खोजिरहेछु, तर मैले केही पाइँन। यसलाई काटी
देऊ! किन त्यसै जमीन खेरा फाल्ने?' ८तर नोकरले
उत्तर दियो, 'मालिक! फलको लागि अझ एक वर्ष
यस रूखलाई राखौं। मलाई यसको वरिपरि खत दिनोस्
अनि मल हाल्न दिनोस्। ९हुनसक्छ, आउँदो वर्ष यो
रूखले अवश्यै फल देला यदि त्यसबेला सम्म पनि
रूखले फल दिएन भने त्यसलाई काटी दिऊँला।'"

### येशूद्वारा शबाथको दिनमा एउटी स्त्रीलाई निको पार्छन

१०शबाथको दिन येशूले सभाघरहरूमा शिक्षा दिए।
११सभाघरमा एउटी स्त्री थिई। ऊ भित्र दुष्टात्मा पसेको
थियो जसद्वारा ऊ अठाह्र वर्षबाट कक्रेकी थिई।
त्यसको ढाड़ कुप्रो थियो अनि सिधा उभिन सक्तिनथी।
१२जब येशूले उसलाई देखे, तिनले भने, "नारी, तिमी

रोगबाट मुक्त भयौ।" १३येशूले ऊ माथि हात राखे। त्यसपछि ऊ उठ्न सकी अनि परमेश्वरको प्रशंसा गरी।

१४शबाथको दिन यसरी येशूले जाती पारेकोमा सभाघरका प्रमुख येशूसँग रिसाएका थिए। यसकारण उहाँले त्यहाँ उपस्थित मानिसहरूलाई भने, "छ दिन काम गरिन्छ। अनि कुनै दिन निको पार्नको लागि कोही आउन सक्छ। तर शबाथको दिन निको हुनको निम्ति नआउनू।"

१५प्रभुले उनलाई भने. "तिमीहरू कपटी हौ। तिमीहरू सबैले तिमीहरूको गोरू अथवा गधा खोलेर गोरू अथवा तवेलाबाट तिनीहरूलाई पानी पियाउन लैजान्छौ। तिमीहरू यो शबाथको दिन पनि गर्छौ? १६यो स्त्री जसलाई मैले निको पारें उ हाम्रै यहूदीकी छोरी हुन्। तर शैतानले उसलाई अठाह्र बर्ष सम्म बाँधिर राख्यो। के शबाथको दिन उसको बन्धनबाट छुटाउने काम ठीक थिएन?" १७जब येशूले यसो भने, सबै मानिसहरू जसले उनको निन्दा गरे तिनीहरू लज्जित भए। अनि भीड़का सबै मानिसहरू येशूले गरेको त्यस्तो अचम्भित कार्यको निम्ति खुशी भए।

### परमेश्वरको राज्य के जस्तो होला?

*(मत्ती १३:३१-३३; मर्कूस ४:३०-३२)*

१८त्यसपछि येशूले भने, "परमेश्वरको राज्य के जस्तो छ? त्यसलाई म के सित तुलना गरूँ? १९परमेश्वरको राज्य रायोको बीउ जस्तै छ जो कुनै मानिसले लियो अनि आफ्नो बगैँचामा रोप्यो। त्यो बीउ उम्रियो अनि बढ़ेर रूख भयो। आकाशका चराहरूले त्यसको हाँगाहरूमा गुँड़ लगाए।"

२०येशूले फेरि भने, "म परमेश्वरको राज्यलाई केसित तुलना गरुँ? २१यो खमीर जस्तो हो जो एक स्त्रीले कुनै एउटा ठूलो भाँड़ामा आँटासँग रोटी बनाउन मिसाउँछे। त्यो खमीरले सबै मुछेको आँटालाई फुलाउँछ।"

### साँघुरो ढोका

*(मत्ती ७:१३-१४, २१-२३)*

२२येशू प्रत्येक गाउँ र शहरमा शिक्षा दिँदै गए। तिनी यरूशलेम जान यात्रा गरिरहेका थिए। २३कसैले उहाँलाई भने, "परमप्रभु! कतिजना मानिसहरूलाई मुक्ति दिनु सकिन्छ केवल कोही?"

येशूले भने, २४"साँघुरो ढोकाबाट नै पस्ने कड़ा कोशिश गर, किनभने यही स्वर्गको बाटो हो। धेरै मानिसहरू त्यहाँबाट पस्ने कोशिश गर्छन्, तर कोही पनि सफल हुन सक्तैन। २५यदि कुनै घर मालिक आफ्नो घर ढोकामा ताला लगाउँछ भने, तिमीले बाहिर उभिएर ढोका ढक्ढकाउनु सक्छौ, तर उसले ढोका खोल्दैन। तिमी भन्न सक्छौ, 'महाशय, हाम्रो निम्ति ढोका खोलिदिनुहोस्।' तर त्यो मानिसले भन्नेछ, 'म जान्दिन तिमी कहाँबाट आएका हौ?' २६तब तिमी भन्नु शुरू गर्छौ, 'हामीले एकसाथ खायौं पियौं। हाम्रो शहरका सड़कहरूमा तपाईँले सिकाउनु भयो।' २७अनि फेरि उसले भन्नेछ, 'म तिमीलाई चिन्दिनँ, तिमी कहाँबाट आएका हौ? मदेखि टाड़ा जाऊ। तिमीहरू सबैले नै भूल गर्छौ।' २८तिमीहरूले परमेश्वरको राज्यमा अब्राहाम, इसहाक, याकूब र जम्मै अगमवक्ताहरूलाई भेटनेछौं। तर तिमीहरू बाहिर फ्याँकिनेछौ। तब तिमीहरू रूनेछौ औ दाह्रा किटनेछौ। २९मानिसहरू पूर्व, पश्चिम, उत्तर र दक्षिणबाट आउनेछन्। परमेश्वरको राज्यमा तिनीहरू कुर्सीमा आसन लिनेछन्। ३०अहिले जो तल्लो स्तरमा बसेका छन् परमेश्वरको राज्यमा तिनीहरूले उच्च स्थानमा बस्न पाउनेछन्। अनि जो अहिले उच्च आसनमा बसेका छन् परमेश्वरको राज्यमा तिनीहरू तल्लो आसनमा बस्नेछन्।"

### यरूशलेममा येशूको मृत्युको भविष्यवाणी

*(मत्ती २३:३७-३९)*

३१त्यसैबेला कोही फारसीहरू येशूकहाँ आए अनि भने, "यहाँदेखि टाड़ा जाऊ अनि लुक। हेरोदले तपाईंलाई मार्न चाहन्छ।"

३२येशूले तिनीहरूलाई भने, "जाऊ अनि त्यो स्याललाई भन, 'आज र भोलि मानिसहरूमा भएको भूत आत्माहरू भगाउँछु अनि बिमारहरू निको पार्ने काम गर्छु। तेस्रो दिन, मेरो सबै काम सिद्धिने छ।' ३३तर आज र भोलि मैले मेरो काम गर्नै पर्छ। तब अर्को दिन, म जानै पर्छ, किनभने सबै अगमवक्ताहरू यरूशलेममा मर्नै पर्छ।

३४"ए यरूशलेम, यरूशलेम! तिमीहरूले अगमवक्ताहरूलाई मार्छौ अनि परमेश्वरले तिम्रोमा पठाएको ती मानिसहरूलाई ढुंगाले हिर्काउछौ। धेरै पल्ट तिमीहरूको मानिसहरूलाई मैले सहयोग गर्न इच्छा गरें। मैले

तिनीहरूलाई कुखुराको पोथीले जसरी आफ्ना चल्लाहरूलाई पखेटा मुनि भेला गर्छ त्यसरी नै भेला गर्न चाहान्थें। तर तिमीहरूले मलाई त्यसो गर्न दिएनौ। ३५यसर्थ अब तिमीहरूको घर पूर्णरूपले उजाड़ हुनेछ। म तिमीहरूलाई भन्छु, यसकारण मलाई तिमीहरूले त्यतिञ्जेल देख्न पाउने छैनौ जबसम्म तिमीहरूले भन्ने छैनौ कि 'स्वागत! परमेश्वरले तिनलाई आशिर्वाद दिऊन जो परमप्रभुको नाउँमा आँउछन्।'*"

### के शबाथको दिनमा उपचार गर्नु उचित छ?

१४ एक शबाथको दिन, कुनै एक मुख्य फरिसीको घरमा खाना खानु येशू जानु भयो। त्यहाँ भएका सबै मानिसहरूले उनलाई खुबै नजिकबाट जाँचिरहेका थिए। २एकजना जलोदर रोगीलाई येशूको अघि ल्याइएको थियो। ३येशूले फरिसीहरू र शास्त्रीहरूलाई सोध्नु भयो, "शबाथको दिन कसैलाई निको पार्नु उचित हो वा होइन?" ४तर तिनीहरूले येशूको प्रश्नको उत्तर दिन सकेनन्। यसकारण उनले त्यस मानिसलाई ल्याए अनि उसलाई निको पारे। तब उहाँले त्यस मानिसलाई पठाइदिनु भयो। ५येशूले फारिसीहरू र व्यवस्थाहरूका शास्त्रीहरूलाई भने, "यदि तिमीहरूको पुत्र अथवा काम गर्ने जन्तु शबाथको दिन कुवामा जाकिए त्यसलाई झट्टै निकाल्दैनौ र?" ६ती फरिसीहरू र व्यवस्थाहरूका शास्त्रीहरू येशूले भनेको कुरामा केही भन्न सकेनन्।

### आफ्नै प्रशंसा नगर

७तब येशूले देख्नु भयो कि केही अतिथिहरूले असल कुर्सीहरू रोजिरहेका थिए। यसकारण उनले यो दृष्टान्त कथा सुनाए: ८"जब कसैले तिमीलाई विवाह भोजमा निम्त्याउछ, मुख्य आसन दखल नगर। ती व्यक्तिले तिमीहरू भन्दा पनि मुख्य व्यक्ति निम्त्याएको हुन सक्छ। ९अनि यदि तिमी मुख्य आसनमा बसिरहेको छौ भने निम्त्याउने व्यक्तिले तिमीलाई सम्झाउनेछ, 'यो मानिसलाई तिम्रो आसन देऊ।' तब अन्तिम आसनमा गएर तिमीले बस्नु पर्नेछ। अनि तिमी बड़ो शर्ममा पर्नेछौ। १०यसकारण जब कुनै व्यक्तिले तिमीलाई निम्त्याए, गएर निम्न स्तरीय आसन ओगोट। तब त्यो तिमीलाई निम्त्याउने व्यक्ति आएर भन्नेछ, 'मित्र, तिमी अझ मुख्य आसनमा बस।' त्यतिबेला सबै अतिथिहरूले तिमीलाई सम्मान गर्नेछन्। ११किनभने जसले आफैलाई माथि उठाउँछ त्यो तल झर्नु पर्छ। तर जसले आफैलाई निम्न स्तरको मान्छ त्यसलाई उच्च तुल्याइनेछ।"

### तिमीहरूलाई इनाम मिल्नेछ

१२त्यसपछि येशूले तिनलाई निम्त्याउने फरिसीलाई भने, "जब कुनै दिन तिमीहरूले बिहान वा बेलुकीको भोजन गराउन इच्छा गर्छौ, त्यसबेला केवल आफ्ना साथीहरू, दाजुभाइहरू, आफन्तहरू, र धनी छिमेकीहरूलाई मात्र नबोलाऊ। बदलामा तिनीहरूले पनि तिमीहरूलाई खाना खान निम्तो दिन्छन् अनि तिम्रो इनाम पाइहाल्नेछौ। १३यसको सट्टामा, जब कुनै त्यस्तो भोज गर्छौ, ती गरीबहरू, कुजो, लङ्गड़ा र अन्धाहरूलाई बोलाऊ। १४त्यसपछि तिमी धन्य हुनेछौ, किनभने क्षतिपूर्ण गर्न तिनीहरूकोमा केही हुँदैन। तिनीहरूको केही पनि हुँदैन। तर जब असल मानिस मृत्युबाट बौरी उठ्नेछ त्यसबेला तिमीहरूले इनाम पाउनेछौ।"

### महाभोजको एउटा दृष्टान्त

*(मत्ती २२:१-१०)*

१५येशूसँग बसिरहेका धेरै मानिसहरूमध्ये एकजनाले यो कुरा सुन्यो। त्यस मानिसले येशूलाई भन्यो, "तिनीहरू जजसले परमेश्वरको राज्यमा भोज खान पाउँछन्, तिनीहरू साँच्चैनै धन्य हुन्।"

१६येशूले त्यस मानिसलाई भने, "कुनै एक मानिसले विशाल भोजको व्यवस्था गरेको थियो। त्यसले धेरै मानिसहरूलाई बोलाएको थियो। १७जब खाना खाने बेला भयो, त्यस मानिसले आफ्नो नोकरलाई पाहुनाहरूलाई बोलाउनु पठायो, 'आउनुहोस् प्रत्येक चीज तयारी छ।' १८तर सबै पाहुनाहरूले भने कि तिनीहरू जान असमर्थ थिए। प्रत्येकले एक एक बहना लगायो। पहिलो व्यक्तिले भन्यो, 'मैले भर्खरै एउटा खेत किनेको छु, यसर्थ यसलाई हेर्न म जानु पर्छ। दया गरी माफ गर्नुहोस्।' १९अर्को व्यक्तिले भन्यो, 'मैले भर्खरै पाँच जोर गोरू किनेको छु, त्यसले गर्दा म तिनीहरूलाई काम सिकाउन जानु पर्छ। मलाई दया गरी माफ गर्नुहोस्।' २०तेस्रो व्यक्तिले भन्यो, 'मैले भर्खरै विवाह गरेको छु। म आउन सक्तिनँ।' २१त्यसपछि त्यो नोकर

---

**'स्वागत! ... आँउछन्'** भजनसंग्रह ११८:२६।

फर्कियो। त्यसले आफ्नो मालिकलाई वृतान्त सुनायो। मालिक अत्यन्तै रिसायो अनि भन्यो, 'चाँढ़ो गर। शहरका गल्ली र साँघुरो बाटो तिर जाऊ अनि गरीब मानिसहरू, लङ्गड़ा र अन्धो तथा लुलाहरूलाई ल्याऊ।' २२तब त्यस नोकरले मालिकलाई भन्यो, 'मालिक, तपाईंले जे भन्नु भएको थियो, त्यो मैले गरें, तर अझै अरू मानिसहरूलाई बसाउने ठाउँ छ।' २३मालिकले नोकरलाई भने, 'मूल सड़कहरू र गाँउले बाटोतिर जाऊ मानिसहरूलाई यता आउन भन ताकि घर भरियोस। म तिमीलाई भन्छु। २४मैले निम्तो दिएकाहरू मध्ये कसैले पनि मसँग भोज चाख्न पाउने छैन।'"

### तिमी पहिला योजना बनाऊ

*(मत्ती १०:३७-३८)*

२५धेरै मानिसहरूले येशूसँग यात्रा गरिरहेका थिए। उहाँ तिनीहरूपट्टि फर्कनु भयो अनि भन्नु भयो, २६"यदि कोही मानिस म कहाँ आँउछ भने, अनि मलाई भन्दा अधिक उसको बाबु, आमा, स्वास्नी, पुत्र-छोरी, दाजुभाइ तथा दिदी-बहिनीहरूलाई प्रेम गर्छ भने त्यो मानिस मेरो चेला हुन सक्तैन। कुनै पनि व्यक्तिले आफ्नो जीवनलाई भन्दा बढ़ी मलाई धेरै प्रेम गर्नु पर्छ। २७यदि कसैले आफ्नो क्रूस (समस्या) नउठाई मलाई पछ्याउँछ भने त्यो व्यक्ति मेरो चेला हुन सक्तैन। २८यदि तिमी एउटा भवन बनाउन चाहन्छौ भने, तिमीले पहिले बसेर त्यो बनाउनलाई कति खर्च लाग्ने हो त्यसको छलफल गर्नु पर्छ। भवनको काम पुरा सिध्याउनलाई त्यत्ति तिम्रोमा भएको पैसाले पुग्छ पुग्दैन त्यो हेर्नु पर्छ। २९यदि तिमीले यसो नगरे, काम त शुरू गर्न सक्छौ तर त्यसलाई पूरा गर्न सक्तैनौ। अनि यदि पूरा गर्न नसके सबै मानिसहरूले तिमीलाई खिसी गर्नेछन्। ३०तिनीहरूले भन्ने छन्, 'यो मानिसले घर बनाउनु त शुरूगऱ्यो तर पूरा गर्नु भने सकेन।'

३१"यदि कुनै राजा अर्को राजासँग युद्ध गर्न जाँदैछ भने, पहिले उ बस्न पर्छ, योजना बनाउनुपर्छ। यदि त्यसको दश हजार मानिसहरू छन् अनि उसको विपक्षी बीस हजार मानिसहरू लिएर आँउदैछ भने, त्यसले निर्णय गर्नु पर्छ कि ऊ विजयी हुन सक्छ कि सक्तैन। ३२यदि उसले त्यो राजालाई जित्न सक्तैन भने उसले आफ्नो मानिसहरू अर्को राजाकोमा शान्ति प्रस्ताव राख्नुको निम्ति पठाउनु पर्छ। ३३त्यसरी नै, तिमीहरूले पहिले योजना बनाउनु पर्छ। मलाई पछ्याउने हो भने तिमीहरूले प्रत्येक कुरालाई छाड़नु पर्छ। नत्र तिमीहरू मेरो चेला बन्न सक्तैनौ।

### आफ्नो प्रभाव नहराऊ

*(मत्ती ५:१३; मर्कूस ९:५०)*

३४"नुन असल चीज हो। तर यदि नुनले आफ्नो नुनिलो स्वाद हरायो भने, यो वेकामे हुन्छ। त्यसलाई फेरि नुनिलो बनाउन सकिदैन। ३५त्यसलाई तिमीहरूले माटो सरह अथवा विरूवाका मलका लागि समेत प्रयोग गर्न सक्तैनौ। मानिसहरूले त्यसै फ्याँकिदेनेछन्।

"जसले मलाई सुनिरहेका छौ सुन।"

### स्वर्गमा आनन्द

*(मत्ती १८:१२-१४)*

**१५** अनेकौं कर उठाउनेहरू र पापीहरू येशूकहाँ उनलाई सुन्न आए। २तब फरिसीहरू र व्यवस्थाका शास्त्रीहरूले विरोध प्रकट गर्न थाले, "हेर! यो मानिसले पापीहरूलाई पनि ग्रहण गर्छ अनि सँगै बसेर खान्छ।"

३त्यसपछि येशूले तिनीहरूलाई यो दृष्टान्त सुनाए: ४"तिमीहरू मध्ये कसैको सय वटा भेँड़ाहरू छन् अनि ती मध्ये एउटा हरायो, त्यो उनान्सय भेँड़ालाई छोड़ेर हराएको एउटा भेड़ा खोज्न जान्छ। त्यो भेड़ा जबसम्म पाउने छैन ऊ खोजी रहने छ। ५अनि जब उसले हराएको भेड़ा पाउँछ ऊ अति खुशी हुन्छ। त्यो मानिसले भेड़ालाई आफ्नो काँधमा बोकेर ल्याउनेछ। ६जब त्यो मानिस उसको घरमा फर्केर आँउछ, आफ्नो साथीहरू र छिमेकीहरूकोमा जान्छ अनि भन्छ, 'म जस्तै खुशी होऊ, किनभने मैले हराएको भेड़ा पाएँ।' ७त्यस्तै प्रकारले म भन्दछु, तिमीहरूलाई स्वर्गमा अति आनन्द हुन्छ जब एउटा पापीले आफ्नो हृदय परिवर्त्तन गर्छ अनि अन्य उनान्सय असल मानिसहरूले आफ्नो हृदय परिवर्त्तन गर्न कुनै आवश्यक पर्दैन।

८"मानीलेऊ एउटी स्त्रीसँग दशवटा चाँदीका सिक्काहरू छन्, यदि उसले एउटा सिक्का हराई, त्यसले बत्ती बाल्छे अनि त्यो घरमा खोज्दै बढ़ार्छे। जबसम्म उसले सिक्का पाँउदिन खुब ध्यानपूर्वक खोज्छे। ९अनि जब उसले त्यो हराएको सिक्का पाउँछे, उसले आफ्नो साथीहरू र

छिमेकीहरूलाई बोलाएर भन्छे, 'मसित खुशी होऊ किनभने मैले हराएको सिक्का पाएँ।' [10]त्यसरी नै, म भन्दछु, परमेश्वरको दूतहरूको अघि खुशी छाउँछ जब एकजना पापीले आफ्नो हृदय परिवर्तन गर्छ।"

## उड़न्ता पुत्र

[11]त्यसपछि येशूले भने, "एकजना मानिसको दुइ पुत्रहरू थिए। [12]कान्छो छोरोले आफ्नो बाबुलाई भन्यो, 'पिता हाम्रो सम्पत्तिमा मेरो भागमा जे जति अंश पर्छ मलाई दिनुहोस्।' अनि बाबुले आफ्नो धन-सम्पत्ति ती दुई पुत्रहरूलाई बाँड़िदिए। [13]केही दिन पछि कान्छो छोरोले आफ्नो सबै सम्पत्ति बटुल्यो अनि गयो। त्यो टाड़ो देशमा गयो। त्यहाँ त्यसले मूर्खले झैं आफ्नो रुँपिया-पैसा सब खर्च गर्‍यो। [14]आफुमा जे जति थियो सबै त्यसले स्वाहा पार्‍यो। तब, त्यो ठाउँमा खड़ेरी पर्‍यो, अनि पानी पटक्कै परेन। देशभरी मानिसहरूले खानेकुरा पाउन छाड़े। त्यो खुबै भोकायो अनि उसलाई पैसाको आवश्यक पनि पर्‍यो। [15]अनि त्यस ठाँउको कुनै एकजना मानिसकहाँ गयो अनि आफ्नो जीविकाको लागि त्यसले त्यहाँ काम लियो। अनि उसले त्यसलाई खेतमा सुँगुरहरू हेर्न पठायो। [16]त्यो व्यक्ति त्यत्ति भोकाएको थियो कि उसले जुन चारो सँगुरहरूले खाँदैथ्यो खान खोज्यो। तर कसैले त्यसलाई केही दिएन। [17]तब उसले आफूलाई मूर्ख भएको अनुभव गर्‍यो। उसले भन्यो, 'मेरा बाबुको जति नोकरहरू छन् तिनीहरूकोमा आवश्यक भन्दा वेशी खाना छ। तर म यहाँ भोकले मर्न लागेको छु। [18]म उठ्छु अनि यहाँबाट बाबुकहाँ जान्छु अनि म उनलाई भन्नेछु बाबु! मैले परमेश्वर अनि तँपाईको अघि पनि पाप गरें। [19]म तपाईंको छोरो भनिनु अब उसो योग्यको छैन। मलाई तपाईंकै एकजना नोकर झैं राख्नु होस्।' [20]यसरी त्यो केटो उठ्यो अनि आफ्नो बाबु भेटन गयो।

## छोरो फर्किन्छ

"जब निकै परै आँउदै थियो, त्यसको बाबुले देख्यो अनि आफ्नो छोरोप्रति बाबुको मनमा खुबै दया जाग्यो। अनि पिता छोरो भएकहाँ दगुर्दै गएर अंगालो हाले औ म्वाँई खाए। [21]छोरोले भन्यो, 'बाबु, मैले परमेश्वर र तपाईंको अघि पाप काम गरेको छु। म तपाईंको छोरो भनिन अब उसो योग्यको छैन।' [22]तर उसको बाबुले उसको नोकरहरूलाई अह्राए, 'चाँड़ो! राम्रा-राम्रा लुगाफाटा ल्याऊ अनि यसलाई लगाई देऊ। हातमा औंठी पनि लगाइदेऊ अनि खुट्टामा जुत्ता पनि लगाइदेऊ। [23]त्यो मोटो बाछा ल्याऊ, त्यसलाई मार अनि हामी खाएर भोज मनाँउछौ। [24]किनभने यो मेरो छोरो मरेको थियो, तर अहिले ऊ जीवित फर्की आएको छ। उ हराएको थियो, तर उसलाई अहिले पाइएको छ।' त्यसपछि तिनीहरूले भोजको व्यवस्था शुरू गरे।

## जेठो छोरोको आगमन

[25]"उसको जेठो छोरो खेतमा थियो। ऊ बिस्तारै घरमा आयो। उसले त्यहाँ नाच गान भइरहेको सुन्यो। [26]यसर्थ जेठो छोरोले एकजना नोकरलाई बोलाएर सोध्यो, 'यी सब किन भइरहेको छ?' [27]नोकरले उत्तर दियो, 'तिम्रो भाइ फर्केर आएको छ। तिम्रो बाबुले भोजको लागि मोटो बाछा मार्न लगाएका छन् किनभने भाइ सकुशल फर्केर आएकोमा तिनी अत्यन्तै खुशी थिए।' [28]त्यो जेठो छोरो रिसायो अनि भोजमा जान मन गरेन। यसर्थ उसको बाबु आफै गएर तिनलाई उत्सवमा सम्मिलित हुन आग्रह गरे। [29]त्यो छोरोले बाबुलाई भन्यो, 'मैले यत्रो वर्ष सम्म नोकर झैं तपाईंको सेवा गरें। मैले सँधै तपाईंको आज्ञा पालन गरें। तर मेरो निम्ति तपाईंले एउटा सानो पाठा सम्म दिनु भएन ताकि म मेरा मित्रहरूसँग भोज मनाउँन सक्थे। [30]तर तपाईंको यो छोरोले आफ्नु पुरै सम्पत्ति वेश्याहरूको संगतमा उड़ाएको हो। अनि ऊ घर आउँदा चाँहि मोटो बाछो समेत मार्न लाउनु भयो।' [31]अनि बाबुले छोरोलाई भने, 'एई छोरो! तिमी त सँधै मसँगै छौ। मेरोमा भएको सारा सम्पत्ति तिम्रै हो। [32]हामी सबै खुशी हौं औ भोज गरौं। किनभने तिम्रो यो भाइ मरेको थियो अनि जिउँदो फर्की आएको छ। उ हराएको थियो तर अहिले पाइएको छ।'"

## असल सम्पत्ति

**१६** येशूले आफ्ना चेलाहरूलाई भने, "एकजना धनी मानिस थिए। तिनले आफ्नो व्यापारको हेरचाहको निम्ति एकजना प्रवंधक नियुक्त गरेका थिए। केही समय पछि त्यो धनी मानिसले चाल पाए कि त्यस प्रवंधकले

उसको सम्पत्ति नष्ट पार्दै थियो। [2]यसकारण तिनले त्यो प्रवंधकलाई बोलाए अनि भने, ‘मैले तिम्रो बारेमा सुनेको छु। तिमीले खर्च गरेको मेरो रूपियाँ-पैसाको विवरण देऊ। अब उसो तिमी मेरो प्रवंधक रहन पाउने छैनौ।’ [3]त्यसपछि त्यो प्रवंधकले आफै सोच्न लाग्यो, ‘मैले के गर्नु पर्ने हो? मेरो मालिक मलाई कामबाट निकाल्नेवाला छन्। खेतमा काम गर्ने मेरो शक्ति छैन। मलाई माग्न पनि लाज लाग्छ। [4]म जान्दछु मैले के गर्नु पर्छ ताकि जब मैले मेरो काम गुमाउँछु, अरू मानिसहरूले मलाई तिनीहरूको घरमा बोलाउने छन्।’ [5]यसकारण त्यो प्रवंधकले जजसले पैसा लगेका थिए प्रत्येकलाई बोलायो। त्यसले पहिलो व्यक्तिलाई भन्यो, ‘तिमीले मेरो मालिकलाई कति तिर्नुपर्छ?’ [6]त्यस व्यक्तिले भन्यो, ‘मैले तिनलाई चार हजार किलोग्राम जैतुन तेल दिनुपर्छ।’ त्यो प्रवंधकले त्यसलाई भन्यो, ‘यहाँ तिम्रो सूची छ; बसेर झट्टै सूची घटाउने कामगर र दुईहजार किलोग्राम लेख।’ [7]त्यसपछि प्रवंधकले अर्को व्यक्तिलाई भन्यो, ‘तिमीले मेरो मालिकलाई कति तिर्नुपर्छ?’ त्यस मानिसले भन्यो, ‘मैले तिनलाई एक सय बस्ता गहुँ दिनुपर्छ।’ तब त्यो प्रवंधकले भन्यो, ‘यहाँ तिम्रो सूची छ। यसलाई घटाऊ अनि अस्सी बस्ता लेख।’ [8]पछि मालिकले त्यो इमान्दारहीन प्रवंधकको प्रशंसा गरे किनभने उसले चलाकी साथ काम गर्‍यो। हो, संसारिक मानिसहरू आत्मिक मानिसहरू भन्दा तिनीहरूको मानिसहरूसित व्यवसायमा चतुर हुन्छन्।

[9]“म तिमीहरूलाई भन्दछु, संसारमा भएका तिम्रो चिजहरू प्रयोग गरेर आफ्नो मित्रहरू बनाऊ। जब ती चीजहरू सकिन्छ, तब तिमीहरूलाई अनन्त बास स्थानमा स्वागत हुनेछ। [10]यदि कुनै व्यक्तिलाई सानो कुरोमा विश्वास गर्न सकिन्छ भने ठूलो ठूलो कुरामा पनि विश्वास गर्न सकिन्छ। यदि कुनै व्यक्ति सामान्य कुरामा इमान्दारहीन छ भने ठूला-ठूला कुरामा पनि इमान्दारहीन हुन्छ। [11]यदि तिमीलाई सांसारिक सम्पत्तिमा विश्वास गर्न सकिंदैन, तिमीहरूलाई कसरी साँचो सम्पत्तिको लागि विश्वास गरिन्छ। [12]यदि तिमीहरूले अर्काको सामानहरूमा विश्वासी प्रमाण गर्न सकेनौ भने तिमीहरूलाई कसले तिमीहरूकै समानहरू दिनेछ?

[13]“एकै समयमा एउटा नोकरले दुइजना मालिकको सेवा गर्न सक्तैन। त्यो नोकरले एकजना मालिकलाई घृणा गर्छ अनि अर्कोलाई प्रेम गर्छ, अथवा त्यो एकजनाको भक्त हुन्छ भने अर्कोलाई मन पराउँदैन। एकै समयमा तिमीहरूले परमेश्वर र सम्पत्तिको सेवा गर्न सक्तैनौ।”

## परमेश्वरको नियम परिवर्त्तन हुँदैन

*(मत्ती ११:१२-१३)*

[14]फरिसीहरूले यी सब सुनिरहेका थिए। फरिसीहरूले येशूको निन्दा गरे किनभने तिनीहरू सबैले धनलाई प्रेम गर्थे। [15]येशूले ती फरिसीहरूलाई भने, “तिमीहरू मानिसहरूको अघि भलादमीको स्वभाव देखाँउछौ। तिमीहरू भित्र के छ परमेश्वर जान्नु हुन्छ। जुन कुरो मानिसको लागि मूल्यवान छ परमेश्वरको निम्ति त्यसको केही मूल्य छैन।

[16]“परमेश्वरले मानिसहरू मोशाको नियम र अगमवक्ताहरूका ग्रन्थहरू अनुसार बाँचेको चहान्छन। तर बप्तिस्मा दिने यूहन्ना आएपछि नै परमेश्वरको राज्यको सुसमाचारहरू सुनाइयो। अनेकौं मानिसहरू परमेश्वरको राज्यमा पस्न पाउनलाई परिश्रम गरिरहेका छन्। [17]नियमको सुक्ष्म अंश पनि परिवर्त्तन गरिनु भन्दा स्वर्ग र पृथ्वी नै अल्पिनु अझ सजिलो छ।

## छुटानाम र पुनर्विवाह

[18]“यदि कुनै व्यक्तिले आफ्नो स्वास्नीसँग छुटानाम गर्छ र अर्को स्त्रीलाई विवाह गर्छ भने, ऊ व्यभिचार पापको दोषी हुनेछ। अनि कुनै व्यक्तिले छुटानाम भएकी स्त्रीलाई विवाह गर्छ भने त्यसलाई पनि व्यभिचार गरेकै पाप लाग्नेछ।”

## धनी मानिस र लाजरस

[19]येशूले भने, “एउटा धनी मानिस थियो। उसले बहुमूल्य लुगाहरू लगाँउथ्यो। त्यो त्यति धनी थियो कि प्रत्येक दिन भोज खुवाउन सक्थ्यो। [20]त्यहाँ लाजरस नाउँ गरेको एक गरीब मानिस बस्थ्यो। त्यो त्यस धनी मानिसको घरको ढोका अघि सुती रहन्थ्यो। त्यसको शरीर घावै घावले भरिएको थियो। [21]यदि त्यसले त्यस धनी मानिसले खाएर उब्रेको खान पाए पनि सन्तुष्ट हुन्थ्यो। कहिले काँही कुकुरहरूले त्यसको घाव चाटिरहेका हुन्थ्यो। [22]केही सयम पछि लाजरस मर्‍यो। स्वर्ग दूतहरूले लाजरसलाई बोकेर अब्राहामका हातमा सुम्पिदिए।

त्यो धनी मानिस पनि मऱ्यो अनि उसलाई दफ्नाइयो। [२३]त्यसलाई पातालमा पठाइयो अनि खुबै कष्टमा पऱ्यो। त्यो धनी मानिसले टाड़ोबाट अब्राहामले लाजरसलाई आफ्नो हातमा लिएको देख्यो। [२४]त्यसले चिच्यायो, 'पिता अब्राहाम, म माथि दया गर्नुहोस्! लाजरसलाई मकहाँ पठाइदिनुहोस् ताकि त्यसले आफ्नो औंला पानीमा चोब्नु सक्छ र मेरो जिब्रोलाई शीतल पारी दिओस।' किनभने यो आगोमा म कष्ट पाइरहेकोछु।' [२५]तर अब्राहामले भने, 'मेरो बालक, सम्झ, तिमी कसरी बाचिरहेको थियौ? तिम्रो जीवनमा दामीदामी धेरै चीजहरू थिए। लाजरसकोमा सबै नराम्रो चीजहरू मात्र थियो। अहिले त्यो यहाँ सुखमा छ, अनि तिमी चाँहि कष्ट पाइरहेछौ। [२६]तिमीहरू र हाम्रो बीचमा पनि एउटा ठूलो खाडल छ। यहाँबाट कोही पनि तिमीहरू भएकोमा पुग्न सक्तैन अनि त्यहाँबाट पनि कोही यता तर्न सक्तैन।' [२७]त्यो धनी मानिसले भन्यो, 'तब हे पिता अब्राहाम। लाजरसलाई मेरो पृथ्वीमा बाबुको घर पठाइदिनुहोस्। [२८]मेरा पाँचजना भाइहरू छन्। यदि लाजरसले तिनीहरूलाई चेतावनी दिए भने, तिनीहरू यो कष्टमय ठाउँमा आउने छैनन्।' [२९]तर अब्राहामले भने, 'तिनीहरूको लागि पढ्नु मोशाको व्यवस्था र अगमवक्ताहरूको ग्रन्थहरू छन्, तिनीहरूले तिनीहरूबाट नै सुनुन।' [३०]तर त्यो धनी मानिसले भन्यो, 'अँह! पिता अब्राहाम! यदि कोही मरेकाहरूबाट एक जना त्यहाँ गए, तिनीहरूले विश्वास गर्नेछन् अनि हृदय र जीवन परिवर्तन गर्नेछन्।' [३१]फेरि अब्राहामले भने, 'अँह। यदि तिम्रा भाइहरूले मोशा र अगमवक्ताहरूलाई सुन्दैनन् भने, तिनीहरूले मृत्युबाट उठेर आएकाहरूलाई पनि ध्यान दिंदैनन्।'"

## पापको कारण नबन र सँधै क्षमा गर्न तयार हौं

*(मत्ती १८:६-७, २१-२२; मर्कूस ९:४२)*

**१७** येशूले उहाँको चेलाहरूलाई भने, "मानिसमा पाप गराउने घटनाहरू घट्छ नै। तर जसले त्यसो गर्छ, उसलाई अत्यन्तै दु:ख हुन्छ। [२]त्यो व्यक्ति जो दुर्वल व्यक्तिहरू माथि अन्याय गर्छ त्यसले कठोर प्रतिफल भोग्नु पर्छ। तर त्यसको लागि गलामा जाँतो बाँधेर सागरमा फ्याँकिनु असल हुनेछ। [३]यसकारण होशियार बस।

"यदि तिम्रो भाइले पापहरू गर्दैछ भने उसको दोष देखाइ देऊ। तर उसले पश्चाताप गर्छ पाप कर्म बन्द गर्छ भने उसलाई माफ देऊ। [४]तिम्रो भाइ यदि दिनमा सातवटा भूल गर्छ र यदि उसले प्रत्येक पल्ट नै भूल स्वीकार्छ भने उसलाई माफ देऊ।"

## तिम्रो विश्वास कति ठूलो छ?

[५]प्रेरितहरूले प्रभुलाई भने, "हाम्रो विश्वास बढ़ाईदिनोस्।"

[६]प्रभुले भने, "यदि तिमीमा रायोको गेड़ा जत्रो मात्र विश्वास छ भने, तिमीहरू त्यस किम्बुको रूखलाई भन्न सक्छौ, 'तँ आफै उखेलिएर समुद्रमा रोपिन जा!' अनि त्यो रूखले तिमीहरूको आज्ञा पालन गर्नेछ।

## विश्वासी नोकर हुने चेष्टा गर

[७]"मानिलेऊ तिमीहरूमध्ये कसैको एकजना नोकर छ जो खेत जोतिरहेको हुन्छ अथवा भेड़ा चराइरहेको छ। जब काम सिध्याएर भित्र आँउछ, त्यसलाई तिमी के भन्छौ? 'आऊ अनि खाना खानु बस?' [८]अँह! तिमी त्यो नोकरलाई भन्नेछौ, 'मेरो निम्ति खाना तयार पार अनि मलाई खाना दिनुको लागि लुगा लगाऊ। जब म खाई पिई सक्छु तब तिमी खाऊ।' [९]नोकरले त्यसरी आदेश पालन गरेकोमा त्यो अभारी हुन्छ? हुँदैन। [१०]तिमीसँग पनि यस्तै हो। जब तिमीहरूलाई गर्नु दिएको प्रत्येक काम गर्दछौ, तिमीहरूले भन्नु पर्छ, 'हामी कुनै खास धन्यवाद पाउने योग्यको होइनौ। हामीले जे गर्नु पर्ने थियो त्यही काम मात्र गरेका छौ।'"

## धन्यवादी बन

[११]येशू यरूशलेमतिर जाँदै हुनु हुन्थ्यो। उहाँ सामरिया र गालील हुँदै जानु भयो। [१२]उहाँ एउटा गाँउमा आइपुग्नु भयो। त्यहाँ उहाँलाई दसजना मानिसहरूले भेटे। ती मानिसहरू येशूको एकदम नजिक आएनन्, किनभने तिनीहरू सबै कोढ़ीका विमारीहरू थिए। [१३]तर ती मानिसहरूले येशूलाई चर्को स्वरमा भने, "हे येशू गुरुज्यू! दया गरी हामीलाई सहयता गर्नुहोस्।"

[१४]जब येशूले ती मानिसहरूलाई देख्नु भयो, उहाँले भन्नु भयो, "जाऊ अनि पूजाहारीहरूलाई तिमीहरू आफैलाई देखाऊ।"

जब ती दसजना मानिसहरू पूजाहारीहरूकहाँ जाँदै
थिए, तिनीहरू निको भए। १५जब कुनै एकजना
मानिसले आफु निको भएको थाहापायो, त्यो फर्केर
येशूकहाँ गयो। त्यसले ठूलो स्वरमा परमेश्वरलाई धन्यवाद
चढ़ायो। १६त्यो येशूको चरणमा घोप्टियो अनि येशूलाई
धन्यवाद चढ़ायो। त्यो मानिस यहूदी नभई सामरी थियो।
१७येशूले भन्नु भयो, "दसजना मानिस निको भए, ठीक
हो? अरू नौजना कहाँ छन्? १८के यो सामरी मात्र
परमेश्वरलाई धन्यवाद चढ़ाउन आएको?" १९तब येशूले
त्यसलाई भन्नु भयो, "उठ! तिमी जान सक्छौ। तिम्रो
विश्वासले तिमी निको भयौ।"

### परमेश्वरको राज्य तिमीभित्रै छ

*(मत्ती २४:२३-२८, ३७-४१)*

२०कोही फरिसीहरूले येशूलाई सोधे, "परमेश्वरको
राज्य कहिले बनिन्छ?"
येशूले भने, "परमेश्वरको राज्य बनिदैंछ तर त्यस्तो
वनिँदैन जुन तिम्रो आँखाले देख्न सक्छ। २१मानिसहरूले
भन्ने छैनन्, 'हेर, परमेश्वरको राज्य यहीँ छ!' अथवा,
'त्यो त्यहाँ छ'! होइन, परमेश्वरको राज्य तिमी भित्रै
छ।"
२२तब येशूले चेलाहरूलाई भने, "समय आउनेछ
जब तिमीहरूले मानिसको पुत्रको कुनै दिन हेर्नलाई खुबै
चाहना गर्नेछौ, तिमीहरू हेर्न योग्यका हुने छैनौ।
२३मानिसहरूले तिमीहरूलाई भन्नेछन्, 'हेर, यो त्यहाँ
छ!' अथवा 'हेर, यो यहाँ छ!' जहाँ छौ तिमीहरू त्यहीँ
बस, टाड़ा नजाऊ अनि नखोज।

### जब येशू फेरि आँउछन्

२४"तिमीहरूले यो जान्नेछौ कि मानिसको पुत्र फेरी
कहिले आँउछ। उहाँको आउने दिन बिजुली जस्तो हुनेछ
जुन आकाशको एक अन्तबाट अर्को अन्त सम्म
चम्कन्छ। २५तर त्यो भन्दा अघि, मानिसको पुत्रले
अनेकौं कष्टहरू सहनुपर्छ अनि यो पुस्ताका
मानिसहरूबाट अस्वीकृत हुनुपर्छ। २६मानिसको पुत्र आँउदा
पनि त्यही हुनेछ जुन नूहको समयमा भएको थियो।
२७नूहको समयमा, जब सम्म नूह डुङ्गामा पसेनन्
मानिसहरू खान्थे, पिउँथे, विहे गर्दै थिए, अनि गराउदैथे।
तब बाढ़ी आयो अनि सबै नष्ट पार्‍यो। २८यो पनि
लूतको समय जस्तै हुनेछ जब परमेश्वरले सदोमको
सर्वनाश गरे। ती मानिसहरू खाँदै थिए, पिउँदै थिए,
किन्दै थिए, विक्री गर्दै थिए, रोप्दै थिए अनि आफ्नै
लागि भवनहरू बनाउँदै थिए। २९लूतले शहर छाड़ने
समय सम्म मानिसहरू यी सब गरिरहेकै थिए। तब
आकाशबाट आगो र गन्धक बर्स्यो अनि प्रत्येकलाई
नष्ट पार्‍यो। ३०जब मानिसको पुत्र आउनु हुन्छ, एकदमै
त्यही हुनेछ।
३१"त्यसदिन, यदि कोही मानिस उसको घरको
छानामा छ भने, अनि उसको समानहरू घरभित्र छ भने
ऊ ती समानहरू लिन जानु पर्दैन। त्यसरी यदि कोही
मानिस खेतमा छ भने त्यसले पनि नै घर फर्किनु पर्दैन।
३२विचार गर, लूतकी पत्नीलाई के भएको थियो।
३३जुन व्यक्तिले आफ्नो जीवन बँचाउन चाहन्छ उसले
त्यो गुमाउनेछ। तर कसैले आफ्नो जीवन गुमाउँछ भने
त्यसले यो बचाँउनेछ। ३४त्यसबेला एउटा पलङ्गमा दुइजना
व्यक्तिहरू एक साथ सुतिरहेको हुनेछन्, एकजनालाई
लगिने छ अनि अर्कोलाई छोड़िने छ। ३५दुईजना स्त्रीहरू
एक साथ काम गरिरहेको हुने छन, एउटीलाई लगिने
छ अनि अर्कीलाई छोड़िनेछ।" ३६*
३७चेलाहरूले येशूलाई भने, "यो कहाँ हुनेछ, प्रभु?"
येशूले उत्तर दिए, "जहाँ लाश हुन्छ त्यहाँ गिद्दहरू
भेला हुन्छन्।"

### परमेश्वरले मानिसहरूलाई उत्तर दिन्छन्

१८ त्यसपछि येशूले चेलाहरूलाई सँधै प्रार्थना गर्नु
अनि कहिल्यै निराश नहुनु भनेर शिक्षा दिए।
येशूले तिनीहरूलाई सिकाउन यस्तो दृष्टान्त भने: २"कुनै
एउटा शहरमा एकजना न्यायाधीश बस्थे। उसले परमेश्वरबारे
वास्तै गर्दैन थिए। उसले यो पनि वास्ता गर्दैन थिए कि
मानिसहरूले उसको बारेमा के-के सोच्छन्। ३त्यही
शहरमा एकजना नारी थिई। त्यसको लोग्ने मरिसकेको
थियो। त्यो नारीले धेरै पल्ट त्यो न्यायाधीशलाई भनी,
'यहाँ एउटा मानिस छ जसले मलाई अन्याय गर्दैछ। मेरो
अधिकार बचाई दिनुहोस्।' ४तर न्यायाधीशले त्यस

---

**पद ३६** लूकाको केही यूनानी प्रतिहरूमा पद ३६ जोड़िएको छ। दुईजना मानिसहरू एउटै खेतमा हुनेछन्, एउटालाई लगिनेछ र अर्कोलाई छोड़िनेछ।

नारीलाई कुनै प्रकारको सहायता गर्न चाहेन। लामो
समय पछि न्यायाधीशले बिचार गर्‍यो, 'परमेश्वरको
बारेमा म वास्तै राख्तिनँ। अनि मानिसहरूले मेरो
विषयमा के सोंच्छन् त्यसको पनि म वास्ता गर्दिन। [५]तर
यो विधवाले भने मलाई हैरान पारी। यदि त्यसले चाहेको
न्याय गरिदिएँ भने उसले मलाई छोड़िदिने थिई। नत्र
घरीघरी आउँछे अनि त्यसले मलाई हैरान बनाउँछे।'"

[६]तब प्रभुले भन्नु भयो, "सुन! त्यो अन्यायी न्यायाधिशले
जे भन्यो, त्यसमा केही अर्थ छ। [७]के परमेश्वरले
छानेका मानिसहरूलाई न्याय दिदैंनन्? तिनीहरू रात-दिन
उनलाई कराउँछन्। परमेश्वरले आफ्नो मानिसहरूलाई
जवाफ दिनलाई अल्छी गर्दैनन्। [८]म तिमीहरूलाई भन्दछु,
परमेश्वरले आफ्नो मानिसहरूलाई झट्टै न्याय दिनु हुने
छ। तर जब मानिसको पुत्र फेरि आउनु हुन्छ, के
उहाँले पृथ्वीमा उहाँलाई विश्वास गर्ने मानिसहरू पाउनु
हुन्छ?"

## परमेश्वरसँग ठीक बस

[९]कतिजना मानिसहरूले सोचे कि तिनीहरू खुबै
असल थिए। तिनीहरूले प्रत्येकलाई हेला गर्छन्। येशूले
तिनीहरूलाई उपदेश दिन एउटा यस्तो दृष्टान्त सुनाए:
[१०]"कुनै एक समयमा फरिसी र एकजना कर उठाउने
व्यक्ति थिए। एकदिन ती दुवै मन्दिरमा प्रार्थना गर्न गए।
[११]फरिसी कर उठाउने देखि केही टाड़ो उभियो। जब
त्यो फरिसीले प्रार्थना शुरू गर्‍यो, त्यसले भन्यो, 'हे
परमेश्वर, तपाँईलाई धन्यवाद दिन्छु किनभने म अरू
जस्तो नराम्रो मानिस होइन। म चोरी, ठग र व्यभिचारी
पापहरू गर्दिन। म तपाईंलाई धन्यवाद चढ़ाउँछु कारण म
यो कर उठाउने जस्तो नराम्रो होइन। [१२]म असल छु;
म हप्तामा दुइपटक उपवास बस्छु अनि आफ्नो कमाईबाट
दशांश दान गर्छु।'

[१३]"त्यो कर उठाउने एक्लै अलि पर उभिरहेको
थियो। जब त्यसले प्रार्थना गर्‍यो, त्यसले स्वर्गपट्टि पनि
हेरेन। त्यसले परमेश्वरको अघि आफूलाई अति तुच्छ
पायो। त्यसले भन्यो, 'हे परमेश्वर, म प्रति दया
गर्नुहोस्। म एउटा पापी हुँ।' [१४]म तिमीहरूलाई भन्दछु,
जब त्यो घर गयो, त्यो परमेश्वरसँग ठीक थियो। तर
त्यो फारिसी, जसले आफुलाई असल हुँ भन्ने सम्झन्थ्यो
त्यो परमेश्वरसँग ठीक थिएन। जुन व्यक्तिले आफुलाई
ठूलो ठान्दछ त्यो तुच्छ हुनेछ। तर जुन व्यक्तिले
आफूलाई तुच्छ ठान्छ त्यो महान हुनेछ।"

## परमेश्वरको राज्यमा को पस्न पाउने छ?

*(मत्ती १९:१३-१५; मर्कूस १०:१३-१६)*

[१५]कोही मानिसहरूले आफ्ना केटाकेटीहरू येशूकहाँ
ल्याँउदै थिए ताकि येशूले तिनीहरूलाई छोइ दिउन। तर
चेलाहरूले जब देखे, तिनीहरूले मानिसहरूलाई हकारे।
[१६]तर येशूले ती ससाना बालकहरूलाई बोलाए अनि
चेलाहरूलाई भने, "ती ससाना बालकहरूलाई मकहाँ
आउन देऊ। तिनीहरूलाई नरोक। किनभने परमेश्वरको
राज्य यी बालकहरू जस्तै मानिसहरूको हो। [१७]म
तिमीहरूलाई साँचो भन्दछु तिमीहरूले ससाना बालकले
केही थोक ग्रहण गरे जस्तै परमेश्वरको राज्यलाई पनि
ग्रहण गर्नु पर्छ। नत्र तिमीहरू कहिल्यै प्रवेश गर्ने
छैनौ!"

## एकजना धनी मानिसद्वारा येशूलाई एउटा प्रश्न

*(मत्ती १९:१६-३०; मर्कूस १०:१७-३१)*

[१८]एकजना यहूदी नेताले येशूलाई सोधे, "हे असल
गुरू, अनन्त जीवन पाउँन मैले के गर्नु पर्छ?"

[१९]येशूले तिनलाई भने, "तिमीले मलाई किन असल
भन्दछौ? केवल परमेश्वर मात्र असल हुनुहुन्छ। [२०]तैपनि
म तिम्रो प्रश्नको उत्तर दिन्छु। तिमीले परमेश्वरको
आज्ञाहरू जान्दछौ: 'व्यभिचार नगर्नु, कसैको हत्या
नगर्नु, नचोर्नु, अरूको विषयमा झूटो नबोल्नु, बाबु-
आमालाई सम्मान गर।'*"

[२१]तर त्यो अगुवाले भने, "म सानोदेखि यी आज्ञाहरू
पालन गर्दै आएको छु।'"

[२२]जब येशूले यस्तो सुने, उहाँले त्यो नेतालाई भने,
"तर त्यहाँ अझै एउटा तिमीले गर्नुपर्ने काम बाँकी छ।
तिम्रोमा भएको सबै चीजहरू बिक्री गर अनि पैसाहरू
गरीब मानिसहरूलाई बाड़िदेउ अनि स्वर्गमा तिमीले
इनाम पाउनेछौ। त्यसपछि तिमी आऊ अनि मलाई
पछ्याऊ!" [२३]तर जब उसले यी कुराहरू सुन्यो ऊ
अत्यन्त दु:खी भयो किनभने त्यो मानिस साह्रै धनी
थियो।

---

**'व्यभिचार ... गर'** प्रस्थान २०:१२-१६; व्यवस्था ५:१६-२०।

[२४]जब येशूले त्यो मानिसलाई दु:खी भएको देख्नु
भयो, उहाँले भन्नुभयो भने, "साँच्चै धनी मानिसलाई
परमेश्वरको राज्यमा प्रवेश गर्नु कठिन छ। [२५]हो, धनी
मानिसलाई परमेश्वरको राज्यमा प्रवेश गर्नु भन्दा त बरू
ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो पर्छ।"

## कसले चाँहि उद्धार पाउँछ?

[२६]जब त्यहाँ भएका मानिसहरूले यो सुने, तिनीहरूले
भने, "त्यसो भए कसले उद्धार पाउँछ?"
[२७]येशूले भन्नु भयो, "जे मानिसको निम्ति असम्भव
काम छ परमेश्वरको निम्ति सम्भव छ।"
[२८]पत्रुसले भने, "के हामीले सबै कुरा त्याग्यौं र
तपाईंको अनुयायी भएका छौं?"
[२९]येशूले भन्नु भयो, "म तिमीहरूलाई साँचो भन्दछु।
प्रत्येक व्यक्ति जसले आफ्नो घर, स्वास्नी, दाज्युभाइहरू,
आमाबाबु, अथवा बालकहरू परमेश्वरको राज्यको
निम्ति छोड़ेको छ [३०]तिनले यो जीवनमा यी सब भन्दा
धेरै पाउनेछ। अनि जब त्यो मानिस मर्छ, त्यसले
परमेश्वरसँग सँधैको लागि बस्ने मौका पाउनेछ।"

## येशू आफ्नो मृत्यु बारे फेरि चर्चा गर्नुहुन्छ

*(मत्ती २०:१७-१९; मर्कूस १०:३२-३४)*

[३१]त्यसपछि येशूले बाह्रै प्रेरितहरूलाई अर्को तिर
लानु भयो, उहाँले तिनीहरूलाई भन्नु भयो, "सुन!
हामीहरू यरूशलेम जाँदैछौं। मानिसको पुत्रका विषयमा
अगमवक्ताहरूले जे-जे लेखेकाछन् ती सबै पूरा हुनेछ।
[३२]उहाँकै मानिसहरू उहाँको विरुद्धमा जानेछन् अनि
उहाँलाई अयहूदीहरूको हातमा सुम्पिइनेछ। तिनीहरूले
उहाँको उपहास गर्नेछन्, अनि उनलाई थुक्ने छन्।
[३३]तिनीहरूले उनलाई कोर्रा लगाउनेछन् अनि मार्नेछन्।
तर उनी मरेको तीन दिनपछि, उनी फेरि बौरी उठनेछन्।"
[३४]प्रेरितहरूले यी कुराहरूको अर्थ बुझ्ने चेष्टा गरे, तर
ती वास्तविक कुरा बुझ्न सकेनन् कारण यो तिनीहरूबाट
लुकेको थियो अनि तिनीहरूले केही पनि बुझेनन्।

## येशूद्वारा अन्धो मानिस निको

*(मत्ती २०:२९-३४; मर्कूस १०:४६-५२)*

[३५]येशू यरीको शहर नजिक आइपुगे। त्यहाँ एकजना
अन्धो मानिस बाटोको छेऊमा बसिरहेको थियो। त्यो
अन्धोले मानिसहरूसँग भीख मागिरहेको थियो। [३६]जब
त्यसले त्यही बाटोबाट भीड़ आएको चाल पायो, त्यसले
सोध्यो, "के भइरहेको छ?"
[३७]ती मानिसहरूले त्यसलाई भने, "नासरतको येशू
यो बाटो आउँदैछन्।"
[३८]त्यो अन्धो मानिस अत्यन्त हर्षित भयो अनि
भन्यो, "येशू, दाऊदका पुत्र। ममाथि दया गर्नोस्!"
[३९]मानिसहरू जो भीड़ अगाड़ी थिए त्यो अन्धो
मानिसलाई गाली गर्न लागे। तिनीहरूले त्यसलाई नबोल्नू
भने। तर त्यो अन्धो मानिस जोड़ जोड़ले चिच्यायो, "हे
दाऊदका पुत्र! ममाथि दया गर्नोस।"
[४०]येशू त्यहाँ उभिनु भयो अनि भन्नुभयो, "त्यो
अन्धो मानिसलाई मकहाँ ल्याऊ!" जब त्यो अन्धो
मानिस येशू भएकोमा पुग्यो, उहाँले सोध्नु भयो,
[४१]"तिमीले मबाट के गरिदिएको चाहन्छौ?"
त्यो अन्धो मानिसले भन्यो, "प्रभु, म फेरि देख्न
चाहन्छु।"
[४२]येशूले त्यसलाई भन्नुभयो, "दृष्टि पाऊ, तिम्रो
विश्वासले तिमीलाई बचाएको छ।"
[४३]त्यसपछि त्यो मानिसले देख्न सक्ने भयो। त्यसले
परमेश्वरलाई धन्यवाद चढ़ाँउदै येशूलाई पछ्याउन लाग्यो।
जति पनि मानिसहरूले यी सब देखे तिनीहरूले परमेश्वरको
प्रशंसा गर्न थाले।

## जक्कै

**१९** येशू यरीहो शहर भएर जाँदै हुनुहुन्थ्यो। [२]यरीकोमा
एकजना जक्कै नाउँ भएको मानिस बस्थे। तिनी
कर उठाउने हाकीम औ धनवान व्यक्ति थिए। [३]तिनी
येशू को थिए भनी हेर्न चाहन्थे। अरू मानिसहरू पनि
त्यहाँ उहाँलाई हेर्न चाहन्थे। जक्कै एकदमै पुड़को
मानिस थिए अनि उनले मानिसहरूको भीड़मा तिनले
येशूलाई देख्न सक्ने थिएनन्। [४]अनि येशू आँउदै गरेको
ठाँउ पुग्न तिनी अघि दौड़े। तिनी नेभाराको रूखमा चेढ़े
जहाँबाट तिनले येशूलाई देख्न सक्थे। [५]जब येशू त्यो
जग्गामा आइपुग्नु भयो उहाँले जक्कैलाई रूखमाथि देख्नु
भयो उहाँले तिनलाई भन्नु भयो, "जक्कै, झट्टै! तल
ओर्लेर आऊ! आज म तिम्रो घरमा बास बस्नु पर्छ।"
[६]त्यसपछि जक्कै झट्टै तल ओर्लेर आए। तिनी
आफ्नो घरमा येशूलाई स्वागत गर्न पाउँदा खुबै खुशी

भए। [७]सबै मानिसहरूले यो देखे। तिनीहरू यसो भन्दै विरोध गर्न लागे, "हेर येशू कस्ता मानिससंग बस्नु हुदैंछ? जक्कै पापी हो।"

[८]जक्कैले प्रभुलाई भन्यो, "म असल काम गर्न चहान्छु। म गरीबहरूलाई मेरो आधा सम्पत्ति दिनेछु। अनि यदि मैले कसैलाई ठगेकोछु भने तिनीहरूलाई चार गुणा अधिक तिर्नेछु।"

[९]येशूले भने, "यो मानिस असल हो। निश्चय नै यी अब्राहामको परिवारको हुनुपर्छ। आज जक्कै आफ्नो पापहरूबाट मुक्त भएको छ। [१०]मानिसको पुत्रले हराएका मानिसहरूलाई खोज्नु र बचाउनु आएका छन्।"

## परमेश्वरले दिनुभएको चीजहरूको प्रयोग

*(मत्ती २५:१४-३०)*

[११]येशू यरूशलेम नजीकै पुगेका थिए। कोही मानिसहरूले सोचे कि परमेश्वरको राज्य झट्टै आउँदैछ। [१२]मानिसहरूले यस्तै सोँचेका होलान् भनेर येशूले थाहा पाउनु भयो, अनि उहाँले तिनीहरूलाई यो कथा सुनाए: "एकजना कुलीन मानिस आफ्नो निम्ति राजा हुनु टाड़ा देशमा जानलाई तयारी गर्दै थिए। तब फर्केर घर आई आफ्ना मानिसहरूमा पनि शासन गर्ने थिए। [१३]यसकारण तिनले आफ्ना दशजना नोकरहरूलाई भेला गराए। तिनले प्रत्येकलाई एक-एक थैलो पैसा दिए। तिनले भने, 'म फर्केर नआउञ्जेल यो तिमीहरूले व्यापार गर्दै गर।' [१४]तर राज्यमा भएका अरू मानिसहरूले उसलाई घृणा गरे। अनि तिनीहरूले एकदल आफ्ना मानिसहरूलाई यसो भन्न पठाए, 'हामी यस मानिसलाई राजा बनाउन चहाँदैनौ।'

[१५]"तर त्यो मानिसलाई राजा बनाइयो। जब तिनी आफ्नो देश फर्के तिनले भने, 'ती नोकरहरूलाई बोलाऊ जससित मेरा पैसा छन्। म जान्न चाहन्छु तिनीहरूले ती पैसाबाट कतिसम्म कमाए।' [१६]पहिलो नोकर आयो अनि भन्यो, 'मालिक, मैले दस थैलो पैसा कमाएँ तपाईंले दिनु भएको एक थैलो पैसाले।' [१७]राजाले त्यो नोकरलाई भने, 'अति राम्रो! तिमी असल नोकर हौ। तिमीहरू सानो कुरामा विश्‍वासी थियौं। यसकारण म मेरा दशवटा शहर शासन गर्न तिमीलाई नियुक्ती गर्छु।' [१८]दोस्रो नोकरले भने, 'मालिक, मैले तपाईंको एक थैलो पैसाले अरू पाँच थैलो पैसा कमाएँ।' [१९]राजाले त्यो नोकरलाई भने, 'तिमीले पनि पाँचवटा शहरहरूमा शासन गर!' [२०]त्यसपछि अर्को नोकर आयो। त्यसले राजालाई भन्यो, 'मालिक! यहाँ तपाईंको पैसाको थैलो छ। मैले यसलाई लुगाले बेहेर लुकाइराखेको थिएँ। [२१]मलाई तपाईंदेखि अति डर थियो किनभने तपाईं अत्यन्त कठोर मानिस हुनुहुन्छ। तपाईंले आफूले नकमाएको पनि लानु हुन्छ, तपाँईले बीउ नछरी वाली काट्नु हुन्छ।' [२२]त्यसपछि राजाले त्यो नोकरलाई भने, 'तिमी खराब नोकर हौ! म तिमीलाई तिम्रै शब्दहरूबाट न्याय गर्छु। तिमीले भन्यौ म कठोर मानिस हुँ। तिमीले यसो पनि भन्यौ कि मैले जे कमाएको थिइनँ त्यो पैसा लिन्छु अनि जे रोपेको थिइनँ त्यसको फसल उठाउँछु। [२३]यदि यी सबै साँचो हो भने मेरो पैसालाई तिमीले व्याङ्कमा राख्न सक्थ्यौ। अनि जब म फर्केर आँए, मेरो रुपियाँले व्याज कमाएको हुन्थ्यो।' [२४]त्यसपछि राजाले त्यहाँ उभिरहेका मानिसहरूलाई भने, 'रुपियाँको थैलो यसबाट लेऊ, अनि जुन नोकरकोमा दस थैली रुपियाँ छ त्यसलाई नैं देऊ।' [२५]ती मानिसहरूले राजालाई भने, 'तर मालिक, त्यो नोकरको त अघिबाटै दश थैलो रुपियाँ छ।' [२६]राजाले भने, 'म भन्छु जसकोमा धेरै छ उसलाई धेरै नै दिइन्छ, अनि जसकोमा छैन, त्यसकोमा जो छ त्यो पनि लगिन्छ। [२७]अहिले मेरो शत्रुहरू कहाँ छन्? खोई तिनीहरू कहाँ छन जसले म राजा भएको चहादैनथे? ती शत्रुहरूलाई यहाँ ल्याऊ अनि मेरो अघि तिनीहरूको हत्या गर।'"

## येशू राजा झैं यरूशलेममा प्रवेश गर्नु भएको

*(मत्ती २१:१-११; मर्कूस ११:१-११; यूहन्ना १२:१२-१९)*

[२८]यी सबै कुराहरू जब येशूले भनिसके उनी यरूशलेमतिर गए। [२९]उहाँ जैतून नाउँ गरेको पहाड़ नजीकको बेथफागे र बेथानी शहरमा पुगे। उहाँले आफ्ना दुइजना चेलाहरूलाई बोलाउनु भयो अनि [३०]तिनीहरूलाई भन्नु भयो, "यहाँ जुन गाउँ तिनीहरूको सामुन्ने छ त्यहाँ जाऊ। जब शहरमा पस्न लागेका हुन्छौ त्यहाँ एउटा गधालाई बाँधिराखेको पाउनेछौ। त्यो गधामा पहिले कोही पनि चढ़ेको छैन। गधाको लगम फुकाल, अनि त्यसलाई मकहाँ लिएर आऊ। [३१]कसैले गधा किन खोल्दैछौ भनी तिमीलाई सोधे, भन, 'यो गधा मालिकलाई चाहिएको छ।'"

३२दुवै चेलाहरू शहरतिर लागे। तिनीहरूले गधालाई येशूले भन्नु भएझैँ पाए। ३३जब ती चेलाहरूले गधालाई डोरी खोल्दैथे, गधाको मालिकहरूले चेलाहरूलाई सोधे, "किन तिमीहरू गधा खोल्दैछौ?"

३४चेलाहरूले जवाफ दिए, "मालिकलाई यसको अवश्यकता छ।" ३५यसकारण तिनीहरूले त्यो गधालाई येशूकहाँ ल्याए। चेलाहरूले आफ्ना लुगाहरू गधाको पिठ्यूँमा बिछ्याए। त्यसपछि तिनीहरूले येशूलाई त्यो गधामा चढ़ाए। ३६येशू गधामाथि चढ़ेर यरूशलेम तर्फ लाग्नुभयो। मानिसहरूले येशूकालागि आफ्ना लुगाहरू बाटोमा ओछ्याए।

३७येशू यरूशलेम पुग्नै लागेका थिए। उनी जैतून ड़ाँड़ाको फेदीमा पुगेका थिए। चेलाहरूको सम्पूर्ण भीड़ नै खुशी थिए। तिनीहरू परमेश्वरलाई धन्यवाद चढ़ाउँदै थिए। तिनीहरूले परमेश्वरको शक्तिपूर्ण कार्यहरू देखेर उहाँलाई कराई कराई धन्यवाद चढ़ाउदैथे। ३८तिनीहरूले भने,

"'धन्य हुन, ती राजा जो प्रभुको नाउँमा आउँछन्।'

*भजनसंग्रह ११८:२६*

स्वर्गमा शान्ति होस् अनि परमेश्वरमा महीमा होस्।"

३९भीड़मा उभिएर कोही फरिसीहरूले येशूलाई भने, "गुरुज्यू! यस्तो कुराहरू नभन्नू भनेर तपाईंका चेलाहरूलाई भन्नुहोस्।"

४०तर उहाँले भन्नुभयो, "म तिमीहरूलाई भन्छु, यी कुराहरू भन्नै पर्छ। यदि मेरा चेलाहरूले यी कुराहरू भनेनन् भने, यी ढुङ्गाहरू यसको लागि चिच्याउनेछन्।"

## यरूशलेमकोलागि येशूको बिलौना

४१येशू यरूशलेम नजीक आई पुगे। उनले शहरलाई हेरे अनि त्यसको निम्ति विलाप गरे। ४२उनले यरूशलेमको विषयमा भने, "तिम्रोमा केले शान्ति ल्याउँछ यदि तिमीले आज बुझेको भए असल हुने थियो। तर तिमीले जान्दैनौ, किनभने यो तिम्रो आँखाबाट ओझेल परेको छ। ४३एउटा समय आउँदैछ कि तिम्रो शत्रुहरूले तिम्रो वरिपरि वाधाहरू खड़ा गराउने छन्। तिमीलाई तिनीहरूले वरिपरिबाट घेर्नेछन् अनि तिमी सबै तिरबाट घेरामा पर्नेछौ। ४४तिनीहरूले तिमीलाई र तिम्रा मानिसहरूलाई ध्वंस पार्नेछन्। तिम्रो भवनहरूको एक ढुङ्गा माथिको अर्को ढुङ्गा पनि छाड़िने छैन्। यो घट्नेछ कारण तिमी जान्दैनौ तिमीलाई बचाउन परमेश्वर कहिले आउँछन्।"

## येशूको मन्दिरतर्फ प्रस्थान

*(मत्ती २१:१२-१७; मर्कूस ११:१५-१९; यूहन्ना २:१३-२२)*

४५येशू मन्दिरमा जानु भयो। त्यहाँ के के बेच्नेहरूलाई खेद्नु भयो। ४६उहाँले भन्नु भयो, "धर्मशास्त्रमा यस्तो लेखिएको छ, 'मेरो घर प्रार्थनाको घर हुनेछ।'* तर तिमीहरूले यसलाई 'डाँकुहरूको वास स्थलमा परिणत गरेका छौ।'*"

४७येशूले मन्दिरमा दिनहुँ शिक्षा दिनु हुन्थ्यो। मुख्य पूजाहारीहरू, नियमका शास्त्रीहरू र कोही मानिसहरूका प्रमुखहरू येशूलाई मार्ने दाऊ खोजिरहेका थिए। ४८तर यस कामको लागि तिनीहरूले उपाय पाएनन किनभने सबै मानिसहरू ध्यान पूर्वक येशूका कुराहरू सुनिरहेका थिए। मुख्य पूजाहारीहरू, नियमका शास्त्रीहरू र प्रमुखहरूले येशूलाई कसरी मार्न पर्ने हो जान्दैन थिए।

## यहूदि प्रमुखहरूद्धारा येशूलाई प्रश्न

*(मत्ती २१:२३-२७; मर्कूस ११:२७-३३)*

२० एक दिन येशू मन्दिरमा थिए अनि मानिसहरूलाई शिक्षा दिइरहेका थिए। उहाँले परमेश्वरको राज्यको विषयमा सुसमाचारहरू भनिरहेका थिए। मुख्य पूजाहारीहरू, नियमका शास्त्रीहरू र बूढ़ा यहूदी प्रमुखहरू तिनी भएकोमा प्रश्न गर्न आए। २तिनीहरूले सोधे, "हामीलाई भन्नु होस्, कुन अधिकारले तँपाई यी सब काम गर्नु हुन्छ? कसले तपाईंलाई यस्तो अधिकार दियो?"

३येशूले उत्तर दिए, "म पनि तिमीहरूलाई एउटा प्रश्न सोध्छु। भन मलाई: ४जब यूहन्नाले मानिसहरूलाई बप्तिश्मा दिए त्यो अधिकार तिनले परमेश्वर अथवा मानिसबाट पाएका थिए?"

५तिनीहरूले यस विषयमा आपसमा बहस गरे, "यदि हामीले भन्यौं, 'यूहन्नाको बप्तिस्मा परमेश्वरबाट भएको थियो,' तब उनले भन्नेछन्, 'त्यसो भए यूहन्नालाई किन

---

**'मेरो … हुनेछ'** यशैया ५६:७।

**'डाकुहरूको … गरेका छौ'** यर्मिया ७:११।

विश्वास नगरे को?' [६]तर यदि हामीले भन्यौं, 'यूहन्नाको बप्तिस्मा मानिसद्वारा भएको हो,' तब सबै मानिसहरूले हामीलाई ढुङ्गा हान्नेछन्, किनभने तिनीहरूले यूहन्नालाई अगमवक्ताको रूपमा विश्वास गर्छन्।" [७]अनि तिनीहरूले भने, "यो कहाँबाट आयो हामी जान्दैनौ।"

[८]यसर्थ येशूले तिनीहरूलाई भने, "त्यसैले म यी कामहरू कुन अधिकारबाट गर्दैछु, भन्दिन।"

## परमेश्वरले पुत्रलाई पठाउँछन्

*(मत्ती २१:३३-४६; मर्कूस १२:१-१२)*

[९]त्यसपछि येशूले दृष्टान्त कथा सुनाए, "एकजना मानिसले खेतमा अङ्गूरहरू रोपे। उसले आफ्नो खेत केही खेतालाहरूलाई किरायमा दिए। त्यसपछि त्यो मानिस धेरै समयको लागि बाहिर गयो। [१०]त्यसपछि, खेतमा अङ्गूरको फसल उठाउने समय आयो। अनि त्यो मानिसले आफ्नो एकजना नोकरलाई ती खेतालाहरूकहाँ आफ्नो पाउनु पर्ने अङ्गूरको भाग लिन पठायो। तर खेतालाहरूले त्यो नोकरलाई कूटपीट गरे अनि खाली हात पठाइदिए। [११]फेरि त्यो मानिसले अर्को नोकर पठायो। खेतालाहरूले त्यो नोकरलाई पनि पिटे। तिनीहरूले त्यसलाई कुनै सम्मान गरेनन्। ती खेतालाहरूले उसलाई खाली हात पठाए। [१२]उसले अझ तेस्रो नोकर पठायो। खेतालाहरूले त्यसलाई नराम्रो प्रकारले कुटे अनि बाहिर फ्याँकिदिए। [१३]त्यो खेतको मालिकले भने, 'अब मैले के गर्नु पर्ने हो? म मेरो प्यारो छोरोलाई पठाउनेछु। हुनसक्छ खेतालाहरूले मेरो छोरोलाई आदर गर्छन।' [१४]जब खेतालाहरूले छोरोलाई देखे, तिनीहरूले आपसमा भने, 'यो हाम्रो मालिकको छोरो हो। यो खेत उसकै हुनेछ। यसलाई मारौं, तब यो खेत हाम्रो हुनेछ।' [१५]त्यसपछि खेतालाहरूले उसको छोरोलाई खेतबाट बाहिर निकालिदिए अनि त्यसलाई मारे।

"यो खेतको मालिकले अब के गर्नेछ? [१६]तिनी आउनेछन्, अनि ती खेतालाहरूलाई मार्नेछन्। त्यसपछि तिनले त्यो खेत अन्य खेतालाहरूलाई दिनेछन्।"

मानिसहरूले यो कथा सुने। तिनीहरूले भने, "अहँ! यस्तो कहिल्यै नहोस्।" [१७]तर येशूले तिनीहरूको आँखामा हेर्नुभयो अनि भन्नुभयो, "त्यसो भए, यो श्लोकको अर्थ के होला:

'डकर्मीहरूले नचाहेका ती ढुङ्गा त्यही शीर्ष ढुङ्गा बन्यो'?

*भजनसंग्रह ११८:२२*

[१८]प्रत्येक मानिस जो ती ढुङ्गामा बजारिनु पुग्छ चकनाचूर हुनेछ। अनि यदि त्यो ढुङ्गा कसैमाथि खसे त्यसले तिनलाई धुलो पिठो पार्नेछ!"

[१९]येशूले भनेको यो कथा यहूदी प्रमुखहरूले सुने। तिनीहरूकै निम्ति भनिए झैं बुझे। त्यसर्थ तिनीहरूले त्यति बेलै येशूलाई पक्रिने चेष्टा गरे। अनि तिनीहरू मानिसहरूसँग पनि डराए।

## यहूदी प्रमुखहरूद्वारा येशूको परीक्षा लिने चेष्टा

*(मत्ती २२:१५-२२; मर्कूस १२:१३-१७)*

[२०]यसपछि कानूनका शास्त्रीहरू र मुख्य पूजाहारीहरूले येशूलाई होसियारीसित चियो गरे। तिनीहरूले केही जासुसहरू येशूकहाँ पठाए अनि तिनीहरूलाई भद्र मानिस झैं व्यवहार गर्न भने। तिनीहरूले येशूको भनाईमा केही खोट निकाल्नु चाहान्थे। यदि तिनीहरूले कुनै खोट पाए येशूलाई राज्यपाल अघि सुम्पिदिने थिए, जसको येशूमाथि शक्ति अनि अधिकार थियो। [२१]अनि तिनीहरूले येशूलाई सोधे, "गुरुज्यू, हामी बुझ्छौ कि तँपाई जे बोल्नु हुन्छ अनि शिक्षा दिनु हुन्छ त्यो सही छ। तँपाई सबै मानिसहरूलाई निष्पक्षसित त्यहीकुरा सिकाउनु हुन्छ। अनि तपाईं सँधै नै परमेश्वरको मार्गको विषयमा सत्य सिकाउनु हुन्छ। [२२]हामीलाई भन्नुहोस्, के हामीले कैसरलाई कर तिर्नु उचित छ वा छैन?"

[२३]तर येशूले तिनीहरूको चलाकी चाल पाइ हाले। यसर्थ उहाँले तिनीहरूलाई भने, [२४]"एउटा सिक्का मलाई देऊ। यो सिक्कामा कसको नाम छ? अनि यसमा कसको चित्रको छाप छ?"

तिनीहरूले भने, "सिजरको।"

[२५]येशूले तिनीहरूलाई भन्नुभयो, "त्यसो हो भने सिजरको चीज सिजरलाई नै देऊ अनि परमेश्वरको परमेश्वरलाई नैं देऊ।"

[२६]उहाँको ज्ञानमय उत्तर सुनेर तिनीहरू छक्क परे। तिनीहरूले केही भन्न सकेनन्। मानिसहरूको अघि तिनीहरूले येशूलाई केही कुरामा पनि पक्रन सकेनन्, यसर्थ तिनीहरू चुपचाप बसे।

## कोही सदुकीहरूद्वारा येशूको परीक्षा लिने चेष्टा

*(मत्ती २२:२३-३३; मर्कूस १२:१८-२७)*

[२७]कोही सदुकीहरू येशूकहाँ आए। तिनीहरू विश्वास गर्दथे कि मानिस मरेपछि फेरि कहिल्यै बौरी उठ्दैन। तिनीहरूले येशूलाई भने, [२८]"गुरुज्यू, मोशाले लेख्नु भएको छ कि यदि कुनै विवाहित मानिस सन्तान नजन्माई मर्‍यो भने उसकी स्वास्नीलाई उसको भाइले दाजुको सन्तानको निम्ति बिहे गर्नुपर्छ अनि दाज्यूको लागि बच्चा जन्माउनु पर्छ। [२९]कुनै एक समयमा सातजना दाजुभाइ थिए। जेठा दाजुले एउटी स्त्रीलाई विवाह गरे, तर मरिहाले। उसको कुनै सन्तान थिएन। [३०]अनि दोस्रो भाइले त्यो विधवालाई विवाह गरे, अनि उ पनि मरिहाले। [३१]तब तेस्रो भाइले उसलाई विहे गर्‍यो अनि उ पनि मर्‍यो। त्यस्तै घटना अरू भाइहरूसित पनि घट्यो। तिनीहरू सबै बच्चाहरू नभई मरे। [३२]अन्तमा त्यो स्त्री पनि मरी। [३३]तर सबै सात दाजुभाइहरूले त्यसलाई विवाह गरेका थिए। अनि जब मानिसहरू मरेर बौरिन्छन् त्यो स्त्री कसकी स्वास्नी हुन्छे?"

[३४]येशूले ती सदुकीहरूलाई भने, "पृथ्वीमा मानिसहरूले आपसमा विवाह गर्छन्। [३५]तर ती मानिसहरू जसलाई भविष्यको संसारको निम्ति योग्य ठानिन्छ अनि मृत्युबाट उठाई ल्याइन्छ तिनीहरू विहे गर्दैनन अथवा तिनीहरूको विहे गराइदैन। [३६]त्यतिवेला तिनीहरू स्वर्गदूत झैं हुनेछन् अनि मर्ने छैनन्। तिनीहरू परमेश्वरका बालकहरू हुन्। किनभने तिनीहरूलाई पुनर्जीवित गराइएका छन्।" [३७]मोशाले जलिरहेका पोथ्राको वर्णन गर्दा स्पष्टरूपले भनेका छन् कि मानिसहरू मृत्युबाट बौरी उठनेछन्। परमप्रभुलाई मोशाले 'अब्राहामको परमेश्वर, इसहाकका परमेश्वर औ याकूबका परमेश्वरले भनेकाछन्।'* [३८]परमेश्वर मरेकाहरूको परमेश्वर होइनन् तर उनी जीवित मानिसहरूका परमेश्वर हुन्। सबै मानिसहरू जो परमेश्वरका हुन् तिनीहरू जिउँदो छन्।"

[३९]कोही शास्त्रीहरूले भने, "गुरू, तपाँईको उत्तर सही हो।" [४०]उहाँलाई अरू धेरै प्रश्न गर्ने साहस कसैलाई हुँदैन।

## के ख्रीष्टनै दाऊदको पुत्र हुन् ?

*(मत्ती २२:४१-४६; मर्कूस १२:३५-३७)*

[४१]त्यसपछि येशूले भने, "मानिसहरूले किन ख्रीष्टलाई दाऊदको पुत्र भन्छन्? [४२]भजनको पुस्तकमा, दाऊद आफै भन्छन्:

'प्रभु परमेश्वरले मेरा प्रभु ख्रीष्टलाई भनेका छन्: तिमी मेरो दाहिनेपट्टि बस,
[४३] अनि म तिम्रा शत्रुहरूलाई तिम्रा शक्तिको वशमा पार्नेछु।'

*भजनसंग्रह ११०:१*

[४४]दाऊदले ख्रीष्टलाई 'प्रभु' भनी सम्बोधन गर्छन्। तब कसरी ख्रीष्ट दाऊदको छोरो हुन सक्छन्?".

## नियमका शास्त्रीहरू विरुद्ध चेतावनी

*(मत्ती २३:१-३६; मर्कूस १२:३८-४०; लूका ११:३७-५४)*

[४५]जव सबै मानिसहरूले सुनिरहेका थिए। येशूले आफ्ना चेलाहरूलाई भने, [४६]"व्यवस्थाका शास्त्रीहरूदेखि होशियार बस। तिनीहरू लामो बस्त्र लगाएर वरिपरि घुम्न चाहन्छन्। तिनीहरू बजारतिर जाँदा मानिसहरूले सम्मान गरून् भन्ने चाहन्छन्। सभाघरहरूमा महत्वपूर्ण आसन ओगट्न चाहन्छन्। भोजहरूमा तिनीहरू अझ वेशी सम्मानित आसन ओगट्न चाहन्छन्। [४७]तर तिनीहरू विधवाहरूलाई धोका दिन्छन् औ तिनीहरूको घर लुट्छन्। अनि तिनीहरू देखावटीको लागि लामा प्रार्थना गर्छन्। परमेश्वरले तिनीहरूलाई धेरै कड़ा दण्ड दिनेछन्।"

## साँचो दान

*(मर्कूस १२:४१-४४)*

**२१** येशूले कोही धनी मानिसहरूले मन्दिरको दान-पेटीमा उपहारहरू हाल्दै गरेको देखे। [२]त्यहाँ उहाँले एकजना गरीब विधवालाई दुइवटा ताँबाका साना-साना सिक्काहरू पेटीमा हाल्दै गरेको देखे। [३]येशूले भने, "म तिमीहरूलाई साँचो भन्दछु, यो गरीब विधवाले अरू सबैले भन्दा धेरै दिई। [४]किनभने धनीहरूले आफूलाई नचाहिएको सम्पत्तिबाट भेटी चढ़ाए। तर यो विधुवा अत्यन्तै गरीब छे अनि उसले आफ्नो जति थियो सबै

---

**'अब्राहामको ... भनेकाछन्'** प्रस्थान ३:६।

दिई। त्यो पैसा त्यसलाई आफ्नै जीविकाको लागि चाहिन्थ्यो।"

### मन्दिरको ध्वंस

*(मत्ती २४:१-१४; मर्कूस १३:१-१३)*

५कोही चेलाहरू मन्दिरको विषयमा बात गरिरहेका थिए। तिनीहरूले भने, "सुन्दर ढुङ्गाहरूद्वारा बनाइएको यो एउटा सुन्दर मन्दिर हो। परमेश्वरलाई चढ़ाइएको ती राम्रा-राम्रा चीजहरू हेर।"

६तर येशूले भन्नुभयो, "एउटा समय आउनेछ, अहिले यहाँ तिमी जो देख्छौ प्रत्येक चीज नै नाश हुनेछ। प्रत्येक ढुङ्गानै फ्याँकिनेछ। कुनै एउटा ढुङ्गा पनि अर्को माथि रहने छैन्।"

७ती चेलाहरूले येशूलाई सोधे, "हे गुरू, कहिले यस्तो घटना हुनेछ? यी घटनाहरू हुनेवाला छ भनी जान्नलाई कस्तो संकेत पाइने छ?"

८येशूले भन्नुभयो, "सर्तक बस! मूर्ख नबनिनु। मेरो नाम लिंदै धेरै मानिसहरू आउनेछन्। तिनीहरूले भन्नेछन्, 'म नै ख्रीष्ट हुँ,' अनि, 'सही समय आएको छ!' तर तिनीहरूलाई नपछ्याऊ। ९जब तिमीहरूले लड़ाई र हलचलको विषयमा सुन्नेछौ, नडराऊ। यही कुरा पहिले हुनेछ। त्यसपछि अन्त आउनेछ।"

१०तब येशूले तिनीहरूलाई भने, "राष्ट्र-राष्ट्रहरूमाझ लड़ाई चल्नेछ। राज्य-राज्यहरूमाझ झगड़ा चल्नेछ। ११ठूलो भूकम्पहरू जानेछ, अनि विभिन्न ठाउँमा अनिकाल अनि विमारीहरू फैलिनेछ। भयानक घटनाहरू घटनेछ अनि स्वर्गबाट विशाल विशाल संकेतहरू दिइने छ।

१२"तर यी घटनाहरू हुन अघि, मानिसहरूले तिमीहरूलाई पक्रिने छन् अनि तिमीहरूलाई सताउनेछन्। तिनीहरूका सभाघरहरूमा तिमीहरूको न्याय गरिनेछ अनि तिमीहरूलाई झ्यालखानामा हाल्नेछन्। राजाहरू र राज्यपालहरू अघि तिमीहरूलाई उभ्याइनेछ। मानिसहरूले तिमीहरूलाई यसो गर्नुको कारण तिमीहरू मेरा चेलाहरू हौ। १३तर यसले मेरो विषयमा केही भन्ने मौका पनि मिल्नेछ। १४तिमीहरूले आफ्नो बचाऊको लागि के भनिनु पर्छ त्यस विषयमा चिन्ता गर्नु पर्दैन। १५म तिमीहरूलाई यस्तो शब्द ज्ञान दिनेछु कि तिमीहरूको कुनै शत्रुले पनि जवाफ दिन सक्तैन। १६तिमीहरूको बाबु-आमा, दाजुभाइहरू, आफन्तहरू, र मित्रहरूले समेत तिमीहरू प्रशासनलाई सुम्पिनेछौ, अनि तिनीहरूले तिमीहरू मध्ये कतिलाई मार्ने पनि छन्। १७सबै मानिसहरूले तिमीहरूलाई मेरो अनुशरण गरेकोमा त्याग गर्नेछन्। १८तर यी सब कुराहरूले शिरको केश पनि नष्ट हुनेछैन। १९तिमीहरूको विश्वासले गर्दा यी सबै चिजहरूबाट बाँच्ने छौ।

### यरूशलेमको ध्वंस

*(मत्ती २४:१५-२१; मर्कूस १३:१४-१९)*

२०"तिमीहरूले यरूशलेमको वरिपरि सबै तिरबाट फौजले घेरेको पाउनेछौ। तब तिमीहरूलाई थाहा हुनेछ कि यरूशलेमको पतनको समय नजिक आएछ। २१त्यसबेला यहूदाका मानिसहरू डाँड़ाकाँड़ातिर भाग्नु पर्छ। मानिसहरूले तत्कालै यरूशलेम छोड़नु पर्छ। यदि तिमीहरू शहर नजिकै छौ भने, त्यहाँभित्र नजाऊ। २२अगमवक्ताहरूले परमेश्वरले उहाँका मानिसहरूलाई दण्ड दिनेछन् भनी लेखेका छन्। त्यो यही समय हो जब ती जम्मै कुराहरू पुरा हुनेछ। २३त्यस समय गर्भवती महिला र दुधे बालकका आमाहरूको निम्ति भयानक हुनेछ। किन? किनभने यो भूमिमा अति कष्ट आइपर्नेछ। परमेश्वरको रीस ती मानिसहरू माथि पर्नेछ। २४कतिजना मानिसहरू सिपाहीहरूद्वारा मारिनेछन्। कतिजनालाई कैदी बनाई सबै देशहरूमा लगिनेछ। यरूशलेमको पवित्र शहरमा अयहूदी तिनीहरूको समय शेष नहुञ्जेल पाइताला ठटाएर हिंड़ी रहनेछन्।

### नडराऊ

*(मत्ती २४:२९-३१; मर्कूस १३:२४-२७)*

२५"सूर्य, चन्द्र र ताराहरूमा पनि आश्चर्यमय घटनाहरू घट्नेछन्। अनि पृथ्वीमा सबै राष्ट्रहरू सङ्कटमा पर्नेछन्। सागरका गर्जन र उर्लेका झोक्काहरूले तिनीहरूलाई अत्तालाउनेछ। २६मानिसहरू भयभित हुनेछन्। संसारमा के हुने हो भनी चिन्ताले तिनीहरू आतङ्कित हुनेछन्। आकाशको शक्तिहरू हल्लाइनेछ। २७तब मानिसको पुत्रलाई शक्ति र महामहिमाको साथ बादल माथि आँउदै गरेको देखिनेछ। २८जब यी सब चीजहरू शुरू हुनथाल्छ, नडराउनु। माथितिर हेर, अनि खुशी बन। किनभने जति बेला परमेश्वरले तिमीहरूलाई मुक्ति दिनु हुन्छ, त्यो समय नजीक छ।"

## मेरा वचनहरू अनन्तसम्म रहनेछ

*(मत्ती २४:३२-३५; मर्कूस १३:२८-३१)*

२९त्यसपछि येशूले यस्तो दृष्टान्त कथा भन्नुभयो:
"यी सबै रूखहरूलाई हेर। नेभाराको रूख यसको लागि
असल उदाहरण हो। ३०जब यो हरियो हुनेछ (बढ्नेछ),
तिमीहरूलाई थाहा हुनेछ कि ग्रीष्म ऋतु नजिकै आयो।
३१त्यसरीनै जब यी सब भइरहेको देख्नेछौ, तब परमेश्वरको
राज्य नजिकै आइ पुग्न लागेको हुनेछ।

३२"म तिमीहरूलाई साँचो भन्दछु। जबसम्म यी
घटनाहरू घटी सक्नैनन वर्त्तमान पुस्ता तुरिएको हुँदैनन्।
३३स्वर्ग र पृथ्वी ध्वंस हुनेछ; तर मैले भनेका वचनहरू
कहिले खेरो जाने छैन्।

## हर समय तयार बस

३४"होशियार बस! आफ्नो समय महाभोजहरूमा
मात्र नबिताऊ। अथवा, संसारिक कुराहरूमा मात्र समय
नफाल। किनभने त्यो दिन तिमीमा घराप परे झैं झट्टै
आई लाग्नेछ। ३५पृथ्वीमा भएका सबै माथि यस्तो
एक्कासी आइपर्नेछ। ३६यसर्थ, हर समय तयार बस।
प्रार्थना गर जसद्वारा तिमी ती आई पर्ने संकटबाट बाँच्न
सक्ने छौ। प्रार्थना गर ताकि तिमीहरू मानिसको पुत्र
अघि खड़ा हुन सक्नेछौ।"

३७येशूले दिन भरी मन्दिरमा उपदेश दिए अनि राती
शहर बाहिर गए अनि जैतुन भन्ने पाहाड़मा बिताए।
३८प्रत्येक बिहान मानिसहरू मन्दिरमा जान्थे अनि येशूको
शिक्षा सुन्थे।

## यहूदी नेताहरू येशूलाई मार्न चाहन्छन्

*(मत्ती २६:१-५, १४-१६; मर्कूस १४:१-२, १०-११;
यूहन्ना ११:४५-५३)*

२२ यहूदीहरूको अखमिरी रोटीको चाडको समय
नजीकै आइरहेको थियो। २मुख्य पूजाहारीहरू र
शास्त्रीहरूले येशूलाई मार्ने उपाय खोज्दै थिए। तर
मानिसहरूदेखि तिनीहरू डराँउथे।

## येशूको विरुद्ध यहूदाको योजना

३येशूको बाहजना प्रेरितहरूमध्ये एकजनाको नाम
यहूदा थियो जसलाई इस्कारयोत भनिन्थ्यो। शैतान
यहूदाको भित्र पस्यो अनि त्यसलाई नराम्रो कार्य गर्न
प्रेरित गऱ्यो। ४मन्दिरलाई पहरा दिइरहेका सिपाहीहरू र
मुख्य पूजाहारीहरूसँग कुराकानी गर्नलाई यहूदा त्यहाँ
गयो। यहूदाले तिनीहरूसँग येशूलाई सुम्पने विषयको
उपाय बारे कुराकानी गऱ्यो। ५यस विषयमा मुख्य
पूजाहारीहरू अत्यन्त खुशी भए। यदि यहूदाले येशूलाई
सुम्पेको खण्डमा तिनीहरूले रूपियाँ दिने कबुल गरे।
६यहूदा सहमत भयो। त्यसपछि यहूदाले येशूलाई तिनीहरूकहाँ
सुम्पने अवसर खोज्न थाल्यो। यो काम गर्दा भीड़
नरहोस भन्ने यहूदा चाहान्थ्यो।

## निस्तार चाड़को खाना तयारी

*(मत्ती २६:१७-२५; मर्कूस १४:१२-२१; यूहन्ना १३:२१-३०)*

७यो अखमिरी रोटी खाने दिन थियो। त्यो दिन
यहूदीहरूले निस्तारको पाठोहरू वलिदान गरे। ८येशूले
पत्रुस र यूहन्नालाई भन्नुभयो, "जाऊ अनि हाम्रो लागि
निस्तार खाना तयार पार।।"

९पत्रुस र यूहन्नाले येशूलाई सोधे, "तँपाई हामीले
कहाँ खाना तयार पार्न रूचाउनु हुन्छ?"

येशूले तिनीहरूलाई भने, १०"सुन! जब तिमीहरू
शहर जान्छौं, त्यहाँ तिमीहरूले एउटा मानिसलाई एक
जार पानी ल्याँउदै गरेको भेट्ने छौ। त्यसलाई पछ्याऊ।
त्यो त्यहीँ एउटा घरमा पस्नेछ। त्यसकै पछि तिमीहरू
लाग। ११त्यस घरका मालिकलाई भन, 'हाम्रा गुरुज्यूले
तिनी र तिनका चेलाहरू निस्तार भोज कहाँ बसेर खाने
सोध्न पठाएका छन्।' १२त्यसपछि त्यो घरको मालिकले
आफ्नो घरको माथिल्लो तलाको ठूलो कोठा देखाउनेछ।
यो कोठानै तिमीहरूको निम्ति तयार परिनेछ। निस्तारको
भोज त्यहीँ तयार गर।"

१३त्यसपछि पत्रुस र यूहन्ना त्यहाँदेखि निस्किए।
येशूले भनेका प्रत्येक कुराहरू नै तिनीहरूले भेटे। अनि
तिनीहरूले निस्तारको भोज पनि तयार पारे।

## प्रभु भोज

*(मत्ती २६:२६-३०; मर्कूस १४:२२-२६; १ कोरिन्थी ११:२३-२५)*

१४तिनीहरूको निस्तारको भोज गर्ने समय भएको
थियो। येशू र प्रेरितहरू टेबलको वरिपरि बसिरहेका
थिए। १५येशूले तिनीहरूलाई भन्नुभयो, "मेरो मृत्यु अघि
तिमीहरूसँग बसेर निस्तारको भोजन गर्ने बड़ो इच्छा

थियो। [१६]किनभने जब सम्म परमेश्वरको राज्यमा
यसको सही अर्थ पाइदैन म निस्तार भोजन गर्ने छैन।"
[१७]त्यसपछि उहाँले एक प्याला दाखरस लिनु भयो।
उहाँले परमेश्वरलाई यसको निम्ति धन्यवाद दिनुभयो।
त्यसपछि उनले भने, "यो कप लैजाऊ अनि यसैबाट
सबैलाई बाँढ। [१८]म तिमीहरूलाई भन्छु, "म चाँहि
परमेश्वरको राज्य नआए सम्म पिँउदिन।"
[१९]त्यसपछि येशूले केही रोटी लिनु भयो। उहाँले
रोटीको लागि परमेश्वरलाई धन्यवाद दिए अनि टुक्रा
पार्नु भयो। उहाँले ति प्रेरितहरूलाई दिनु भयो अनि
उहाँले भन्नु भयो, "यो मेरो शरीर हो जुन म तिमीहरूलाई
दिदैंछु। मेरो स्मृतिको निम्ति यसो गर।" [२०]त्यसरीनै,
खाना खाई सकेपछि, येशूले प्याला उठाउनु भयो अनि
भन्नु भयो, "यस प्यालाको तात्पर्य परमेश्वर र उहाँको
मानिसहरू माझको एउटा नयाँ करार हो। यो नयाँ
करार मेरो रगतबाट शुरू हुन्छ जुन मैले तिमीहरूको
लागि बगाँए।"

### येशूको विरुद्ध को जानसक्छ

[२१]येशूले भन्नुभयो, "तिमीहरूमध्ये कोही एकजनाले
मलाई धोका दिनेछौ। उसको हात मेचमा मसँगै छ।
[२२]परमेश्वरले जे योजना गरेका छन् त्यो मानिसको
पुत्रले पुरा गर्नेछ। तर धिक्कार छ उसलाई जसले हत्याको
निम्ति मानिसको पुत्रलाई सुपिन्छ।"
[२३]त्यसपछि प्रेरितहरू आपसमा कुरा गर्न लागे,
"हामी मध्ये कसले चाँहि येशूलाई त्यसो गर्छ होला?"

### नोकर जस्तो व्यवहार गर

[२४]तब तिनीहरू मध्ये को चाँहिँ सबै भन्दा महान
होला भनी प्रेरितहरूले बहस गरे। [२५]तर येशूले तिनीहरूलाई
भन्नुभयो, "संसारका राजाहरूले तिनीहरूका मानिसहरूमाथि
शासन गर्छन। जो मानिसहरू अधिकारमा छन् तिनीहरू
आफैलाई 'राष्ट्रको महा-सहायकहरू भनिनेछ।' [२६]तर
तिमीहरू चाँहि त्यस्तो नहुनु। तिमीहरूको माझमा जो
महान छ ऊ सानो जस्तो हुनु पर्छ, अनि ऊ जो नेताहरू
हो, नोकर जस्तो हुनुपर्छ। [२७]को चाँहि प्रमुख हुन: ऊ
जो टेबलमा बसिरहेको छ वा उहाँलाई सेवा पुऱ्याइरहेको?
टेवलमा बस्ने व्यक्ति चाँहि ठूलो हो, होइन र? तर
तिमीहरूको माझमा म नोकर जस्तै हुँ!
[२८]"तिमीहरू तिनीहरू हौ जो मेरो संघर्षहरूमा
छेउमा बसेका थियौं। [२९]मेरो पिताले मलाई एउटा राज्य
दिनुभएको छ। म पनि मसित भएको शासन शक्ति
तिमीहरूलाई दिनेछु। [३०]मेरो राज्यमा मेरो टेबलमा बसेर
तिमीहरूले खाने र पिउनेछौ। तिमीहरू सिंहासनमा बस्नेछौ
अनि इस्राएलको बाह्रैवटा जातिको न्याय गर्नेछौ।

### आफ्नो विश्वास नहराऊ

*(मत्ती २६:३१-३५; मर्कूस १४:२७-३१; यूहन्ना १३:३६-३८)*

[३१]"शैतानले जाँच गर्न सोधे, कृषकहरूले तिनीहरूको
गहुँ जाँच गरे जस्तै तिमीहरूको जाँच लिनेछ। ए
शिमोन, शिमोन, [३२]मैले प्रार्थना गरेको छु कि तिमीहरूले
विश्वास गुमाउने छैनौ। मकहाँ फर्के पछि तिमीहरूको
दाजुभाइहरूलाई अझ समर्थ बनाउन मदत गर।"
[३३]तर पत्रुसले येशूलाई भने, "प्रभु, म तपाईंसँग
झ्यालखाना जानु तयार छु। म तपाईंसँगै मर्नु पनि तयार
छु।"
[३४]तर येशूले भन्नुभयो, "पत्रुस, आज भाले बास्न
अघि नैं, मलाई तिमीले चिन्छु भन्न तीन पल्ट अस्वीकार
गर्नेछौ।"

### कष्ट सहन तयार बस

[३५]तब येशूले प्रेरितहरूलाई भन्नुभयो, "जब मैले
तिमीहरूलाई मानिसहरूमा प्रचार गर्न, विना पैसा, झोला
अनि जुत्ताहरू विना पठाएँ, के तिमीहरूलाई केही
अभाव भयो?"
प्रेरितहरूले भने, "भएन।"
[३६]येशूले तिनीहरूलाई भन्नुभयो, "तर अब तिमीहरूसँग
पैसा, थैली जे छ त्यो लैजाऊ। यदि तिमीहरूसँग तरवार
छैन भने, आफ्नो कोट बेच र एउटा किनिराख। [३७]यो
धर्मशास्त्रले भन्छ।

'मानिसहरूले भने उनी अपराधी हुन्।'
*यशैया ५३:१२*

धर्मशास्त्रमा लेखिएको कुरा साँचो हुनै पर्छ। यो मेरै
विषयमा लेखिएको थियो, अनि अहिले साँचो
भइरहेछ।"

[३८]चेलाहरूले भने, "हेर्नुहोस्, परमप्रभु, यहाँ दुइवटा
तरवारहरू छन्!"

येशूले तिनीहरूलाई भने, "दुइवटा नै प्रशस्त हुनेछ।"

## येशूले प्रेरितहरूलाई प्रार्थना गर्नु भन्नुभयो
*(मत्ती २६:३६-४६; मर्कूस १४:३२-४२)*

[३९]येशूले शहर (यरूशलेम) छोड्नुभयो अनि सधैं झैं
जैतुन पाहाड़तिर जानुभयो। उहाँका चेलाहरू पनि उहाँसँगै
गए। [४०]जब उहाँ त्यो ठाउँमा पुग्नु भयो, उहाँले
चेलाहरूलाई भन्नुभयो, "प्रार्थना गर कि प्रलोभन सामना
गर्नु नपरोस्।"

[४१]तब येशू तिनीहरूदेखि पचास कदम टाढ़ा जानुभयो।
उहाँले घुँड़ा टेक्नुभयो अनि प्रार्थना गर्नुभयो, [४२]"हे
पिता, यदि यो तपाईंको इच्छा हो भने, यो कष्टको कप
मदेखि हटाइदिनुहोस्। तर यो तपाईंको इच्छा बमोजिम
गरियोस मेरो इच्छा बमोजिम होइन।" [४३]त्यसपछि स्वर्गबाट
एउटा दूत देखा पर्‍यो अनि येशूलाई दृढ़ बनायो। [४४]येशू
अति संकष्टमा पर्नुभयो; उहाँले मानसिक तीब्र वेदनामा
झट्टै प्रार्थना गर्नुभयो। रगत बगे जस्तै उहाँका अनुहारबाट
पसीना चुह्यो। [४५]जब उहाँले प्रार्थना शेष गर्नुभयो, उहाँ
आफ्ना चेलाहरूकहाँ जानु भयो। तिनीहरू मस्त निद्रामा
थिए किनभने तिनीहरू सुर्ताले क्लान्त थिए। [४६]येशूले
तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन सुतिरहेका छौ?
झट्ट उठ अनि प्रार्थना गर ताकि तिमीहरूले प्रलोभनको
सामना गर्नु नपरोस।"

## येशू पक्रा पर्नुभयो
*(मत्ती २६:४७-५६; मर्कूस १४:४३-५०; यूहन्ना १८:३-११)*

[४७]जतिबेला येशू बोलिरहनु भएको थियो, एक हूल
मानिसहरू त्यहाँ आइपुगे। बाह्रजना प्रेरितहरूमध्ये
एकजना जसलाई यहूदा भनिन्थ्यो त्यो हुललाई अगुवाई
गरिरहेको थियो। यहूदा येशूको नजिकै उहाँलाई म्वाई
खान आयो।

[४८]तर येशूले उसलाई भन्नुभयो, "हे यहूदा, म्वाँई
खाएर तिमी मानिसको पुत्र सुम्पिदैछौ? [४९]येशूका चेलाहरू
पनि त्यहीं उभिरहेका थिए। तिनीहरूले के भइरहेको
थियो बुझे। चेलाहरूले येशूलाई सोधे, "हे प्रभु, के
हामीले हाम्रा तरवारहरू चलाउ?" [५०]अनि तिनीहरूमध्ये
एकजना चेलाले त्यसको तरवार चलायो अनि त्यसले
प्रधान पूजाहारीको नोकरको दाहिने कान काटिदियो।

[५१]येशूले भन्नुभयो, "थाम" तब उहाँले नोकरको
कान छुनु भयो अनि त्यसलाई निको पारिदिनु भयो।

[५२]येशूलाई पक्रनु आउनेहरूमा मुख्य पूजाहारीहरू,
बूढ़ा यहूदी प्रधानहरू र मन्दिरको सिपाहीहरू थिए।
येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन तरवारहरू
र लठ्ठीहरू लिएर आएका छौ? के मलाई कुनै अपराधी
जस्तो लाग्छ? [५३]म तिमीहरूसँगै प्रत्येक दिन मन्दिरमा
हुने गर्थें। तिमीहरूले मलाई त्यहाँ किन पक्रेनौ? तर यो
अन्धकारले शासन चलाउने समय हो।"

## येशूलाई पत्रुसले अस्वीकार गरे
*(मत्ती २६:५७-५८, ६९-७५ मर्कूस १४:५३-५४, ६६-७२; यूहन्ना १८:१२-१८, २५-२७)*

[५४]तिनीहरूले येशूलाई पक्रे अनि टाढ़ामा लगे।
तिनीहरूले उहाँलाई प्रधान-पूजाहारीको घरमा पुर्‍याए।
पत्रुस पनि तिनीहरूसँगै गए तर त्यो येशूको नजिक
गएन। [५५]सिपाहीहरूले घरको आँगनको माझमा आगो
फुके अनि वरिपरि बसे। पत्रुस पनि तिनीहरूसँगै बसे।
[५६]एउटी नोकर्नीले पत्रुसलाई त्यहाँ बसिरहेकी देखी।
आगोको उज्यालोले गर्दा उसले उसलाई देख्न सकी।
त्यस केटी पत्रुसको अनुहार नियाल्न नजिक गएर हेरी।
त्यसले भनी, "यो मानिस पनि उसैसंगै थियो।"

[५७]तर पत्रुसले हो भन्न मानेन। त्यसले भन्यो, "हे
आइमाई, म उहाँलाई जान्दिनँ।" [५८]केही समय पछि,
अर्को मानिसले पनि पत्रुसलाई देख्यो अनि भन्यो, "तिमी
पनि तिनीहरू मध्ये एक हौ।"

तर पत्रुसले भन्यो, "मानिस, म होइन।"

[५९]प्राय: एकघण्टापछि, अर्को मानिसले भन्यो, "निश्चय
यो मानिस उहाँसंगै थियो। किनभने यो पनि गालीलीबाट
आएको हो।"

[६०]तर पत्रुसले भन्यो, "हे मानिस, तिमीले के
विषयमा कुरा गर्न लागिरहेछौ म जान्दिन?"

जब पत्रुस बोलिरहेको थियो तुरन्तै भाले बास्यो।
[६१]त्यसपछि प्रभु येशू फर्कनु भयो अनि पत्रुसलाई
हेर्नुभयो। अनि पत्रुसले प्रभुले अघि भनेका कुराहरू
सम्झ्यो: "आज भाले बास्न अघि, तिमीले मलाई

तीनपल्ट अस्वीकार गर्नेछौ।" [६२]त्यसपछि पत्रुस बाहिर गयो अनि ग्वाँ ग्वाँ रूयो।

### मानिसहरूद्धारा येशूको उपहास

*(मत्ती २६:६७-६८; मर्कूस १४:६५)*

[६३-६४]कोही मानिसहरू जसले येशूलाई पहरा दिइरहेका थिए तिनीहरूले येशूको उपहास यसरी गरे: तिनीहरूले आँखामा पट्टी बाँधिदिएर उहाँलाई देख्न नसक्ने बनाए। त्यसपछि तिनीहरूले उहाँलाई हिर्काए अनि भने, "यदि तिमी अगमवक्ता हौ भने, भन तिमीलाई कसले हिर्कायो?" [६५]अनि धेरै तरिकाले तिनीहरूले उहाँको निन्दा गरे।

### यहूदी अग्रजहरूको अघि येशू

*(मत्ती २६:५९-६६; मर्कूस १४:५५-६४; यूहन्ना १८:१९-२४)*

[६६]अर्को विहान, मानिसहरूका बूढ़ा प्रधानहरू, मुख्य पूजाहारीहरू अनि कानुनको शास्त्रीहरू एक साथ आए। तिनीहरूले येशूलाई आफ्नो महासभामा लगे। [६७]तिनीहरूले भने, "यदि तपाईं नै ख्रीष्ट हुनुहुन्छ भने, हामीलाई सत्य बताउनु होस्।"

येशूले तिनीहरूलाई भन्नुभयो, "यदि मैले म नै ख्रीष्ट हुँ भने, तिमीहरूले मलाई विश्वास गर्ने छैनौ। [६८]अनि यदि मैले तिमीहरूलाई सोधें भने त्यसको जवाफ पनि दिँदैनौ। [६९]तर अब उसो, मानिसको पुत्र परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नेछ।"

[७०]तिनीहरू सबैले भने, "त्यसो भए के तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ?" येशूले तिनीहरूलाई भन्नुभयो, "हो, तिमीहरूले जे भन्छौ, त्यो सही हो।"

[७१]तिनीहरूले भने, "हामीलाई अरू साक्षी किन खाँचो पऱ्यो? हामी आफैले उसले यसो भनेका सुनेका हौं!"

### बड़ा हाकीम पिलातसद्धारा येशूलाई प्रश्न

*(मत्ती २७:१-२, ११-१४; मर्कूस १५:१-५; यूहन्ना १८:२८-३८)*

**२३** त्यसपछि तिनीहरू सबै उठे अनि येशूलाई पिलातसकहाँ पुऱ्याए। [२]तिनीहरूले उहाँलाई दोष दिन थाले। तिनीहरूले पिलातसलाई भने, "उहाँले हाम्रा मानिसहरूलाई पथ भ्रष्ट गराँउदै थिए र हामीले उहाँलाई पक्रेका छौ। उहाँले सिजरलाई कर तिर्नु विरोध गर्नुहुन्छ। उहाँ दावी गर्नु हुन्छ, उहाँ ख्रीष्ट राजा हुन्छ।"

[३]पिलातसले येशूलाई भने, "के तपाईं यहूदीहरूका राजा हुनुहुन्छ?"

येशूले उत्तर दिनुभयो, "हो, त्यो सही हो।"

[४]पिलातसले मुख्य पूजाहारीहरू अनि अग्रज मानिसहरूलाई भने, "मैले यो मानिस माथि आरोप थोप्न कुनै दोष पाइन।"

[५]तिनीहरूले घरि-घरि भने, "तर यो मानिसले! यहूदीयाभरि मानिसहरूलाई उहाँको शिक्षाले उत्तेजित पारी रहनु भएको छ। उहाँले गालीलीमा शुरू गर्नुभयो, अनि अहिले यहीं हुनुहुन्छ।"

### पिलातसद्धारा येशूलाई हेरोदकहाँ पठाइन्छ

[६]यो सुने पछि यो व्यक्ति गालीलीबाट आएको हो होइन पिलातसले सोधे। [७]पिलातसले चाल पाए कि येशू हेरोदको क्षेत्रका थिए। त्यस समय हेरोद यरूशलेममा नै थिए। त्यसैले पिलातसले उहाँलाई हेरोदकहाँ पठाए। [८]जब हेरोदले येशूलाई देखे, उनी अत्यन्त खुशी भए। हेरोदले येशूको विषयमा सबै सुनेका थिए। यसैले धेरै दिनदेखि येशूलाई भेट्ने उनको इच्छा थियो। येशूले केही चमत्कार देखाउन् भन्ने हेरोदले आशा गरे। [९]हेरोदले उहाँलाई अनेकौं प्रश्नहरू गरे, तर येशूले कुनै उत्तर दिनुभएन। [१०]मुख्य पूजाहारीहरू र नियमका शास्त्रीहरू त्यहीं उभिरहेका थिए। तिनीहरू येशूको विरुद्ध दोष लगाएर कराइरहेका थिए। [११]तब हेरोद र तिनका सिपाहीहरूले येशूलाई खिसी गरे। तिनीहरूले येशूलाई राजाको पोशाक पहिराइ दिएर उहाँको खिल्ली उढ़ाए। त्यसपछि हेरोदले फेरि उहाँलाई पिलातस भएकहाँ नै पठाए। [१२]बितेका दिनहरूमा हेरोद र पिलातस माझ शत्रुता थियो। तर त्यसै दिन ती दुइमाझ मित्रता शुरू भयो।

### येशूको प्राणान्त

*(मत्ती २७:१५-२६; मर्कूस १५:६-१५; यूहन्ना १८:३९-१९:१६)*

[१३]पिलातसले मुख्य पूजाहारीहरू र यहूदी प्रमुखहरू लगायत सबै मानिसहरूलाई बोलाए। [१४]पिलातसले तिनीहरूलाई भने, "तिमीहरूले यो मानिसलाई मकहाँ ल्यायौ। तिमीहरूले भन्यौ कि यो व्यक्तिले मानिसहरूलाई उत्तेजित गराइरहेको छ। तर मैले तिमीहरूकै अघि उहाँलाई जाँचे। तर तिमीहरूले लगाएको कुनै पनि

दोषारोपनमा मैले उहाँमाथि कुनै दोष पाइन। १५त्यसरीनै हेरोदले पनि उहाँमा कुनै दोष देखेनन्। तिनले त्यसैले गर्दा उहाँलाई हामीकहाँ पठाएका हुन्। हेर, येशूले कुनै दोष गर्नु भएको छैन कि उहाँले मृत्यु दण्ड पाउन्। १६यसकारण, म उहाँलाई हलुका सजाय दिएर छोड़िदिनेछु।" १७*

१८तर सबै मानिसहरू चिच्याए, "उसलाई मार्नै पर्छ। बरू बरब्बासलाई छोड़िदिनुहोस्।" १९बरब्बासले शहरमा दङ्गा फैलाएको कारणमा झ्यालखानमा परेका थिए। त्यसले हत्या पनि गरेको थियो।

२०पिलातसले येशूलाई मुक्त गर्नु चाहन्थे। फेरि उनले येशूलाई छोड़िदिने बारे तिनीहरूसँग कुरा गरे। २१तर तिनीहरू चिच्याइरहे, "उसलाई क्रूसमा भुण्ड्याऊ, उसलाई क्रूसमा भुण्ड्याऊ।"

२२तेस्रोपल्ट पिलातसले मानिसहरूलाई भने, "किन? उहाँले त्यस्तो के गल्ती गर्नु भएको छ? उहाँ दोषी हुनुहुन्नँ। उहाँलाई मार्नै पर्ने केही कारण भेट्टाइँन। यसकारण सामान्य सजाय दिएर म उहाँलाई छोड़िदिनेछु।"

२३तर येशूलाई क्रूसमा भुण्डाएर मार्नु पर्छ भने विन्ति गर्दै मानिसहरू चिच्याइ रहे। २४तिनीहरू यति साह्रो चिच्याए कि पिलातसले तिनीहरूको निवेदन पुरा गर्ने निर्णय लिए। २५मानिसहरू बरब्बासलाई मुक्त गराउन चाहन्थे। बरब्बासले मानिसहरूको हत्या गरेको र आतङ्क फैलाएको आरोपमा कैदमा परेको थियो। पिलातसले बरब्बासलाई मुक्त गरिदिए। तिनीहरूको इच्छा अनुसार जे गर्नु चहान्थे त्यही गर्न तिनीहरूलाई येशूलाई तिनले सुम्पिए।

## येशूलाई क्रूसमा भुण्डाएर मारियो

*(मत्ती २७:३२-४४; मर्कूस १५:२१-३२; यूहन्ना १९:१७-२७)*

२६सिपाहीहरूले येशूलाई मार्न टाड़ा लगेर गए। त्यसैबेला एउटा मानिस खेतबाट आफ्नो शहरतिर फर्किरहेको थियो। त्यसको नाम शिमोन थियो। शिमोन साइरेनीवासी थिए। सिपाहीहरूले शिमोनलाई येशूको पछि-पछि क्रूस बोकेर हिँड़न बाध्य गराए।

२७धेरै मानिसहरू येशूको पछि लागे। कोही स्त्रीहरू दुखी भएर विलाप गरिरहेका थिए। २८तर येशूले फर्केर ती स्त्रीहरूलाई भन्नुभयो, "ए यरूशलेमका स्त्रीहरू हो, मेरो निम्ति नरोओ । तिमीहरू आफ्नै निम्ति र आफ्नो पुत्र-छोरीको निम्ति विलाप गर! २९समय त्यस्तो आइरहेको छ कि मानिसहरूले भन्नेछन्, 'धन्य हुन ती स्त्रीहरू जसले कहिल्यै पनि बालकहरूलाई दुध चुसाएनन्। ३०त्यसपछि मानिसहरूले पर्वतहरूलाई भन्नेछन्, 'हामीमाथि खस्!' अनि पहाड़लाई भन्नेछन्, 'हामीलाई छोप!'* ३१जब जीवन सुखी हुँदा यदि मानिसहरूले यस्तो कर्म गर्छन भने, जब नराम्रो समय आएको बेला के हुने होला?"

३२दुइजना अरू अपराधीहरूलाई पनि उहाँसँगै मार्न अघि लगाइएको थियो। ३३येशू र ती दुइ अपराधीहरूलाई "खप्पर" भन्ने ठाँउमा लगियो। सिपाहीहरूले येशूलाई काँटी ठोकेर क्रूसमा टाँगे। क्रूसको दुइ छेउमा तिनीहरूले ती दुइ अपराधीहरूलाई पनि टाँगे। तिनीहरूले एकजनालाई येशूको दाहिनेपट्टि र अर्कोलाई देब्रेपट्टि राखे। ३४येशूले भन्नुभयो, "पिता, तिनीहरूलाई माफ दिनुहोस किनभने तिनीहरू के गरिरहेछन्, जान्दैनन्।"

सिपाहीहरूले चिट्ठा उढ़ाएर उनको लुगाहरू बाँड़े। ३५मानिसहरू येशूलाई हेरेर उभिए। यहूदी प्रमुखहरू येशूलाई यसो भन्दै निन्दा गरे, "यदि ऊ नै परमेश्वरले छान्नु भएको, ख्रीष्ट हो भने, जसरी उसले अरूलाई बचायो उसले आफैलाई बचाउने काम गरोस?"

३६सिपाहीहरूले पनि येशूको खिल्ली उड़ाए। तिनीहरू येशूको नजीक गए अनि उहाँलाई दाखरस सँगको सिर्का-दिए। ३७ती सिपाहीहरूले भने, "यदि तिमी यहूदीहरूको राजा हौ भने आफैले आफैलाई बचाऊ।" ३८क्रूसको माथिल्लो भागमा यी शब्दहरू लेखिएको थिए: "यो यहूदीहरूको राजा हो।"

३९एकजना अपराधीले येशूलाई अपमान गर्दै भने, "के तपाईं ख्रीष्ट होइन? त्यसो हो भने आफुलाई बँचाउनुहोस् अनि हामीलाई पनि बँचाउनुहोस्।"

४०तर अर्को अपराधीले गाली गर्‍यो अनि भन्यो, "के तिमी परमेश्वरसँग डराउँछौ? हामी चाँड़ै मर्नेछौं। ४१तिमी र म अपराधी हौ; हामीले मर्नै पर्छ किनभने हामीले अपराध गरेका छौं। तर यस मानिसले केही भूल

---

**पद १७** लूकाको केही ग्रीक लिपिमा पद १७ जोड़िएको छ: किन कि प्रत्येक निस्तार चाड़को समयमा तिनले तिनीहरूको निम्ति कैदीहरू मध्ये एक जनालाई छोड़िदिनु पर्थ्यो।

**मानिसहरूले ... 'हामीलाई छोप!'** होशे १०:८।

गरेको छैन!” [४२]त्यसपछि उसले येशूलाई भन्यो, “हे
येशू! जब तपाईं राजा भएर शासन गर्नुहुन्छ त्यसबेला
मलाई सम्झनु होस्!”
[४३]तब येशूले त्यसलाई भन्नुभयो, “सुन! म जे
भन्दछु त्यो साँचो हो: आज नै तिमी पनि मसँग
स्वर्ग-लोकमा हुनेछौ!”

### येशूले प्राण त्याग्छन्

*(मत्ती २७:४५-५६; मर्कूस १५:३३-४१; यूहन्ना १९:२८-३०)*

[४४]मध्यान्हको समय थियो, अनि सारा देश भरि नै
तीन बजे सम्म अन्धकार छायो। [४५]सूर्यको उज्यालो
थिएन! मन्दिरको पर्दा दुइटुक्रा भएर वारपार च्यातियो।
[४६]येशू चिच्याउनुभयो, “पिता, म तपाईंलाई मेरो आत्मा
दिँदैछु।” यति भनेर उहाँले प्राण त्याग्नु भयो।
[४७]सैनिक अधिकारीले के भएको थियो देखे। तिनले
परमेश्वरको प्रशंसा गर्दै भने, “निश्चय यी मानिस
असल मानिस हुन्।”
[४८]धेरै मानिसहरू यो दृश्य हेर्न त्यहाँ भेला भएका
थिए। जब तिनीहरूले के भयो, देखे तिनीहरूले आफ्नो
हृदय ग्रहौं गराए अनि गए। [४९]येशूका घनिष्ट सबै
साथीहरू त्यहीं थिए। गालीलदेखि येशूलाई पछ्याएर
आउने केही स्त्रीहरू पनि त्यहाँ थिए। तिनीहरू क्रूसदेखि
धेरै टाढ़ामा थिए अनि हेरिरहेका थिए।

### अर मथियाका योसेफ

*(मत्ती २७:५७-६१; मर्कूस १५:४२-४७; यूहन्ना १९:३८-४२)*

[५०-५१]यहूदीहरूको अरमथिया शहरबाट आएको
एकजना मानिस थिए। तिनको नाउँ यूसुफ थियो। तिनी
असल र धार्मिक मानिस थिए। उ परमेश्वरको राज्य
आउन भनी पर्खिरहेका थिए। यूसुफ यहूदी महासभाका
सदस्य थिए। तर तिनले येशूलाई मार्ने अरू यहूदी
अगुवाहरूको निर्णयलाई तिनले सहमती दिएका थिएनन्।
[५२]तिनी पिलातसकहाँ येशूको शरीर माग्न गए। पिलातसले
तिनलाई येशूको शरीर दिन राजी भए। [५३]अनि यूसुफले
क्रूसबाट शरीरलाई तल ओहालेर एउटा लुगाले बेहे।
अनि तिनले येशूको शरीर लगे अनि चट्टानमा खनिएको
चिहानमा राखे। यो चिहान अघि कहिल्यै चलाइएको
थिएन। [५४]त्यो तयारीको दिन थियो। जब सूर्य अस्ताँउथ्यो,
शबाथको दिन शुरू हुनेथ्यो।

[५५]गालीलबाट येशूसँगै आएका स्त्रीहरूले यूसुफलाई
पछ्याउन लागे। तिनीहरूले चिहान अनि त्यस भित्र
शरीर कसरी राखिएको थियो देखे। [५६]त्यसपछि तिनीहरू
सुगन्धित मसाला तयार पार्न घर गए।
विश्रामको दिन मोशाको नियमको आदेश अनुसार
तिनीहरूले विश्राम गरे।

### येशू मृत्युबाट बौरी उठे

*(मत्ती २८:१-१०; मर्कूस १६:१-८; यूहन्ना २०:१-१०)*

**२४** सप्ताहको पहिलो दिन सखारै येशूको शरीर
राखिएको चिहानमा आईमाईहरू आए। तिनीहरूले
तयार पारेको सुगन्धित-मसलाहरू ल्याए। [२]चिहानको
प्रवेशद्वारा बन्द गर्नलाई एउटा ठूलो ढुङ्गा राखिएको
थियो। तर तिनीहरूले त्यो ढुङ्गा चिहान देखि कतै
गुड्याइ पठाएको पाए। [३]तिनीहरू भित्र पसे तर प्रभु
येशूको शरीर देखेनन्। [४]जब तिनीहरू यस विषयमा
अलमल्ल परिरहेका थिए, दुइजना मानिसहरू अति नै
उज्यालो पहिरनमा तिनीहरूको समिपमा उभिए। [५]ती
स्त्रीहरू अत्यन्त डराए, तिनीहरूले आ-आफ्ना शीर
निहुराए। ती दुइ मानिसहरूले ती स्त्रीहरूलाई भने,
“जीउँदो मानिसलाई तिमीहरू किन मरेकोहरूको माझमा
खोजिरहेका छौ? [६]येशू यहाँ छैनन्। उहाँ मृत्युबाट बौरी
उठनु भएको छ। उहाँले गालीलमा तिमीहरूलाई भन्नु
भएको कुरा थाहा छ? [७]उहाँले भन्नु भएको छ कि
मानिसको पुत्रलाई पापीको हातमा सुम्पिइनेछ, क्रूसमा
टाँगिनेछ, अनि मरेको तेस्रो दिन बौरी उठ्नेछन्।” [८]तब
ती स्त्रीहरूले येशूले के भन्नु भएको थियो सम्झना
गरे।
[९]ती स्त्रीहरूले चिहान छोड़े अनि एघारजना प्रेरितहरू
र अरू चेलाहरू भएकहाँ गए अनि सबै यी घटनाहरू
बारे तिनीहरूले भने। [१०]ती स्त्रीहरू मरियम मग्दलिनी,
यूहन्ना याकूबकी आमा मरियम र अरू स्त्रीहरू थिए।
तिनीहरूले ती प्रेरितहरूलाई भएका सबै घटनाहरू
सुनाए। [११]तर प्रेरितहरूले ती स्त्रीहरूले तिनीहरूलाई
भनेका कुरालाई फोस्रो सम्झेर पत्याएनन्। [१२]तर पत्रुस
जुरूक्कै उठ्यो अनि चिहान तिर दगुर्‍यो। त्यो निहुरियो
अनि हेर्‍यो। सुतीको लुगा जुन येशूको शरीर लपेटिएको
थियो वाहेक उसले केही देखेन। जे भएको थियो त्यस
विषयमा अन्योलमा पर्दै त्यो घर गयो।

## इम्माउसको बाटोमा

*(मर्कूस १६:१२-१३)*

१३त्यसै दिन येशूका दुइजना चेलाहरू इम्माउस नाउँ गरेको शहर गइरहेका थिए। यो ठाउँ यरूशलेमदेखि सात माइल टाढ़ो पर्थ्यो। १४तिनीहरूले घटेका ती सब घटनाहरू बारे कुरा गरिरहेका थिए। १५जब तिनीहरू यी कुराहरू गरिरहेका थिए, येशू आफै तिनीहरूको नजिक आउनुभयो अनि तिनीहरूसँगै हिँड्नु भयो। १६तर ती दुइजनालाई येशूले चिन्न दिइएको थिएन। १७त्यसपछि येशूले भन्नुभयो, "तिमीहरूले हिँड्दै गर्दा के विषयमा बात गरेको हो?"

ती दुइजना रोकिए। तिनीहरूको अनुहार दुःखी देखियो। १८तिनीहरू मध्ये एकजना क्लेओपास नाउँ भएकोले भने, "यरूशलेमको एकजना मानिस यरूशलेममा घेटेको घटनाहरू बारे नजान्ने व्यक्ति सायद तिमी मात्र हौकी।"

१९येशूले तिनीहरूलाई भन्नुभयो, "कस्तो घटनाहरू?"

तिनीहरूले उहाँलाई भने, "यो नासरतको एकजना व्यक्ति येशूको विषयको कुरो हो।" उहाँले परमेश्वर अनि मानिसहरूको अघि कर्म अनि वचनले देखाउनु भयो कि उहाँ एकजना महान अगमवक्ता हुनु हुन्थ्यो। २०तर हाम्रा मुख्य पूजाहारीहरू अनि नेताहरूले उहाँलाई मृत्यु दण्ड दिनु औ क्रूसमा टँगाउनु सुम्पिए। २१हामीले आशा गरेका थियौ कि उहाँ नै एक जना हुनु हुन्थ्यो जसले इस्राएललाई मुक्त गराउँनु हुँदै थियो। तर यी सब घटनाहरू घटे। यी सब घटना घटेको आज तेस्रो दिन हो। २२तब आज हाम्रा केही स्त्रीहरूले हामीलाई आश्चर्यचकित कुराहरू भने। बिहानै उठेर ती स्त्रीहरू येशूलाई राखिएको चिहानमा गए। २३तर तिनीहरूले उहाँको शरीर त्यहाँ पाएनन्। तिनीहरू फर्के अनि तिनीहरूले दुइजना स्वर्गदूतहरूको दर्शन पाएको कुरा बताए। स्वर्गदूतहरूले भने कि येशू जीवित हुनुहुन्छ! २४त्यसपछि हाम्रा केही मानिसहरू पनि चिहानमा गए। ती स्त्रीहरूले भने झैँ चिहान खाली थियो। तिनीहरू कसैले येशूलाई देखेनन्।"

२५तब येशूले तिनीहरूलाई भन्नु भयो, "तिमीहरू मूर्ख हौ अनि अगमवक्ताहरूले भनेको प्रत्येक कुराहरू विश्वास गर्न ढिलो गर्‍यौ। २६ती अगमवक्ताहरूले भनी सकेका थिए कि ख्रीष्टलाई उहाँको गौरव भित्र पस्न यी सब कुराहरू भोग्नु आवश्यक थियो।" २७त्यसपछि येशूले धर्मशास्त्रमा मोशा देखि लिएर अन्य जम्मै अगमवक्ताहरूद्वारा जे लेखिएको थियो प्रत्येक कुरो बताउनु शुरू गर्नु भयो। धर्मशास्त्रहरूमा उनी आफ्नु विषयमा जे लेखिएको थियो उहाँले बताउनु भयो।

२८जब तिनीहरू इम्माउस छेउ पुगे अनि येशूले वहाना गर्नु भयो कि उहाँ त्यहाँबाट अझै जानु छ। २९तर तिनीहरूले उहाँलाई यसो भन्दै अनेक बिन्ती गरे, "हामीसितै बस्नुहोस्, दिन धेरै बिन्ती सक्यो: प्रायः रात परी सक्यो!" तब उहाँ तिनीहरूसँग बस्नु राजी हुनु भयो।

३०येशू जब मेचमा उनीहरूसँग बस्नु भयो उहाँले केही रोटीहरू लिनु भयो अनि त्यसको निम्ति धन्यवाद दिनु भयो। तब तिनले त्यो टुक्रा पार्नु भयो अनि तिनीहरूलाई दिनुभयो। ३१त्यस बेला तिनीहरूको आँखा खोलियो अनि तिनीहरूले येशूलाई चिन्न सके तर उहाँ तिनीहरूबाट विलिन हुनु भयो। ३२ती दुइजना आपसमा बात मारे, "जब येशू बाटामा हामीसँग बात गर्नु हुँदै थियो, हामीभित्र आगो जलिरहेको अनुभव गरेका थियौ। यो साँचै रोमांचित थियो कि जतिवेला उहाँले हामीलाई धर्मशास्त्रको साँचो अर्थ खोलिरहनु भएको थियो।"

३३तब ती दुइजना जुरूक्क उठे अनि यरूशलेमतिर फर्किए। तिनीहरूले एघार जना प्रेरितहरू र अरू एक साथ एक ठाउँमा भेला भएका थिए। ती एघार चेलाहरू र तिनीहरूसँग भएका अरू मानिसहरूले भने, ३४"प्रभु येशू साँच्चै नै मृत्युबाट बौरी उठ्नु भएको छ अनि उहाँ शिमोनको अघि देखा पर्नु भयो।"

३५त्यसपछि ती दुइजनाले बाटोमा जे भएको थियो सुनाए। तिनीहरूले भने, उहाँले रोटी टुक्रा पार्दा कसरी येशूलाई चिने।

## येशू चेलाहरू सामु देखा पर्नु भयो

*(मत्ती २८:१६-२०; मर्कूस १६:१४-१८; यूहन्ना २०:१९-२३; प्रेरित १:६-८)*

३६जब ती दुइजना मानिसले यी कुराहरू गर्दै थिए, येशू आफै चेलाहरूको माझमा उभिनु भयो। उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति होस्।"

३७तर चेलाहरू अचम्भित भए अनि डराए। तिनीहरूले प्रेत देखिरहेछन् भन्ने पनि सोचे। ३८तर उहाँले भन्नुभयो,

“तिमीहरू किन विचलित हुन्छौ? तिमीहरूले देखेकै
कुरामा किन शंका गर्छौ? [३९]मेरा हात र खुट्टाहरू हेर।
म साँच्चै हुँ। मलाई स्पर्श गर। हेर, मेरो मासु र हड्डी
छ। एक भूतको शरीर र हड्डी हुँदैन।”

[४०]तब येशूले आफ्ना हातहरू खुट्टाहरू देखाउनु
भयो। [४१]तिनीहरू अत्यन्तै खुशी भएको कारणले अझ
विश्वास गर्न सकेनन्। तिनीहरू अचम्भित भए। येशूले
तिनीहरूलाई भन्नुभयो, “के तिमीहरूसित यहाँ खाने
कुरा छ?” [४२]तिनीहरूले एकटुक्रा पकाएको माछा
उहाँलाई दिए। [४३]त्यो लिनु भयो तिनीहरूको अघि खानु
भयो।

[४४]उहाँले तिनीहरूलाई भन्नुभयो, “जब म तिमीहरूसँग
थिएँ मैले के भने त्यो सम्झना गर। मैले भने, मोशाको
व्यवस्थामा अगमवक्ताहरूको पुस्तकमा मेरो विषयमा
भनिएको अनि भजन संग्रहमा भनिएका प्रत्येक कुरा पुरा
हुनेछ।”

[४५]त्यसपछि उहाँले धर्मशास्त्रहरूमा लेखिएका सबै
कुराहरू बुझ्न मन खोली दिनु भयो। [४६]उहाँले तिनीहरूलाई
भन्नुभयो, “यो लेखिएकै छ कि ख्रीष्टलाई मारिनेछ
अनि तेस्रो दिनमा उहाँ बौरी उठ्नु हुनेछ। [४७-४८]तिमीहरूले
यी सबै घटना देख्यौ, तिमीहरू नै साक्षी छौं। तिमीहरू
जानु पर्छ अनि सबै मानिसहरूमा प्रचार गर कि
तिनीहरूको पापहरू क्षमा गर्न सकिन्छ। तिनीहरूलाई
भनिदेऊ कि तिनीहरूले आफ्नो हृदय परिवर्तन गर्नै पर्छ
अनि आफ्ना पापहरूको दुःख प्रकट गरून्। यरूशलेमबाट
शुरू गरेर मेरो नाममा यी कुराहरू प्रचार गर। सारा
संसारका मानिसहरूमा यो सुसमाचारहरू सुनाउनै पर्छ।
[४९]सुन! मेरा पिताले तिमीहरूको निम्ति केही दिने
प्रतिज्ञा गर्नु भएको छ; म यो तिमीहरूलाई पठाउनेछु।
तर तिमीहरू स्वर्गबाट शक्ति प्राप्त नगरून्जेल यहाँ
यरूशलेममा नै पर्खिरहो।”

### येशूको स्वर्गारोहण

*(मर्कूस १६:१९-२०; प्रेरित १:९-११)*

[५०]येशूले आफ्ना चेलाहरूलाई बेथानीसम्म लैजानुभयो।
उहाँले आफ्नो हात उचाल्नु भयो अनि तिनीहरूलाई
आशीर्वाद दिनु भयो। [५१]उहाँ तिनीहरूलाई आशीर्वाद
दिंदै गर्दा, उहाँ तिनीहरूबाट छुट्टिनु भयो अनि स्वर्गमा
लगियो। [५२]चेलाहरूले उहाँको आराधना गरे। त्यसपछि
तिनीहरू यरूशलेम फर्किए। तिनीहरू अत्यन्तै खुशी
थिए। [५३]सारा समय परमेश्वरकै प्रशंसा गर्दै तिनीहरू
मन्दिरमा बसे।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html